# एक सिद्ध मानिसको कद

धन्यवाद, भाई नेभिल। प्रभुले तपाईलाई आशिष दिनुभएको होस्।

यस बिहान फेरी पनि मण्डलीमा फर्केर आउन पाउँदा खुसी लागेको छ। तपाई सबैलाई, एउटा न्यानो "शुभ प्रभात।" र म विश्वास गर्छु कि यो हामीहरु सबैको लागि एउटा महान दिन हुनेछ, हाम्रो—हाम्रो प्रभुको उपस्थितिमा। र अब मैले आज बिहान एउटा पाठ पाएँ। म सिधै यस पाठमा जान चाहन्छु, किनभने यो एउटा...मलाई लाग्छ यो महत्वपूर्ण छ। र यो एउटा...र भीडलाई यति विचलित हुनबाट जोगाउन, तपाईलाई थाहा छ, लामो समयसम्म बस्नुपर्छ, धेरै जना उभिदै हुनुहुन्छ। म सिधै पाठमा जानेछु।

2 र अब, आजराति, म *मेरो जीवनको मार्गदर्शक* को विषयमा बोल्न चाहन्छु। र म आशा गर्दछु धेरै जसो हुनसक्छ, जतिले सक्नुहुन्छ, आजरातिको लागि, त्यस समयमा उपस्थित हुनुहुनेछ। यद्धपि, यदि तपाईको आफ्नै मण्डली छ भने, हामीहरु...अवश्य पनि, तपाई आफ्नो मण्डलीमा—भएको हामी चाहन्छौ। तपाई त्यहाँ हुनु त्यो तपाईको कर्तव्य हो, जहाँ तपाईको दायित्व छ, तपाईको ज्योति चम्किन दिनुहोस्।

3 अब, हामी त्यो आशा राखिरहन्छौ, हरेक पटक जब तपाई फर्केर आउनुहुन्छ, हामीसंग वरिपरी अलि बढि ठाउँ हुनेछ। तर यससंग हामीलाई समस्या भईरहेको छ, ओ, जताततै। ती ट्रस्टी समितिले पक्कै पनि सबैकुरा खोतलेका छन्। र तिनीहरुले एउटा ठाउँमा पठाउछन्, तिनीहरुले यसलाई ठिक गर्नेछन; त्यसपछि यसलाई कुनै अर्को ठाउँमा पठाउछन्, र तिनीहरुले यसलाई खारेज गर्छन्। र यसलाई फिर्ता पठाउछन्, र तिनीहरुले यसलाई *यहाँनिर* ठिक छ भन्छन्, र पछाडि। ओ, हामीले कस्तो समय बिताएका थियौ! तर, तपाईलाई थाहा छ, शैतान सधै जे सहि कुरा छ त्यसको प्रतिद्वन्धि हो। केवल याद गर्नुहोस्, तपाई सधै सहि हुँदा...

4 म सोच्दै थिए तपाई कहाँ हुनुहुन्थ्यो, एन्थोनी। तपाईले आफ्नो बुवालाई भेटेको मैले देखे। र मैले पारी हेरे, बाहिर दर्शक तर्फ। उहाँले भन्नुभयो कि तपाई त्यहाँ हुनुहुन्थ्यो। न्यू योर्कबाट भाई मिलानो, हामीहरु तपाई र तपाईको बुबालाई यहाँ पाउँदा खुसी छौ। आशा छ, यो पाली विदेश

जाँदा, मैले अर्को वसन्तको छुट्टि पाउँछु, त्यहाँ न्यू योर्कमा, त्यहाँ कतै, यदि प्रभुको इच्छा भए।

5 र त्यसैले हामी तपाईहरु सबैको निम्ति खुसी छौ। बस—बस तपाईहरु यहाँ हुनु राम्रो हो।

6 र हामीले गत राति राम्रो समय बितायौ, वा कमसेकम मैले बिताएँ। मसंग एउटा...[मण्डलीलके भन्छ, "आमेन।"—सम्पा।] "र यशैया मन्दिरमा।" र त्यसैले तपाई...

7 र त्यो बिहान, हामीहरु यो विषयमा बोल्न चाहन्छौ, वा सिकाउन चाहन्छौ, बरु, यदि हामीले सके, "जीवित पवित्रस्थानको निर्माण; जीवित परमेश्वरको वासस्थान जीवित पवित्र स्थान निर्माण—निर्माण गर्ने, सिद्ध मानिस; जीवित परमेश्वरको जीवित वासस्थान, जहाँ उहाँ वास गर्नुहुन्छ।" र यदि...

8 म बुझ्छु कि तिनीहरुसंग यी केहि राम्रा गायन छन् यहाँ। मैले त्यो सुन्न पाईन। र आजराति, म यहाँ तल आउनेवाला छु। मेरी श्रीमतीले मलाई एउटा भाई अनग्रेनको बारेमा बताईन्, मलाई लाग्छ उहाँको नाम त्यो थियो, तल—टेनेसीबाट हुनुहुन्छ। अब, उहाँ गत राति यहाँ हुनुहुन्थ्यो। आज बिहान म उहाँलाई देख्दिन, तर मलाई लाग्छ उहाँ यता कतै हुनुहुन्छ। र आज राति उहाँले गाएको म सुन्न चाहन्छु, यदि मैले सके भने, त्यो, या त *उहाँको महिमाबाट तल,* वा *महान ईश्वर* हो। म त्यो सुन्न चाहन्छु। तपाईहरु कतिजनाले भाई अनग्रेनलाई सुन्न चाहनुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] ओ, म—मलाई राम्रा गायन मन पर्छ। र मेडा उहाँसंग त्यो एक प्रकारको ब्यारीटोन छ। र यसले मलाई हाम्रो भाई ब्याक्सटरको सम्झना दिलाउँछ; उहाँ पनि, एक गायक हुनुहुन्छ, जस्तो कि हामी सबैलाई थाहा छ। र *उहाँको महिमाबाट तल,* वा *महान ईश्वर।* म विश्वास गर्छु कि मैले उहाँलाई फेला पारेको छु अब, यहाँ...त्यो एकदम ठिक छ, भाई अनग्रेन, आज राति, यदि तपाई चाहनुहुन्छ भने, यदि तपाई यहाँ बस्नु हुन्छ भने? तपाई बस्नुहुनेछ, वा रातको सेवाको लागि बस्न कोशिष गर्नुहुन्छ? ठिक छ, म—म...ठिक छ, नगर्नुहोस्...म तपाईलाई भन्छु, यो कस्तो छ, यदि हामी...म कसैलाई पनि कुनै विभाजन बनाउन चाहन्न। तर किन हुदैन, यदि हामी गर्छौ भने, *सात मोहोरको* समयमा, जब हामी त्यो प्रचार गर्छौं, यदि तपाई आउनुहुन्छ भने। म त्यसलाई टेपमा राख्न चाहन्छु,

तपाई देख्नुहुन्छ, यो पाउनको लागि, *महान ईश्वर,* र, साथसाथै, *उहाँको महिमाबाट तल,* त्यो समयमा।

9 ओ, के प्रभुलाई सेवा गर्नु अद्भूत छैन र? मलाई थाहा छैन म के गर्थे यदि म एउटा इसाई नभएको भए!...?...एउटा इसाई हुनु कति राम्रो हो। मलाई मेरो ठूलो आवाजले, माथि–र–तल उफ्रिदै कराउ जस्तो भईरहेको छ। एक इसाई हुनुमा, यसको बारेमा सोच्नुहोस्, सबैकुरा ख्रीष्टमा राखिएको छ!

10 मलाई थाहा छ म हरेक पटक यो मान्छेको नाम गलत बोलाउँछु। यो कि त एस.टि. या टि.एस., वा केहि त्यस्तै छ। सम्नर, भाई सम्नर। उहाँ...म उहाँलाई र उहाँको अमूल्य सानी पत्नीलाई धन्यवाद दिन चाहन्छु। मलाई लाग्छ उनले लगभग बिताएकी थिईन्, यो यस्तो देखिन्छ, लगभग छ महिनासम्म, *सात मण्डलीका युगहरु* टाईप गर्नको लागि। अब हामीले यसलाई यहाँ फिर्ता पायौ, टाईप गरीएको छ, प्रमाणीकरणको लागि तयार छ, र पुस्तकको रूपमा जाँदैछ, *सात मण्डलीका युगहरु।* बहिनी सम्नर, तपाई जहाँकहिँ पनि हुनुहुन्छ, साच्चै नै तपाईले हामीलाई त्यसको लागि तिर्न दिनुहुनेछ। त्यो, त्यसले धेरै मेहेनत लगायो। किन, यो *त्यति* मोटो छ। यसले मलाई यो बाट भएर पढ्नको लागि लगभग छ महिना लाग्नेछ, यसलाई टेपबाट निकाल्नुपर्दैन, र त्यसपछि यसलाई घुमाउनुहोस् र दोहोरिएकोलाई बाहिर निकाल्नुहोस, र यसलाई एउटा पुस्तकमा बनाउनुहोस्। हामी यसलाई तयार पार्नेछौ र यसलाई तुरुन्तै प्रेसमा पठाउनेछौ, किनकि हामीलाई लाग्छ कि यो एउटा चिज हो जुन मानिसहरुले अहिले थामिराख्नुपर्छ, र तपाईले यसलाई पढ्न सक्नुहुन्छ। र बिल्लीले मलाई देखाउदैथियो, जब म त्यहाँ पछाडि आएँ, केहि मिनेट अगाडि, त्यो—त्यो—त्यो यो—यो प्रिन्टरमा जानको लागि अहिले तयार थियो। त्यसैले बहिनी, मण्डलीले तपाईलाई त्यसको निम्ति पैसा तिर्नेछ। म तपाईलाई त्यो सित्तैको निम्ति गर्नको लागि आशा गर्दिन। र—र या कि त हामीले...यदि हामीले पुस्तक पायौ र यसको लागि मूल्य राख्यौ भने, वा केहि त्यस्तै, हामीले एउटा मूल्य राख्नेछौ ताकी जब तिनीहरुले यो बेच्नेछन् तपाईले केहि कुरा पाउनुहुनेछ, जे केहि पनि यो हुन्छ गर्नेछौ। तपाई केवल समितिसंग कुरा गर्नुस्, ट्रस्टी बोर्डलाई, वा त्यहाँ भएका केहिलाई, र तिनीहरुले तपाईको लागि यसको हेरचाह गर्नेछ। तपाईलाई प्रभुले साच्चै नै राम्रो आशिष दिनुभएको होस्।

11 सानो वृद्धा भाई र बहिनी किड यहाँ बसिरहनुभएको छ, लगभग एकसय भन्दा कम, केवल थोरै कम। र मैले उहाँलाई केहि समय अगाडि भेटे, र उनले भनिन्, "ठिक छ, यो शायद अन्तिम पटक होला मैले तपाईलाई देख्ने, भाई बिल्ली।" भनिन्, "म धेरै वृद्धा भईसकेको छु।"

12 मैले भने, "ओ, मेरो! म तपाईले यसो भनेको सुन्न चाहन्न। तपाई एक सानो बुढा आमा र बुबा जस्तै हुनुहुन्छ।" हामीहरु भाई र बहिनी किडलाई माया गर्छौं। हामी, हरेकले, गर्नुहुन्छ। र यो केवल...

13 म उहाँहरु मण्डलीमा हिडिरहेको, र त्यस्तो एक सानो वृद्ध जोडि देख्दा यसले मलाई केहि गर्छ। र बस सोच्नुहोस्, उहाँहरु म जन्मनुभन्दा अघि देखि सुसमाचार प्रचार गर्दै हुनुहुन्थ्यो। र म नै बुढो मानिस हुँ। हो, बस सोच्नुहोस्, म जन्मनुभन्दा अगाडि देखि उहाँहरुले प्रचार गर्दै हुनुहुन्छ। र यहाँ म छु अहिले, म यो सोचिरहन्छु कि म बुढो हुँदैछु। म केवल बन्द गर्नको लागि तयार बारे सोचिरहेको छु। म भाई र बहिनी किड भित्र आईरहनुभएको देख्छु, "परमेश्वरको महिमा होस्! हाल्लेलुयाह!" म भन्छु, "होइन, म ठिक महसूस गर्दैछु।" हो, श्रीमान। उहाँहरुलाई देख्दा, कसरी उहाँहरुले सक्नुहुन्छ, उहाँहरुले वास्तवमा कसरी तपाईलाई प्रेरणा दिनुहुन्छ!

14 तब तपाईले महसूस गर्नुहुन्छ कि, मेरो उमेरको नजिक, फेरी, र अझै पनि कार्यक्षेत्रमा गईरहनुभएको छ। आज बिहान तल आउनुभयो र पुस्तकको लागि सोध्नुभयो, यदि उहाँहरुले पुस्तक लिएर बिक्रि गर्न सक्छन्। टेपहरु चाहन्छन्, ताकी उहाँहरु बाहिर जान सकून्, यी टेपहरु बजाएर प्राणहरु बचाउन सकून्, लगभग सय वर्षको उमेरमा। अब तपाईको "दुईवटा पखेटाहरु" कहाँ छन् जसको बारेमा हामीहरुले गएको राति कुरा गर्दैथियौ? हो। मैले सोच्न थाले, "मेरो कहाँ छ?" जब उहाँले त्यो—त्यो हिजो भन्नुभयो। तपाई कति वर्षको हुनुहुन्छ, बहिनी किड? [बहिनी किडले भन्नुहुन्छ, "म एकासी हुँ"—सम्पा।] एकासी। तपाई कति वर्षको हुनुहुन्छ, भाई टम? [भाई किडले भन्नुहुन्छ, "बयासी।"] एकासी र बयासी वर्ष, र अझै पनि आफ्नो पखेटाहरु चलाउदै हुनुहुन्छ, कार्यमा, अझै जाँदै हुनुहुन्छ।

15 ओहायोमा केहि पनि गलत हुन्छ, जसको बारेमा बहिनी किडलाई थाहा हुन्छ, घरमा फोन बज्छ। अर्को दिन, उहाँले घण्टी बजाउनुभयो,

र एउटा सानो बच्चा, एउटा सानी बच्ची, मलाई लाग्छ यो, यो भर्खरै जन्मिएको थियो, र यसको बाहिरको भागहरुमा आन्द्राहरु थियो। [बहिनी किडले भन्नुहुन्छ, "मूत्राशाय।"—सम्पा।] मूत्राशय, बच्चीको बाहिरी भागमा थियो। र डाक्टरलाई यसको बारेमा के गर्ने भन्ने कुरा थाहा थिएन, र उनी शल्यक्रिया गर्न डराए। हामीले प्रार्थना गर्यौं। ["शल्यक्रिया भयो, भाई ब्रन्हाम, र यसलाई फिर्ता राखियो, किनभने, तिनीहरुले भनेका थिए, 'यो बाँच्न सक्दैन।' र तिनीहरुले केवल उसको आन्द्राहरु भित्र राखे।"] आन्द्रालाई भित्र राखे, शल्यक्रिया गरेर, र यो बाँच्न सक्दैन भनि सोचेका थिए। र यो बाँच्यो। ["बाटो छैन।"] त्यसबेला कुनै बाटो—बाटो थिएन... मलद्वारबाट, खानालाई त्यसबाट जानको निम्ति। र बहिनी किडले फेरी कल गर्नुभयो। हामीले फेरी प्रार्थना गर्यौं, र उसंग अहिले सामान्य बाटो छ। र यहाँ उनी छिन्, एउटा साक्षीको रूपमा; डाक्टर, पनि। बुझ्नुभयो? यो साक्षी हो कि प्रभु येशू, महान सृष्टिकर्ता हुनुहुन्छ! हेर्नुहोस् शैतानले के गर्न खोज्यो? त्यो बच्चाको जीवन काट्न खोजेको थियो। र त्यसपछि, हेर्नुहोस्, त्यसपछि मलाई लाग्छ कि महिला प्रभुमा आउछन्। ["उनी फर्केर प्रभुमा आईन्, ठिक मेरो घरमा।"] प्रभुमा फर्केर आउनुहोस्। बहिनी किडले उनको बच्चाको लागि यो महान चमत्कार भएपछि, उनलाई ख्रीष्टमा अगुवाई गरी फिर्ता ल्याउनुभयो।

16 मलाई क्यालिफोर्नियाबाट कल आएको थियो, हिजो, एउटा सानो भाई त्यहाँ बाहिर सेवा गर्छन्, जो मसंग हुनुहुन्थ्यो जब म पहिलो पटक क्यालिफोर्नियामा गएको थिएँ, धेरै वर्ष अगाडि। उहाँको सानो नाती चार—चारओटा...मुटुमा तिन ओटा बन्द भल्भसंगै जन्मिएको थियो। र मैले उहाँलाई त्यो केसको बारेमा भने। मैले भने, "त्यो परमेश्वर जसले यी अन्य कुरा सृष्टि गर्नसक्नुहुन्छ र यसलाई सहि बनाउनसक्नुहुन्छ, उहाँले निश्चित रूपमा तपाईको नातिलाई पनि निको पार्न सक्नुहुन्छ।" केवल केटालाई एउटा राम्रो साहसको साथ रहनलाई भन्नुहोस्।

17 र केटा सभामा थियो जब म पहिलो पटक क्यालिफोर्नियामा थिएँ, आजभन्दा करिब अठार वर्ष पहिले, सोह्र वर्ष पहिले, यो भएको थियो। र म क्यालिफोर्नियामा थिएँ। र ऊ...सभा यतिसम्म प्रभावित भयो कि केटा... जब तिनीहरुले बच्चा पाए, र यो जन्मिएको थियो, र त्यहाँ केहि खराबी छ भनि तिनीहरुले देखे, यो निलो थियो, र तिनीहरुले उसमा अक्सिजन पम्प गर्ने प्रयास गरे, र यस्तै। र यो बाँच्छ जस्तो देखेको थिएन, र त्यसपछि

डाक्टरहरुले तब जाँच गरे, र उसको मुटुमा तिनओटा भल्भ बन्द भएको पत्ता लगाए। कत्तिपनि खुलिएको थिएन, हेर्नुहोस्, केवल—केवल एउटा भल्भ मात्रै पम्प हुँदै थियो। र उसले आफ्नो बुबालाई बोलायो, र भन्यो, "बुबा, भाई ब्रन्हामलाई, ठिक अहिले कल गर्नुहोस्। उहाँलाई त्यो सबै भन्नुहोस्...'बस ख्रीष्टलाई माग्नुहोस्। उहाँले यो गर्नुहुनेछ।'" त्यति नै हो। ओ, मेरो! त्यो प्रभाव, जे तिनीहरुले देख्छन्, हेर्नुहोस्, जसको बारेमा हामी, गत राती कुरा गरेका थियौ। सहि समय सहि कुरा।

18 ठिक छ, हामी बोलि नै रहन्छौ, कहिल्यै पनि पाठमा पुग्दैनौ, होइन र? यो चिसो बिहानीमा उखुसार जस्तै हो, यो जत्तिको बाक्लो हुनसक्छ त्यो भएको थियो, तपाईलाई थाहा छ, र सबै एकै ठाउँमा टाँसिएको थियो। हामीहरु त्यस्तो खालको संगति गर्नमा खुसी छौ। हो, श्रीमान।

19 त्यसैले आउनुहोस् हामी आफैलाई शान्त राखौ, अब, र तल पाठमा जाऔ। जान्छौ होला...मलाई थाहा छैन तपाईले त्यो देख्नुहुन्छ या देख्नुहुन्न, कालोपाटीमा। हुनसक्छ यदि मैले त्यो *त्यसरी* फर्काए भने, केहि क्षणमा, किन, हामीहरु देख्न सक्छौ, अब, तपाईहरु मध्ये केहि, केहि... [भाई एडगर "डक" ब्रन्हामले भन्नुहुन्छ, "यसमा स्थान चाहनुहुन्छ?"—सम्पा।] के भन्नुहुन्छ? ["यसमा स्थान चाहनुहुन्छ?"] होइन, मलाई त्यस्तो लाग्दैन, अहिले, डक। केवल शायद थोरै। ["ठिक भुँईमा, म यसमा स्थान राख्न सक्छु।"] ठिक छ, हामी—हामीहरु त्यो गर्नेछौ जब म केहि...यहाँनिर एउटा स्थान पाएको छु? ठिक छ। आउनुहोस् ठिक यसमा फर्कौ। के त्यहाँ पछाडि देख्न सक्नुहुन्छ? तपाई सक्नुहुन्छ? यदि तपाईले देख्नसक्नुहुन्छ भने, आफ्नो हात उठाउनुहोस्, यदि तपाईले त्यो कालोपाटी देख्न सक्नुहुन्छ भने, त्यसलाई ठिक त्यहाँनिर पढ्नुहोस्। होइन। ठिक छ। स्थान लिनुहोस्। अब, उहाँहरुले त्यसको लागि तयार गर्दै गर्दा...

20 म आज बिहान ढिलो शुरू गर्दैछु; वा, होइन, होइन, लगभग पन्ध्र मिनेट चाडो। र त्यसैले, तब, हामीहरु केवल आफ्नो समय अब लिनेछौ, किनभने हामी हतारमा हुन चाहँदैनौ। जब तपाई हतारमा हुनुहुन्छ, त्यसबेला तपाईले भन्न लाग्नु भएको सबैकुराहरु बर्बाद गर्नुहुन्छ। अब, म टेपमा सुनिरहेको थिएँ, अर्को दिन, जस्तो मैले तपाईलाई भनेको थिएँ, र म आफैमा यति लज्जित भए; मैले भनेको कुरामा होइन, तर मैले चाडो चाडो भनिरहेको तरिकामा,

र यो केवल अत्तालिएको आवाज थियो। पर्खिरहेको जस्तो मैले महसूस गरे। यो...

21 म—मैले भर्खरै अर्को दिन देखेको थिए जहाँ तिनीहरुले एउटा ठूलो चिडियाखाना निर्माण गर्न जाँदै थिए, यहाँ लुइसभिलको बीचमा। र श्रीमान ब्राउन, मलाई लाग्छ उहाँ हुनुहुन्थ्यो, त्यहाँनिर, जसले चिडियाखानाको लागि दस लाख डलर दिनुभएको थियो। ठिक छ, यदि मसंग यो भएको भए, म लगभग त्यो पशुहरुलाई मुक्त छोडिदिनको लागि दिने थिए। म—म त्यस्तो कुनै पनि कुरालाई थुनामा राख्ने कुरामा विश्वास गर्दिन। म केवल... म चिडियाखानामा जान्छु र त्यो बिचरा पशुहरु, भालू, र सिंहहरु, र त्यस्ता कुराहरु लाई हेर्छु, अगाडि र पछाडि हिड्दै, जीवनको लागि कैद, तपाई देख्नुहुन्छ। तपाईलाई नराम्रो महसूस गराउँछ। आखिर, तिनीहरु एक व्यक्तिको बौद्धिकताले कब्जा गरेका छन् जो तिनीहरुभन्दा चतुर छन्। बुझ्नुभयो? र तिनीहरुलाई पक्रेर कैदमा राख्छन्।

22 र म सोच्दछु: शैतानले त्यो गर्छ। त्यसले बहुमूल्य मानिसहरुलाई लिन्छ जो परमेश्वरको महान ठाउँहरु, र क्षेत्रहरु, र—र त्यस्ता कुराहरुमा जानुपर्दछ, त्यसपछि उसलाई कुनै संगठन, वा कुनै पन्थ, वा केहिको एउटा झ्यालखानामा हालेर उसलाई त्यहा बानेर राख्दछ। र यो कति भयानक कुरा हो।

23 र मलाई चिडियाखानाहरु मन पर्दैन। तर मलाई ती जनावरहरु मध्ये एउटा जस्तो लाग्छ, जब तपाईहरु सबै खोरमा राखिएको छ र त्यसबाट मुक्त हुन कोशिष गर्दैहुनुहुन्छ, तपाईलाई थाहा छ, केहि गर्नको—लागि त्यहाँबाट निस्किन।

24 अब, हामी वचन तर्फ जानभन्दा पहिले, हामी प्रार्थनामा हाम्रो शिर निहुराएर, वचनको अधिकारीकहाँ जाऔं।

25 हाम्रा अनुग्रही स्वर्गीय पिता, यस बिहानमा फेरी पनि हामी भेला भएका छौ येशू प्रभु, तपाईको अमूल्य पुत्रको नाउँमा। परमेश्वर, शरीरमा, यस पृथ्वीमा आउनुभयो, हाम्रा पापहरुको प्रायश्चितको निम्ति, र मर्नुभयो, धर्मी जन; ताकी हामी, उहाँको धार्मिकताद्वारा, अधर्मी भए तापनि, उहाँमा सिद्ध पारिन सकौँ। हामी अयोग्य छौ सो स्वीकार गर्दै आएका छौ, प्रभु। त्यहाँ हामीमा केहि पनि असल कुरा छैन। र हामीहरु सबैजना एउटा ठूलो झ्यालखानामा छौ। चाहे हामी जुनसुकै कुनामा उभिए तापनि, हामीहरु

सबैजना अझै पनि झ्यालखानामा छौ। एउटाले अर्कोलाई सहायता गर्न सक्दैनौ। तर, परमेश्वर, उहाँको असीम दयामा, तल आउनुभयो र झ्यालखानाको ढोका खोलिदिनुभयो, हामीलाई मुक्त गर्नको निम्ति। अहिले हामी बन्दि छैनौ। हामी संसारको चिडियाखानामा छैनौ, तर अहिले हामी स्वतन्त्र छौ। हामीहरु बाहिर छौ।

26 ओ, हामी उहाँलाई कति प्रेम गर्छौ र आराधना गर्छौ! उहाँको प्रतिज्ञाको महान क्षेत्रहरुमा कसरी हामी हिड्न सक्छौ, र तिनीहरुलाई हाम्रो अगाडि प्रकट भएको देख्छौ! र हाम्रा आफ्नै आँखाहरुद्वारा, अनन्तकालको महान परमेश्वरले आफूलाई हाम्रो अगाडि प्रकट गर्नुभएको देख्दछौ, र आफैलाई वास्तविक बनाउनुहुन्छ, जसरी उहाँले पुरानो समयका अगमवक्ताहरुलाई गर्नुभएको थियो। यो जानेर, कि तिनीहरु ढुक्कका साथ आराम गर्छन्, कि कुनै दिन हामीहरु फेरी पनि पुनर्स्थापित हुनेछौ, यो जीवन समाप्त भएपछि, पुनरुत्थानको दिनमा, अनन्त जीवनको लागि जुन कहिल्यै हराएर जानेछैन। हाम्रा शरीरहरु बुढो हुनेछैन। र हामीहरु कहिल्यै पनि मर्नेछैनौ। र हामीहरु कहिल्यै पनि भोकाउनेछैनौ। र हामीलाई केहिको खाँचो हुनेछैन। तर हामी उहाँसंग हिड्नेछौ। हामी उहाँले यसो भनेको सुन्न चाहन्छौ, “परमप्रभुको आनन्दमा प्रवेश गर, जुन तिम्रो लागि संसारको जग बसालिनुभन्दा पहिले तयार पारिएको थियो।” पाप प्रवेश गर्नुभन्दा पहिले, कसरी उहाँले तयारी राख्नुभएको थियो, जस्तो कि आदम र हव्वाको लागि, कि तिनीहरु कहिल्यै पनि बिमार वा समस्यामा पर्नुपर्दैन थियो। र अहिले उहाँले हाम्रो निम्ति तयार पार्नुभयो, र हामीहरु आउँदै छौ भनि उहाँले पूर्वज्ञानमा जान्नुहुन्थ्यो। पापले ठूलो नाकाबन्दी बनायो, र अहिले पाप येशूको रगतद्वारा, हटाईएको छ। अब, हामीहरु प्रतिज्ञाको भूमिको निम्ति बाँधिएका छौ, परमेश्वरको प्रतिज्ञाद्वारा, जुन अनन्त छ।

27 हामीलाई अहिले आशिष दिनुहोस्, पिता, जसै हामी तपाईको वचन अध्ययन गर्दै गर्छौ। हामी जान्न चाहन्छौ कि हामीहरु कस्तो खालको मानिस हुनुपर्दछ, त्यहाँ हुनको लागि। यस विद्यालयमा आज हामीलाई सहायता गर्नुहोस्, ताकी हामीमा महान गुरु शिक्षक, पवित्र आत्मा हुन सकेको होस्, जो तल आउनुहुनेछ र हामीमा आफैलाई प्रकट गर्नुहुँदछ, उहाँको वचनद्वारा। किनकि हामी उहाँको नाउँमा उहाको महिमाको निम्ति माग्दछौ। आमेन।

28 अब, पहिलो, म तपाईलाई मसंगै दोश्रो पत्रुस, १ अध्यायमा पल्टाएको चाहन्छु। म यस धर्मशास्त्रको एउटा अंश पढ्न चाहन्छु, दोश्रो पत्रुस, १ अध्याय। र तपाईहरुलाई जोसंग कलम र कागज छ...

29 र मलाई लाग्छ कि मलाई आज बिहान भनिएको थियो कि—कि केहि समय, त्यहाँबाट मेरो टाउको पर फर्काएर, यसले टेपलाई मधुरो बनाउछ। मैले वास्तवमा त्यसो गर्न खोजेको होइन। र म विश्वास गर्छु, कहिलेकाहि, यदि हामीले एउटा—एउटा वेब माईक प्राप्त गर्नलाई सोच्यौ, र त्यसलाई यहाँ सिलिंगमा झुण्डायौ, त्यसपछि तपाई जहाँकहिँ भए पनि, तपाई ठिक हुनुहुनेछ, यो उत्तम हुनेछ, केवल चारैतिर, केवल सिलिंगको माथि एउटा माईक राखेर।

30 र अब, म गफ गर्दैगर्दा; र यदि तपाई, सेवा पश्चात, वा चाहनुहुन्छ भने, यो यहाँ भएको कंकाललाई कोर्न सक्नुहुन्छ। त्यसपछि मैले पनि यहाँ चित्रण गरेको छु। म एउटा ट्याक लिनेछु र यहाँ अगाडि राखिदिनेछु, यदि तपाईले यो कहिले कहिँ गर्न चाहनुहुन्छ भने। आज दिउसो अलि चाँडो आउनुहोस्, ताकी हामीले बुझ्न सकौँ।

31 अब हामीहरु *सात मोहोरहरु* तर्फ अगाडि बढ्दै छौ। हामीले भर्खरै *सात मण्डलीका युगहरु* सकायौ। र यो शिक्षा सम्बन्धी एउटा सन्देश हो, जसले मानिसलाई जोड्छ, जो प्रभु येशूको रगतद्वारा उद्धार हुन जाँदैछन्, र मण्डलीको युगमा हुनेछन्, त्यो अनन्त मण्डली जो मोहोरहरुको अन्त्यमा छ। अब हामीलाई थाहा छ कि हामीसँग सात तुरहीहरु छन्, सात विपत्तिहरु, कचौराहरु, र त्यस्तै अन्य, जसमा हामी जान्छौ, हामी पढ्दै जाँदा। तर हामीहरु थप कोठाको लागि पर्खिरहेका छौ ताकी मानिसहरु बस्न सकून्।

32 अब, र मैले सोचेको थिएँ कि यो मैले अपेक्षा गरेको ठाउँमा बाध्नेछु। मैले यो कंकाल कोर्ने आशा गरेको थिएन, तर अर्को दिन म मेरा केहि अमूल्य साथीहरु संग थिए, कक्सेस, तल केन्टकीमा। म तल गएँ, सोचे कि शायद अझै एक दिन लोखर्केको शिकार गर्छु मौसम सकिनुभन्दा पहिले। र म मेरा साथीहरुसंग माथी वनमा थिए, चार्ली, त्यहाँ उभिदैछ, र रोड्ने, उसको भाई। मैले लोखर्के सम्म देखिन। मलाई लाग्छ मैले तिनीहरुसबैलाई तर्साए, जब म त्यहाँ वनमा कराएको थिए। यो मलाई आउछ, केटाहरु, र—र बहिनी नेली र मार्गी, र जब मैले तपाईलाई भने कि तपाईलाई आईतबार

भन्नेछु जब म त्यहाँ पुग्छु। त्यो मेरो लागि आयो, त्यो सन्देशमा जुन म बोल्न जानेवाला थिएँ। र कसरी बाकि रहेकाहरु ठिक त्यससंग बाँधिएर आयो! र, ओ, मलाई त्यो मन पर्छ। एउटा—एउटा वास्तविक—कराउने एउटा वास्तविक आत्मा, त्यहाँ माथी वनमा।

33 त्यसैले अहिले, हामीलाई पढ्न दिनुहोस्, पहिलो पत्रुस, वा...बरु, दोश्रो पत्रुस, १ अध्याय, यसको अंश।

*सिमोन पत्रुस, येशू ख्रीष्टको एक दास र प्रेरित, र हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकता हाम्रो जस्तै अनमोल विश्वास प्राप्त गर्नेहरुलाई:*

34 मलाई त्यहाँ भनिएको तरिका मनपर्छ, किनभने मेरो पूरा विषय आज बिहान विश्वासमा आधारित छ। हेर्नुहोस्? मलाई फेरी पनि त्यो पढ्न दिनुहोस्। ध्यान दिएर सुन्नुहोस्।

*सिमोन पत्रुस, येशू ख्रीष्टको एक दास र प्रेरित, र हाम्रा परमेश्वर* र मुक्तिदाता—*मुक्तिदाता येशू ख्रीष्टको धार्मिकता हाम्रो जस्तै... अनमोल विश्वास* प्राप्त *गर्नेहरुलाई:*

35 ध्यान दिनुहोस्, उसले भन्दैछ, कि, "मैले यो विश्वास पाएको छु, र म तिनीहरुलाई सम्बोधन गर्दैछु जसले समान बहुमूल्य विश्वास प्राप्त गरेको छ।" म चाहन्छु...यो बाहिरी संसारको लागि होइन। यो मण्डलीको लागि हो, बुझ्नुभयो, तिनीहरु जो ख्रीष्टमा छन्।

*परमेश्वरको र येशू* ख्रीष्ट (द्वारा) *हाम्रा प्रभुको ज्ञानमा अनुग्रह र शान्ति तिमीहरुमा प्रशस्त हुँदै जाओस्,*

*हामी सबैलाई दिईएको* उहाँको *दिव्य शक्तिद्वारा... उहाँको दिव्य शक्तिले* अहिले हामीलाई *जीवनसंग सम्बन्धित सबै कुरा दिईएको छ...भक्ति, उहाँको ज्ञानले जसले हामीलाई महिमा र श्रेष्ठता बोलाउनुभएको छ:*

*जहाँ* हामीलाई *चाहिने प्रत्येक थोक दिईएको छ...हामीलाई अनमोल र महान प्रतिज्ञाहरु दिनुभएको छ: कि यसद्वारा* (यी प्रतिज्ञाहरुद्वारा) हामीहरु *ईश्वरीय स्वभावका सहभागी होऔं,...*

36 अब त्यसलाई गहिराईमा डुब्न दिनुहोस् अहिले। यो बिहान प्रचार गरेर होइन; हामी केवल यो पाठ सिकाई रहेका छौ। "ईश्वरीय स्वभाव।"

मलाई अहिले फेरी त्यो चौथो पद पढ्न दिनुहोस्, ताकी तपाईले यसलाई नछुटाउनुभएको होस्। "जसद्वारा हामीलाई दिईएको छ..."

> *जहाँ हामीलाई चाहिने प्रत्येक थोक दिईएको छ हामीलाई अनमोल र महान प्रतिज्ञाहरु दिनुभएको छ: ताकी यसद्वारा* (यी प्रतिज्ञाहरुद्वारा) हामीहरु *ईश्वरीय स्वभावका सहभागी होऔं, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केका होऔं।*

37 हेर्नुहोस्, "संसार," हामी अहिले त्यसलाई उम्काएका छौ। उसले यो मण्डलीलाई सम्बोधन गर्दैछन्। त्यसैकारणले आज बिहान हामी यहाँ छौ, यो पत्ता लगाउनको लागि कि बाटो के हो, परमेश्वरको आवश्यकताहरु के हो। यहाँ कुनै एउटा व्यक्ति छैन, जसले परमेश्वरलाई प्रेम गर्छ, तर—तर अझै बढि ख्रीष्ट जस्तो हुन चाहन्छ। अब यो यहानिर राखिएको छ। हरेक इसाईहरु! म एक बुढो दिग्गज हुँ। भाई र बहिनी किडलाई यहाँ हेर्नुहोस्, उहाँहरु सम्भवतः भवनमै सबैभन्दा वृद्ध हुनुहुन्छ। तर यदि मैले उहाँहरुलाई सोधे, "तपाईको हृदयको इच्छाहरु के हुन्?" यो हुनेछ, "परमेश्वरमा नजिक हुने।" जब तपाईले ख्रीष्टको बारेमा सिक्नुहुन्छ, त्यहाँ उहाँको बारेमा केहि छ जुन यति प्रेमिलो हुन्छ, तपाई केवल उहाँसंग सहि हुन कोशिष गर्नुहुन्छ।

38 यो अभिव्यक्तिलाई छोड्नुहोला। मैले मेरी श्रीमतीलाई भने, यहाँ धेरै समय भएको छैन, उनी...दुवैजना वृद्ध हुँदैछौ, र मैले उनलाई भने, मैले भने, "के तिमीले मलाई पहिले जस्तै प्रेम गर्छौ?"

उनले भनिन्, "म निश्चय नै गर्छु।"

39 र मैले भने, "तिमीलाई थाहा छ, म तिमीलाई यति माया गर्छु कि म तिमीलाई लिएर म भित्रै खिच्न चाहन्छु, ताकी हामी केवल, वास्तवमै, अझै बढि, एक हुन सकौ।"

40 अब, त्यो, त्यसलाई सय मिलियनले गुणन गर्नुहोस्, र त्यसपछि तपाईले पत्ता लगाउनुहुन्छ कि कसरी त्यो विश्वासी, जो ख्रीष्टसंग प्रेममा पर्छन्, आफैमा उहाँलाई भित्र ल्याउन चाहन्छन्, किनभने यो एउटा प्रेम हो। र यहाँ उसले हामीलाई देखाउन जाँदैछ कि कसरी त्यो, यी प्रतिज्ञाहरुद्वारा, हामीहरु ख्रीष्टको ईश्वरीय स्वभावमा सहभागी हुन सक्छौ। यी, लौकिक शरीर, कसरी हामी सहभागी हुन सक्छौ।

41 म यहाँ केहि भन्न सक्छु। म विश्वास गर्नुको कारण...अब कसैले मलाई पूर्ण रूपमा गलत लिएको छ, यहाँ धेरै समय भएको छैन। मैले सेवक

संघबाट एउटा पत्र पाएको थिएँ, जसले भन्थ्यो कि मैले विश्वास गर्छु कि त्यो त्यहाँ थियो..."हामीहरु आत्म–मिलन पारिएका थियौ। र हामीले हाम्रो जीवन साथीहरुलाई छोड्नुपर्छ यदि हामीहरु तिनीहरुसंग आत्म–मिलनमा पारिएका छैनौ भने, त्यो अर्कोलाई विवाह गर्नको लागि जोसंग हामी आत्म–मिलन गरीएका छौ।" ओ, मेरो!

42 मैले भने, "म त्यस्तो खालको विधर्मको दोषी छैन।" म सधै त्यसको विरुद्धमा छु। म—म त्यसमा विश्वास गर्दिन। साचो रूपमा गर्दिन। म विश्वास गर्छु कि परमेश्वरले हामीलाई साथी दिनुहुन्छ। त्यो सत्य हो। र त्यसपछि हामी एकअर्काको अंश बन्छौ। त्यो सहि हो। र एउटा पुरुष विवाह गर्नुभन्दा अगाडि, उसले यी कुराहरुको विषयमा सोच्नुपर्छ, यसलाई अध्ययन गर्नुपर्छ।

43 एउटा जवान मानिसले मलाई एक दिन सोध्यो, भन्यो, "तिमीलाई लाग्छ कि म, एउटा *यस्तो–र–यस्तो* केटिसंग विवाह गर्नसक्छु, भाई ब्रन्हाम?"

मैले भने, "तिमीले उसको बारेमा कत्तिको सोच्छौ?"

उसले भन्यो, "ओ, मेरो, म केवल उनलाई प्रेम गर्छु।"

मैले भने, "ठिक छ, यदि तिमी उनी बिना बाँच्दैनौ भने, त्यसो हो भने तिमीले उसलाई विवाह गरेको राम्रो। तर यदि तिमी उनी बिना बाँच्न सक्छौ भने, नगरेको उत्तम हुन्छ। त्यसैले, यदि यसले तिमीलाई मार्नेछ भने, तिमीले—तिमीले अघि बढेर बिहे गर," मैले भने। र त्यसैले मैले उसलाई के बुझाउन चाहदै थिए भने, यो, त्यो, यदि तिमीले उसलाई यति धेरै माया गर्छौ भने!

44 अब, ठिक अहिले, तिमी विवाहित हुनुभन्दा पहिले, सबै कुरा केवल राम्रो र ठिक छ। तर तिमी विवाहित भईसके पछि, तब जीवनको कष्ट र परिक्षा आउँदछ। त्यो समय हो जब तपाई यति प्रेममा हुनुपर्दछ कि तपाईले एक अर्कालाई बुझ्नुहुन्छ। जब तपाई उनीमा सन्तुष्ट हुनुहुन्न, उनी तपाईमा सन्तुष्ट हुदिनन्, तपाईहरु अझै पनि एकअर्कालाई बुझ्नुहुन्छ।

45 ख्रीष्टसंग पनि यहि तरिका हो। बुझ्नुभयो? हामीहरु उहाँसंग यति धेरै मायामा हुनुपर्दछ, कि हामीले केहि कुरा माग्दा पनि, र उहाँले हामीलाई दिनुहुन्न, त्यसले हामीलाई थोरै पनि हल्लाउनु हुँदैन। बुझ्नुभयो? बुझ्भुनयो? किन? र तपाईले त्यो गर्नसक्ने एक मात्र तरिका, उहाँको

ईश्वरीय स्वभावमा सहभागी बन्ने हो, त्यसपछि उहाँले तपाईलाई दिन नसक्ने कारण बुझ्नुहुनेछ। "उहाँको ईश्वरीय स्वभावको सहभागीहरु।"

46 र यहाँ हेर्नुहोस्, "कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केका होऔ।" यसबाट उम्केका छौ! हेर्नुहोस् यो कसको लागि हो? यो मण्डलीको लागि हो, तिनीहरु जो ख्रीष्टमा छन्, यी कुराहरुभन्दा माथि उचालिएका छन्। उसले आफैलाई उचालेको होइन, तर ख्रीष्टले उसलाई उठायो।

47 आज बिहान उपस्थित मेरा अश्वेत भाई र बहिनीहरु, यो मैले कुनै हानी गर्नको लागि भनेको होइन। तर, केहि समय अगाडि एउटा सभामा थिए, मलाई थाहा छैन कि मैले मण्डलीमा चाहि यो कहिल्यै भनेको छु या छैन भनि। मैले यो धेरै ठाउँहरुमा भनेको छु। त्यहाँ एक जना अश्वेत बहिनीले भन्नुभयो, "के म गवाहि दिन सक्छु, वा गवाहि?"

"निश्चय नै, बहिनी, अगाडि बढ्नुहोस्।"

48 उनले भनिन्, "म यो गवाहि परमेश्वरको महिमाको निम्ति गर्न चाहन्छु।" उनले भनिन्, "तपाईलाई थाहा छ, म—म त्यो होइन जे म हुनपर्दछ," र उनले भनिन्, "म—म त्यो होइन जो म हुन चाहन्छु, तर," उनले भनिन्, "एउटा कुरा पक्का छ, म त्यो होइन जे म हुने गर्थे।" बुझ्नुभयो? उनी कतैबाट आएकी थिईन्। उनलाई ल्याईएको थियो।

49 यसरी नै हामी जान्दछौ कि हामी मृत्युबाट जीवनमा गएका छौ। हामी त्यहि खाडलमा फर्केर हेर्छौं जहाँबाट हामी गाडिएका थियौ। बुझ्नुभयो? हामी जे हुन चाहन्छौ हामी त्यो होइनौ; हामीहरु जे हुन पर्ने हो त्यो पनि छैनौ; तर हामी एउटा कुराको लागि धन्यवादी छौ, हामीहरु त्यो होइनौ जो हामी हुने गर्थ्यौं। त्यो सहि हो। हामीहरु बाटोमा छौ।

50 "कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केका होऔ।" कि संसारका, कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केका छौ, तपाई त्यो भन्दा माथि हुनुहुन्छ। अब त्यो—अब त्यो किसिमको व्यक्तिसंग हो जुन उसले कुरा गरीरहेको छ, त्यो व्यक्ति जो यी कुराहरुबाट उम्केको छ, हेर्नुहोस्, संसारको भ्रष्टताबाट।

*यसैकारण* सबै *किसिमका प्रयत्नद्वारा तिमीहरूको विश्वासमा, सद्‌गुण; र सद्‌गुणमा ज्ञान* थप;

*र ज्ञानमा आत्मसंयम;...आत्मसंयममा धैर्य;...धैर्यमा भक्ति; भक्तिमा भातृ–स्नेह; भातृ–स्नेहमा प्रेम थप।*

51 अब उसले हामीलाई यहाँ रूपरेखा दिएका छन् के गर्ने भनेर, यो कसरी गर्ने जान्नुहोस्। अब, जस्तो मैले भनेको थिए, हामी सबैजना परमेश्वरको समिप आउन खोजिरहेका छौ। त्यसैकारणले नै आज बिहान मैले यो सन्देश चुनेको छु, मण्डलीको लागि, यो जानेर कि मानिसहरु यात्रा गर्दैछन्। गत रातको लागि, मैले भनेको थिए, "कतिजना यहाँ, यो शहर बाहिरबाट हुनुहुन्छ?" लगभग अन्ठानब्बे प्रतिशत मानिसहरु, यो शहर बाहिरबाट छन्। "कति जना यहाँ एक सय मिल टाढाबाट छन्?" किन, यो सकियो, मलाई लाग्छ, अस्सी प्रतिशत। "कतिजना यहाँ पाँचसय मिल टाढाबाट हुनुहुन्छ?" अँ लगभग एक—एक तिहाई मानिसहरु यहाँ सयभन्दा माथि, पाँच सय मिल टाढाबाट छन्। यात्रा गर्ने मानिसहरुको, बारेमा सोच्नुहोस्। ठिक छ, ती मानिसहरु मण्डलीमा यत्तिकै देखा पर्नको लागि मात्रै आउदैनन्। त्यहाँ छैन...जुन बाहिरी संसारले खोज्ने खालको यस ठाउँको चारैतिर कुनै सौन्दर्य छैन। तिनीहरु सबैजना साधारण मानिसहरु, गरीब, सामान्य पोशाक लगाएका छन्। तिनीहरु देखावटी गर्ने कुनै स्वर्गदूतका कोयर, पाईप ओर्गन, र कुनै सिसाका झ्यालहरुको उत्कृष्ट गानहरु छैनन्। तपाईलाई कुर्सी सिट पाउन र पर्खाल वरिपरी उभिन गाह्रो छ। तिनीहरु त्यस्तो कुराको लागि यहाँ आउदैनन्। तर तिनीहरु यस कारणले आउछन् किनकि तिनीहरु भित्र केहि यस्तो कुरा छन् जसले त्यो सौन्दर्य देख्छ जुन प्राकृतिक आँखाले देख्दैन। यो आत्मिक आँखा हो जसले ख्रीष्टको सुन्दरतालाई देख्दछ। त्यसैकारणले तिनीहरु आउछन्।

52 त्यसैले, हामीले सेवा गर्नुभन्दा अघिल्लो दिनसम्म, मैले लगातार प्रार्थना गरे। वनमा गए, मेरो खल्तीमा लिए...श्रीमतीलाई भने, "आज बिहान म लोखर्केको शिकार गर्न बाहिर जाँदैछु।" र मैले कलम र एउटा कागजको ट्याब्लेट मेरो खल्तीमा राखे। हेर्नको लागि पर्याप्त उज्यालो हुने बित्तिकै, म कतै रूखको छेउमा बसिरहेको छु, हात माथि हावामा राखेर, र भन्दै, "प्रभु, म आज के गर्न सक्छु? तपाईको छोरा छोरीहरुको लागि तपाईले मलाई के दिनुहुनेछ?"

53 त्यसपछि जब म कुनै चिजमा ठोके जुन जलेको जस्तो देखिन्थ्यो, केहि यस्तो आउँछ। जब उहाँको उपस्थिति नजिक आउँछ, मैले टाढाबाट केहि

कुरा सुन्न थाल्छु, केहि कुरा यस्तो तरिकामा। "दुई गुणा दुई बराबर चार।" नजिक, "दुई गुणा दुई बराबर चार। दुई गुणा दुई बराबर चार। दुई गुणा दुई बराबर चार।" त्यसरी आएको, आएकै, आएकै थियो। उहाँको उपस्थिति आउँदै थियो।

54 आफैलाई अर्पण गर्नुहोस्, र केहि समय पछि तपाई आफैबाट टाढा हुनुहुन्छ। त्यहाँ दर्शन आउँछ, "*यस्तो–र–यस्तो* ठाउँमा जाऊ, र *यस्तो–र–यस्तो* कुरा।" बुझ्नुभयो? शुरू गर्नुहोस्, परमेश्वरमा आफ्नो मन मग्न गर्न, संसारबाट टाढा राखी, बाहिर सुनसान जंगलमा, आफैलाई राख्।

55 र यो आउन शुरू गर्छ, "एउटा, एउटा…" म भन्छु, कुनै संख्या, वा केहि कुरा, केवल केहि कुरा विस्तारै शुरू हुन्छ, बिस्तारै भित्र आउदै। त्यसपछि यो छिटो, छिटो आउँछ। तपाई त्यहाँ बस्नुहुन्छ र आफ्नो हात उचाल्नुहुन्छ, एउटा शब्द बोल्नुहुदैन, केवल आफ्नो हात हावामा राख्नुहोस्। पहिलो कुरा तपाईलाई थाहा छ, तपाईको पूर्ण अस्तित्व समातिएको छ। त्यसपछि तपाईले त्यो कुराहरु देख्नुहुन्छ जुन तपाई थाहा पाएको उहाँले चाहनुहुन्छ, तपाईलाई ती कुराहरु देखाउदै जुन हुन आउनेछ।

56 कुनैबेला त्यो कुनै ठाउँमा आउँछ, एक निश्चित ठाउँ नहुन्जेल, र त्यसपछि रोकिन्छ। यो एउटा दर्शनमा जाँदैन। त्यसपछि बस धर्मशास्त्र एकसाथ खनिन थाल्छ। म मेरो कलम समात्छु, ताकी मैले यो नबिर्सु भनेर, र यसलाई लेख्छु, यसलाई लेख्छु।

57 र म घर आउछु र यसलाई हेर्छु, र यसलाई अध्ययन गर्छु। र कुनै बेला मैले यसलाई हेर्दा कुनै अर्थ नै लाग्दैन। र त्यसपछि, केहि समय पछि, यहाँ यो छ! त्यसले प्रहार गर्छ, र यो फेरी टाढा जान्छ। त्यसपछि म एउटा *यो* जस्तो सानो पुस्तक लिन्छु, र केवल तल कोर्न थाल्छु, मैले सक्नेसम्मको कोशिष गर्छु, जे उहाँले मलाई भन्नुहुन्छ। मैले सोचे, "प्रभु, म तल मण्डलीमा गएर तिनीहरुलाई यो भन्न जाँदैछु। म…'तल आऊ।' तिनीहरुको लागि मसंग केहिकुरा छ।" ठिक छ, यो यसरी आउछ। ठिक त्यसरी नै। जबसम्म, पहिलो, उहाँले मलाई दिनुहुन्न, मैले यो तपाईलाई दिनसक्दिन।

58 त्यसैले, त्यसपछि, यी कोरेको चित्रहरुमा जुन तपाईले मलाई तल हेरिरहेको देख्नुहुन्छ। र यो, पहिलो, मैले शुरू गरे, मैले यहाँ यो भाग यहाँ

जंगलमा, एक या दुई दिन अघिसम्म पाएको थिईन।

59 अब, यी—मानिसहरु...पत्रुसले भन्दैछन्, यहाँ, कसरी हामी उहाँको ईश्वरीय स्वभावको भागीदार हुनुपर्दछ। अब, हामीहरु प्रत्येक परमेश्वरको कदसम्म बढ्‌न चाहन्छौ।

60 अब, हामी सात मोहोरहरुबाट भएर गएपछि, तब, सातौ मोहोरको आवाज आउने बेलामा, वा खोलिने बेलामा...निस्सन्देह, हामीलाई थाहा छ कि मोहोर के हो, यो सेवकाईलाई फुकुवा गर्नुहोस्, सात मोहोरहरु खोल्नको लागि। र हामीले त्यो ठिक चार्टमा देख्न सक्छौ। यो सन्देश फुकुवा गर्नु हो, केहि त्यस्तो कुरा जुन मोहोर लगाएर राखिएको छ।

61 गत आईतबार, मैले "साँचो" मा प्रचार गरेको थिए। र साँचो चाहि विश्वास हो। विश्वासले साँचो थाम्दछ, र साँचो चाहि धर्मशास्त्र हो। र ख्रीष्ट ढोका हुनुहुन्छ। बुझ्नुभयो? त्यसैले विश्वासले धर्मशास्त्रको साना टुक्राहरु लिन्छ र परमेश्वरको महिमा र भलाईलाई, उहाँका मानिसहरुमा खोल्दछ। बुझ्नुभयो? त्यसैले, यो, विश्वासले त्यो साँचो बोक्दछ जसले मानिसहरुमा ख्रीष्टलाई खोल्दछ; यसलाई खोल्दछ, यसलाई प्रकट गर्दछ।

62 त्यसैले, आज, हामीहरु त्यहि साँचो लिन प्रयास गर्न जाँदैछौ, परमेश्वरको कदमा एक सद्गुणपूर्ण इसाई बन्ने बाटो खोल्नको लागि, कि, र जीवित परमेश्वरको वासको लागि एउटा जीवित मण्डली बन्नेछौ।

63 याद गर्नुहोस्, परमेश्वरले आफैलाई तिन तरिकामा प्रकट गर्नुहुन्छ। पहिलो पटक, उहाँले आफैलाई आगोको स्तम्भमा प्रकट गर्नुभयो, जसलाई पितृत्व भनिन्छ। त्यसपछि उही परमेश्वर, येशू ख्रीष्टमा प्रकट हुनुभयो, जुन उहाँले एउटा शरीर बनाउनुभयो, यो शरीर बनाउनुभयो। तेस्रो, त्यस शरीरको मृत्युद्वारा, उहाँले एउटा मण्डली पवित्र पार्नुभयो जसमा उहाँ वास गर्न सक्नुहुन्छ। यो परमेश्वर हामीहरु भन्दा माथि; परमेश्वर हामीहरुसंग, परमेश्वर हामीहरु भित्र हो; एउटै परमेश्वर।

64 त्यहि नै कारणले हो यो पिता, पुत्र, पवित्र आत्मा भनियो। तिनवटा परमेश्वरहरु होइनन्; एउटा परमेश्वरको तिन कार्यालय। तिनीहरुले नाईसिन काउन्सिलमा मात्रै त्यसरी सोचेका थिए, हामीहरु सबै गडबडमा हुने थिएनौ, होइन र? त्यो सहि हो। तिन परमेश्वरहरु होइनन्। येशूले कसरी पितासंग बोल्नुभयो, र उहाँ र पिता एकै हुन् भन्ने कुरा मानिसहरुले बुझ्न सकेनन्। ठिक छ, त्यहाँ सबै कुरा छ। निश्चय पनि, केवल यसलाई उजागर गर्दछ।

पक्कै पनि। बुझ्नुभयो? यो तिन परमेश्वरहरु होइनन्। तिन कार्यलयहरु हुन्! तिन मा–...

65 यो के हो? परमेश्वर आफ्नो सृष्टिको लागि कृपा गर्नुहुन्छ। परमेश्वरको आराधना भएको चाहनुहुन्छ। *परमेश्वर* शब्दको अर्थ "पुजनीय वस्तु" हो। र यो परमेश्वरले आफ्ना जनहरुलाई चलाउन खोज्दै हुनुहुन्छ, ताकी उहाँले तिनीहरुबाट त्यो पाउन सकेको होस् जसको लागि उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो। उहाँले तपाईलाई एउटा छोरा र छोरी भन्दा बाहेक अरु केहि बनाउनुभएन। यदि तपाईले परमेश्वरको एउटा छोरा र छोरी बन्न, छुटाउनुभएको छ भने, तपाईले चिन्ह गुमाउनुभएको छ।

66 र "छुटाउनु," *एस–आई–एन* शब्दको अर्थ "निशान छुटाउनु हो," चिन्ह छुटाउनु। त्यसपछि, यदि मैले निशानामा हान्दैछु भने, पचास गजमा ट्याक चलाउदै, र म हान्छु; मेरो बन्दुक तल लिन्छु र हान्छु, र मैले त्यो छुटाउछु, चार या पाँच इन्च जस्तो, के भयो? मेरो बन्दुकलाई ट्युन अप चाहिन्छ। त्यहाँ केहि खराबी छ। र यदि मैले परमेश्वरमा विश्वास छुटाउछु भने, यदि म एउटा इसाई बन्नबाट चुक्छु भने...परमेश्वरले तपाईलाई यहाँ एक इसाई हुनको निम्ति राख्नुभयो। यदि तपाई एक तर्फी तर्किनुहुन्छ, फर्केर आउनुहोस् र त्यसलाई मिलाउनुहोस्। र त्यहाँ केवल एउटा कुरा छ जसले तपाईलाई मिलाउन सक्छ, त्यो धर्मशास्त्र हो। धर्मशास्त्रमा पवित्र आत्माले, तपाईलाई मिलाउछ, तपाईलाई सिधै फेरी निशानामा ल्याउँछ। त्यो सहि हो।

67 अब, हामीहरु उहाँको वचन अध्ययन गर्न गईरहेका छौ। स्तफनसले भने, प्रेरित ७ मा, र यसमा पनि...आउनुहोस् केवल त्यो पढौ। (अहिलेको बारेमा कुरा गर्दै, हामी परमेश्वरको एउटा पवित्रस्थानको बारेमा बोल्दैछौ।) अब, स्तफनसले भने...(हुँदै, यो जीवित परमेश्वरको एउटा जीवित पवित्र स्थान हुन गईरहेको छ।) स्तफनसले भने, प्रेरितको ७ औ अध्यायमा, र म विश्वास गर्छु हामी...प्रेरित ७ मा, ४४ औ पदबाट शुरू गरेर:

> *उजाड–स्थानमा हाम्रा पुर्खाहरूका गवाहीको मण्डप थियो, जस्तो उहाँले मोशालाई भन्नुभएको थियो,* आदेश *अनुसार यो बनिएको थियो, मोशाले देखेका नमूनाबमोजिम परमेश्वरको आदेश अनुसार यो बनिएको थियो।*
>
> *हाम्रा पुर्खाहरूले पनि* उनीहरूको पालोमा, हाम्रा *पिताहरु*

*आएका थिए...येशू अन्यजातिहरूको देश अधिकारमा ल्याउँदा,* जसलाई *परमेश्वरले हाम्रा पिताहरुको सामुन्नेबाट* ल्याउनुभयो *जुन दाऊदको* पालोसम्मै *त्यो त्यहीँ रह्यो;*

*तिनले परमेश्वरको निगाह पाए, र याकूबका परमेश्वरको निम्ति एउटा वासस्थान बनाउने अनुमति मागे।*

*तर उहाँको निम्ति* एउटा *भवनचाहिँ सोलोमनले बनाए।*

*तर हातले बनाएका भवनहरूमा परमेश्वर वास गर्नुहुन्न; जस्तो अगमवक्ताले भनेका छन्,*

*मेरो सिंहासन स्वर्ग हो, र पृथ्वी मेरो खुट्टाको पाउदान;* तिमीहरूले *मेरो निम्ति कस्तो भवन बनाउने हो? परमप्रभु भन्नुहुन्छ: मेरो विश्रामको ठाउँ कुन हो?*

68 अब...अब, "वासस्थान," अवश्य पनि, त्यो एउटा ठाउँ हो जहाँ हामी विश्राम गर्न जाने ठाउँ हो, अब, ताजगी पाउन, र त्यस्तै नै, निन्द्राबाट आराम गर्ने, वा यस्तै। अब, हिब्रू १०, र ५ औ पद, पावलले यो ल्याउछन्।

*यसकारण जब उहाँ संसारमा आउनुहुन्छ, उहाँले भन्नुहुन्छ,* बलिदान...(त्यो ख्रीष्ट)...*बलि र भेटीहरू तपाईंले चाहनुभएन, तर तपाईंले मेरो निम्ति एउटा शरीर तयार पार्नुभएको छ:*

69 अब वासस्थान के हो? एउटा शरीर, परमेश्वर एउटा शरीरमा वास गर्नुहुँदै।

70 परमेश्वर एक पटक, उच्च माथि, जब उहाँ तल पहाडमा आउनुभयो, यहाँसम्म कि यदि एउटा—एउटा गोरु वा एउटा गाईले पहाड छोयो भने, उसलाई मारिनुपर्छ। परमेश्वर पवित्र हुनुहुन्छ।

71 गत साँझ, जब स्वर्गदूतहरुले आफ्ना मुहारहरु छोपेका थिए। पवित्र मुहारहरु भएका पवित्र सेराफिमहरु, जसलाई पाप के भन्नेसम्म थाहा थिएन, र तिनीहरुले आफ्ना मुहारहरु छोप्न पर्यो, परमेश्वरको उपस्थितिमा; तिनीहरुको पाउहरु छोपे, नम्रताका साथ।

72 अब, पवित्र परमेश्वरले पापलाई सहन गर्नसक्नुहुन्न, त्यसैले परमेश्वर हुनुभएको डाँडामा केहिले पनि छुन सक्दैन थियो।

73 त्यसपछि परमेश्वर देहधारी हुनुभयो र हाम्रो माझमा वास गर्नुभयो, येशू ख्रीष्टको रूपमा, उहाँको पुत्र, उहाँको सृष्टि। त्यसपछि त्यो पुत्रले आफ्नो

जीवन दिनुभयो, र परमेश्वरको रक्तकोष टुट्यो, ताकी रगतबाट हामीमा, जीवन आउन सकेको होस्।

74 रगतद्वारा हामीहरु शुद्ध पारियौ। र अब हाम्रो रगत, हाम्रो जीवन, जुन यौन चाहनाबाट जिउँदै आएको थियो, हाम्रो जीवन यस संसारमा ल्यायो। येशू ख्रीष्टको रगतले हामीलाई शुद्ध पार्दछ, हामी माथि पवित्र आत्मा पठाएर, हाम्रो स्वभाव परिवर्तन गर्दछ; त्यसपछि हामी परमेश्वरको ईश्वरीय स्वभावमा बन्छौ, त्यसपछि हामी परमेश्वरको वास गर्ने स्थान बन्दछौ। येशूले भन्नुभयो, "त्यसदिनमा तिमीहरुले थाहा पाउनेछौ कि म पितामा छु, र पिता ममा हुनुहुन्छ; म तिमीहरुमा, र तिमीहरु ममा।" बुझ्नुभयो?

75 उहाँको मण्डलीमा कसरी परमेश्वर हुनुहुन्छ भनि जान्नुहोस्। मण्डलीले अहिले ख्रीष्टको स्थान लिन पर्नेथियो, उहाँको सेवकाईलाई जारी राख्दै। "जसले म माथि विश्वास गर्छ, मैले गर्ने काम उसले गर्नेछ। अझै केहि बेर, अनि मलाई संसारले देख्ने छैन; तर पनि तिमीहरुले मलाई देख्नेछौ, किनकि म तिमीहरुसंग हुनेछु, तिमीहरु भित्र, संसारको अन्त्यसम्म हुनेछु।" बुझ्नुभयो? त्यहाँ यो छ, उहाँको कार्य जारी राख्दै।

76 अब, परमेश्वर, वा त बाईबलले यहाँ भनेको छ, कि। सोलोमनले मन्दिर निर्माण गर्ने कुरामा स्तफनसले बताए, "सर्वोच्चमा बस्नुहुने हातले बनाएका मन्दिरहरुमा वास गर्नुहुदैन। 'किनकि स्वर्ग मेरो सिंहासन हो, र पृथ्वी मेरो पाउदान हो। र मेरो विश्राम गर्ने ठाउँ कहाँ छ?' 'तर एउटा शरीर तपाईले मलाई तयार गर्नुभएको छ।'" आमेन। त्यहाँ तपाई हुनुहुन्छ।

77 "एउटा शरीर तपाईले मलाई तयार गर्नुभएको छ।" परमेश्वर मानिसको कदमा वास गर्नुहुन्छ, आफैलाई त्यस प्राणमा प्रतिबिम्वित गर्दै। सिद्ध आराधना! परमेश्वर हामीहरु भित्र, उहाँको वासस्थान बनेर, परमेश्वरले आफैलाई प्रकट गर्दै हुनुहुन्छ। ओ, कसरी हामी त्यहाँ रहन सक्छौ जबसम्म तपाई यहाँ गर्मीले, निस्सासिनुहुन्न। ध्यान दिनुहोस्, कि, परमेश्वरले सधै, हरेक समय, मानिसमा प्रतिबिम्वित गर्नुभएको छ।

78 त्यो मोशामा परमेश्वर हुनुहुन्थ्यो। उनलाई हेर्नुहोस्, जन्मजात नै अगुवा थियो; ख्रीष्ट। उनी जन्मनुभएको समयमा त्यहाँ बच्चाहरुको सतावट थियो, उनलाई खोज्ने कोशिष गर्दै थियो; त्यहि नै ख्रीष्टसंग पनि भएको थियो। र उनी—उनी त्यसबेला उद्धार गरीयो; त्यसरी नै ख्रीष्टको पनि त्यस्तै भयो। उनी एउटा व्यवस्था–दाता थिए; ख्रीष्ट पनि त्यस्तै हुनुहुन्थ्यो। मोशा माथि

गए, चालिस दिन, र आज्ञाहरु पाए, र तल आए। ख्रीष्ट उजाडस्थानमा जानुभयो, चालिस दिन, र फर्केर आउनुभयो, भन्नुभयो, "तिमीहरुले ती प्राचिन दिनहरुको बारेमा सुनेका छौ, 'तिमीले व्यभिचार नगर्नु।' तर, म तिमीहरुलाई भन्दछु, कुनै पनि मानिसले, स्त्रीलाई कुदृष्टिले हेर्दछ, उसले पहिले नै उनीसंग व्यभिचार गरीसकेको छ।" बुझ्नुभयो? यी सबै भिन्न कुराहरु, कि, परमेश्वरले आफैलाई प्रतिबिम्वित गर्दै हुनुहन्थ्यो।

79 योसेफलाई हेर्नुहोस्, दाजुभाईहरुको समूहको बीचमा एउटा—एउटा आत्मिक केटाको रूपमा जन्मेका थिए। तिनीहरु सबै राम्रा मानिसहरु थिए, ती सबै कुलपिताहरु। तर, जब योसेफ आए, उनी भिन्न थिए। उनले दर्शन देख्न सक्थे, सपनाको व्याख्या गर्ने सक्थे, र उनी त्यहि नै कारणले गर्दा आफ्ना दाजुभाईहरुबाट घृणित भए। परमेश्वरले उनलाई पृथ्वीमा जे काम गर्नको लागि राख्नुभएको थियो, उनको दाजुभाईहरुले उनलाई त्यहि कारणले गर्दा घृणा गरे। बुझ्नुभयो? र यो सबैले क्रूसलाई संकेत गर्दै थियो। र, हेर्नुहोस्, उनलाई उनका दाजुभाईहरुले, लगभग तिस चाँदीका सिक्काहरुमा बेचिदिएका थिए। एउटा खाल्डोमा फालिदिए, मर्नको लागि, उनकी दाजुभाईहरुले। त्यस खाडलबाट निकालियो, र फारोको दाहिने हातमा बसे। र कुनै पनि मानिस फारोकहाँ आउन सक्दैन थियो, जसले त्यस दिनमा संसारलाई नियन्त्रण गरेको थियो, योसेफबाट बाहेक, कोहि पनि फारोकहाँ आउनसक्दैन थियो। मात्र ख्रीष्टद्वारा बाहेक, कोहि पनि परमेश्वर कहाँ आउन सक्दैन। र जब योसेफले दरबार छोडे, उनले छोड्नुभन्दा अगाडि, त्यहाँ एउटा तुरही बज्थ्यो, र उनको अगाडि दौडनेहरु दौडिन्थे, यसो भन्दै, "घुँडा टेक! योसेफ आउदै छन्!" चाहे तपाई जहाँ कहिँ पनि होस्, वा जे पनि तपाईले गरीरहेको होस्, जति नै महत्वपूर्ण तपाईको काम भए पनि; तपाई योसेफ त्यहाँ नआउन्जेलसम्म घुँडा टेकेर बस्नुपर्थ्यो।

80 र जब तुरही बज्छ, यी दिनहरु मध्ये एक दिन, हरेक घुँडा टेक्नेछ र हरेक जिब्रोले स्वीकार गर्नेछ। जब ख्रीष्ट, हाम्रो योसेफ, महिमा छोडेर आउनुहुन्छ, तपाईको काम त्यसबेला महत्वपूर्ण हुनेछैन। हरेक घुँडा टेक्नेछ, र हरेक जिब्रोले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनि स्वीकार्नेछ। त्यो सहि हो।

81 ओ, हामीले उहाँलाई दाऊदमा कसरी देख्छौ! कसरी दाऊद, एउटा

बहिस्कृत राजा, आफ्नै सिंहासन फालेर, उनको दाजुभाईहरु, उसको आफ्नै पुत्रद्वारा, जैतुनको डाँडामा बसेर, जसै उनी माथि गए, जैतुनको डाँडाको टुप्पोमा, पछाडि यरूशालेममा फर्केर रोए; किनकि त्यहाँ उनको आफ्नै मानिसहरुले, जसलाई उनले सेवा गरेका थिए र परमेश्वरको बारेमा तिनीहरुलाई सिकाएका थिए, र उनको आफ्नै मानिसहरु उनको विरुद्ध भए र उनीमाथि चिजहरु फ्याँके, उनलाई थूके र उनको मजाक उडाए, जब उनी माथि पहाडतर्फ गए र बहिस्कृत भए। ओ, कति सिद्ध परमेश्वरको पुत्र, आठ सय वर्ष पश्चात; एक बहिस्कृत राजा, उनको आफ्नै मानिसहरुको माफमा, डाँडामा बसेर यरूशलेमको लागि रोए, एउटा बहिस्कृत राजाको रूपमा।

82 यो के थियो? परमेश्वरले ती अगमवक्ताहरुमा आफैलाई प्रतिबिम्वित गर्दै हुनुहुन्थ्यो, ख्रीष्टलाई प्रतिबिम्वित गर्दै।

83 तब त्यहाँ एक जना आयो जो परमेश्वरको सिद्धतामा थियो। यो परमेश्वर हामीहरु माफमा हुनुहुन्थ्यो।

84 र त्यस समय देखि, उहाँले आफैलाई मण्डलीमा प्रतिबिम्वित गर्नुभएको छ, कलवरीको यस तर्फ। त्यसैले, तपाईले देख्नुहुन्छ, हामीहरु सबैजना वासस्थानमा पुग्ने प्रयास गर्दैछौ, जीवित परमेश्वरको वासस्थान। अब त्यहाँ केहि मानिसहरु छन्...

85 हामीले यहाँ याद गर्छौं, उहाँले भन्नुभयो, "पहिलो हामीमा विश्वास, सद्गुण, ज्ञान, संयम, धैर्यता, भलाई वा भक्ति, र भातृ प्रेम हुनुपर्दछ।" ठिक छ। भातृ स्नेह र त्यसपछि प्रेम थप। मलाई यो पढ्न दिनुहोस्, सबै, फेरी एकपटक, ताकी तपाईले यो अहिले पाउनको लागि निश्चित भएको होस्। अब हामीहरु ५ औ पदमा शुरू गर्न जाँदैछौ।

> *यसैकारण,* सबै *किसिमका प्रयत्नद्वारा, तिमीहरूको विश्वासमा सद्गुण; र सद्गुणमा ज्ञान थप;*
>
> *र ज्ञानमा आत्मसंयम; र आत्मसंयममा धैर्य; र धैर्यमा भक्ति;*
>
> *र भक्तिमा भातृ–स्नेह; र भातृ–स्नेहमा दान थप,* जुन प्रेम हो।
>
> *...किनकि यी कुराहरू तिमीहरूमा प्रशस्त छन् भने, हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा यी कुराहरूले तिमीहरूलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन्।*

86 अब, पत्रुसले यहाँ हाम्रो लागि केहि रुपरेखा राख्दैछन्, कि त्यहाँ कसरी जाने।

87 अब म यो भन्न चाहन्छु, कि, त्यहाँ केहि मानिसहरु छन् जसमा यो सद्गुण, ज्ञान, विवेक, धैर्यता, र अन्य त्यस्तैको एक अंश छ, जसले इसाई हुँ भनि दाबी पनि गर्दैनन्। अब हामी केवल...हामीले सन्डे स्कूल सिकाईरहेका छौ। र त्यो सत्य हो। त्यहाँ केहि मानिसहरुमा यसको एक अंश हुन्छ, जो इसाई हुँ भनेर देखाउनेसम्म गर्दैनन्। तर त्यसले...त्यसले यो गर्दैन। यो कालो चराले मयुरको प्वाँखलाई आफ्नो पखेटामा हालेर, आफूलाई मयुर बनाउन खोजेको जस्तै हो। उसले केवल आफ्नो अपमान मात्रै गर्छ। कालो चरा नै रहनुमा उत्तम छ। बुझ्नुभयो? जब उसले यी कुराहरु इसाई नबनिकन अभ्यास गर्न खोज्छ, ऊ केवल ठाउँबाट बाहिर पुग्छ।

88 यो एउटा चिनारको रुखले स्याउ उत्पादन गर्न खोजेको जस्तै हो। यसले यो गर्न सक्दैन, बुझ्नुभयो, यद्धपि यो रूख हो। तर यसले स्याउ उत्पादन गर्न सक्दैन।

89 यो खच्चरले ऊन बनाउन खोजेको जस्तै हो, एउटा भेडा बन्न खोजेको जब कि ऊ वूल हो, वा, ऊ एउटा खच्चर हो। तपाई देख्नुहुन्छ, उसले ऊन उत्पादन गर्न सक्दैन। उसले यो गर्न सक्दैन। ऊन भेडाको लागि एउटा वरदान हो, एउटा खच्चरलाई होइन। उसले भेडाको जस्तो काम गर्न कोशिष गर्न सक्ला, तर ऊ अझै पनि एउटा खच्चर नै हो। बुझ्नुभयो? त्यसैले, उसले भन्छ, "ठिक छ, म भेडाले जसरी खान सक्छु। मैले भेडाले जस्तै *यो* गर्न सक्छु।" र चाहे तपाईले जे सुकै गर्न सकेको होस्, ऊन पाउनको लागि तपाई भेडा नै हुनुपर्छ।

90 र मलाई यहाँ एक मिनेट रोक्न दिनुहोस्। भेडाले ऊन उत्पादन गर्दैन। उसंग ऊन यसकारणले छ किनकि ऊ एउटा भेडा हो। धेरै जसो मानिसहरुले भन्न खोज्छन्, "ठिक छ, म राम्रो बन्न खोज्छु। म *यो* गर्न खोज्छु।" केहि पनि उत्पादन गर्दैन। होइन, तपाईले यो गर्न सक्नुहुन्न। एउटा भेडाले गर्दैन, सोधिदैन, ऊन उत्पादन गर्नको लागि उपेक्षा गरीदैन। यसले ऊन पैदा गर्छ, र यसले यसकारणले यो गर्छ किनकि ऊ एउटा भेडा हो।

91 र जब तपाई एउटा इसाई हुनुहुन्छ, तपाईले केवल पवित्र आत्माको फल पैदा गर्नुहुन्छ। तपाईले—तपाईले यो उत्पादन गर्नुहुन्न। तपाईले यो

बनाउन कोशिष गर्नुहुन्न। तपाईले प्रयास...तपाई जे होइन त्यो आफूलाई बनाउन नखोज्नुहोस्। तपाई केवल जे हुन पर्ने हो त्यो बन्नुहुन्छ, र यसले त्यसको ख्याल राख्छ। के मानिसहरुले यसो भनेको तपाईले सुन्नुभएको छ, "ठिक छ, म तपाईलाई भन्छु। म...म मण्डलीमा सामेल भए। म—मैले यो झुट बोल्ने काम छोड्नुपर्छ"? तपाईले फेरी पनि केहि कुरा उत्पादन गर्न कोशिष गर्दै हुनुहुन्छ, अहिले। तपाईले यो गर्न सक्नुहुन्न, त्यसैले प्रयास गर्नुनै पर्दैन, यो एउटा—एउटा खच्चर आफ्नै लागि—ऊन बनाउन खोजेको भन्दा फरक छैन। उसले यो गर्न सक्दैन।

92 वा, एउटा गिद्धले ढुकुर संगै खान खोजेको जस्तै हो, एउटा गिद्ध—एउटा गिद्ध एउटा ढुकुर बन्न खोजेको जस्तै हो। के तपाईले त्यहाँ एउटा बाजलाई बाहिर कल्पना गर्न सक्नुहुन्छ, भन्छ, "तिमीलाई थाहा छ, म एउटा ढुकुर हो नि," र थोरै प्वाँखहरु आफूमा राख्छ, भन्छ, "हेर, म उस्तै देखिन्छु..." बुझ्नुभयो? ऊ केवल आकार बाहिर हुनेछ। त्यो एउटा—एउटा मानिस हो जो त्यो हुँ भनिरहेको छ जो ऊ होइन। हेर्नुहोस्, तपाईले यो गर्न सक्नुहुन्न।

93 तपाईले भन्न सक्नुहुन्न, "अब हेर्नुहोस्, मसंग सद्गुण हुन पर्ने थियो, त्यसैले म सद्गुण ल्याउनेछु। म भक्तिसाथ जिउने हुनुपर्छ, त्यसैले म यो ल्याउनेछु।" किन, तपाईले केवल प्वाँख राख्न खोज्नुभएको हो। यद्धपि त्यो तपाईको पहुँचमा छन्, तर तपाईले गलत चरामा प्वाँख हाल्न सक्नुहुन्न। बुझ्नुभयो? यो बस काम गर्दैन। र यसले यो मात्रै देखाउछ कि त्यो चरा कति पाखण्डी छ भनि। बुझ्नुभयो? के तपाईले कल्पना गर्न सक्नुहुन्छ कि एउटा बुढो बाजले ढुकुरको प्वाँखहरु राख्ने प्रयास गर्छ, भन्छ, "यहाँ हेर, हेर, म एउटा ढुकुर हुँ"? बुझ्नुभयो? किन, हामी सबैलाई थाहा छ कि ऊ एउटा बाज हो। बुझ्नुभयो? बुझ्नुभयो? यति नै हो। हामीले ऊ एउटा बाज हो भनि भन्न सक्छौ।

94 ठिक छ, त्यहि नै तरिकामा यो छ, इसाईत्व—उत्पादन गर्न कोशिष गर्दैछ। तपाईले यो गर्न सक्नुहुन्न। तपाईले गर्न पर्ने पहिलो कुरा, नयाँ गरी जन्मनु हो। तपाई परिवर्तन हुनुपर्दछ। बुझ्नुभयो? र जब तपाई परिवर्तन हुनुहुन्छ, तपाई एउटा नयाँ सृष्टि बन्नुहुन्छ। अब तपाई ठिक हुँदै हुनुहुन्छ, अहिले। बुझ्नुभयो? अब तपाईले प्वाँखको लागि चिन्ता लिनुपर्दैन, यसले आफैले ख्याल गर्छ, जब—जब तपाई नयाँ गरी जन्मनुहुन्छ। हो, श्रीमान।

95 जस्तो मैले सधै भनेको छु। तपाईले एउटा—एउटा सुँगुरलाई लिनुहोस्, उसलाई धुनुहोस् र उसमा टक्ससेलर सुट लगाईदिनुहोस्, वा टक्सिडो सुट, बरु, उसमा लगाइदिनुहोस्, र उसलाई त्यहाँ बाहिर निकाल्नुहोस्; ऊ ठिक त्यो माटोको खाडलमा र हिलोमा जान्छ। किनभने, तपाई देख्नुहुन्छ, यसले केहि भलाई गर्दैन। ऊ एउटा सुँगुर हो। त्यो उसको स्वभाव हो। हिलोमा खेल्ने उसको स्वभाव हो। तपाईले उसको स्वभाव परिवर्तन गराउनुपर्दछ, र (ऊ) बाकि रहेको कुरा उसले आफैले सम्हाल्छ।

96 अब, ध्यान दिनुहोस्। तपाई नयाँ गरी जन्मनु पर्छ, जुन, परिवर्तन हुनुहो। त्यहाँ एउटा परिवर्तन हुनुपर्छ।

97 तपाई भन्नुहुन्छ, “ठिक छ, भाई ब्रन्हाम, यहाँ भएको यो निश्चित महिलालाई म चिन्छु, किन, उनले कहिल्यै पनि केहि गलत गरेकी छैनन्। उनी एउटा असल महिला हुन्। वा, यो *फलानो–र–फलानो* पुरुष, ऊ एउटा असल मानिस हो। उसले कहिल्यै पनि केहि गर्दैन। तपाईलाई थाहा छ कि उसले कहिल्यै पनि कसैलाई हानी गर्दैन।” यसको मतलब एउटा कुरा होइन। उसले एउटा असल छिमेकी बनाउन सक्ला, तर ऊ तबसम्म एउटा इसाई होइन जबसम्म ऊ नयाँ गरी जन्मदैन।

98 येशूले भन्नुभयो, “मानिस नयाँ गरी जन्मेन नभने,” सन्त यूहन्ना ३, जुन, “उसले राज्यलाई देख्न पनि सक्दिन।” अब, त्यसको अर्थ, *हेर्न,* यसको अर्थ “बुझ्न।”

99 तपाई कुनै पनि कुरामा हेर्नुहोस्, भन्नुहोस्, “म बस यो देख्न सक्दिन।” तपाईको अर्थ हो तपाईले यो बुझ्न सक्नुहुन्न हो।

100 एउटा मानिसले मानिसहरु किन कराउछन् भनि बुझ्न सक्दैन। एउटा मानिसले किन मानव जातिको भाषा परिवर्तन हुन्छ र अन्य भाषामा बोल्छ भनि बुझ्न सक्दैन। प्राकृतिक मानिसले देख्न सक्दैन कसरी परमेश्वरको महिमा मानिसको आँखामा आउँछ भनि, र उसले दर्शन देख्छ र मानिसलाई एउटा निश्चित कुरा, र के गर्ने भन्छ; तिनीहरुलाई हुन आउने कुराहरु भन्दछ, र घट्न सक्ने घटना भन्दछ, जसरी प्रभुले हाम्रो लागि गत राती यहाँ गर्नुभयो, यहाँ। बुझ्नुभयो? बुझ्नुभयो? प्राकृतिक दिमागले—पत्ता लगाउन खोज्छ। “ठिक छ, उसले के गर्यो? वा, के खालको छल यसले प्रयोग गरीरहेको छ? के खालको नौटंकी गर्दैछ?” एउटा मानिस अन्य भाषाहरुमा बोलिरहेको हेर्न, तिनीहरुले भन्छन्...र कसैले अनुवाद गर्छ

शरीरको निश्चित सदस्यले के गरेको छ, र तिनीहरुले के गर्नुहुदैन ठिक ठिक बताउँछ। बुझ्नुभयो? बुझ्नुभयो? तिनीहरुले सोच्छन् कि यो एक प्रकारको धोखा हो। "त्यहाँ तिनीहरुको बीचमा केहि कुरा बनिरहेको छ।"

101 तिनीहरुले यो तबसम्म बुझ्दैनन् जबसम्म त्यो मानिस नयाँ गरी जन्मदैन। त्यसपछि जब ऊ नयाँ गरी जन्मन्छ, तब ऊ संगतिको पंक्तिमा हुन्छ, किनभने ऊ एउटा नयाँ सृष्टि हो। त्यो पुरानो संदिग्ध, संकास्पद चरित्र जो उनको थियो, मर्दछ। अब, ऊ एउटा नयाँ सृष्टि हो। त्यसैले, तपाईले देख्नुहुन्छ, उसले आफ्नोमा कुनै पनि कुरा थप्न पर्दैन, अब, किनभने यो आपसेआप थपिनेछ।

102 ध्यान गर्नुहोस्, तपाई नयाँ गरी जन्मनुपर्दछ। र जब तपाई नयाँ गरी जन्मनु हुँदछ, तपाई विश्वास बिना नयाँ गरी जन्मन सक्नुहुन्न। त्यो सहि हो। त्यसैले, तपाई देख्नुहुन्छ, यहाँ मेरो चार्टमा, मसंग त्यहि जग छ, विश्वास यो सबैको जग हो। "विश्वास बिना परमेश्वरलाई खुसी पार्न असम्भव छ। परमेश्वर कहाँ आउने सबैले यो विश्वास गर्नुपर्दछ कि उहाँ हुनुहुन्छ, र उहाँलाई दृढतापूर्वक खोज्नेहरुलाई उहाँले इनाम दिनुहुन्छ।" बुझ्नुभयो? उहाँ हुनुपर्दछ। र जब तपाई बाईबललाई संका गर्ने हुनुहुन्छ, जब तपाई वचन सहि छ भन्ने कुरामा संकालु हुनुहुन्छ, तपाई पनि पहिले यसलाई विश्वास नगरेसम्म पछाडि नै रहन सक्नुहुन्छ।

103 पाप के हो? अविश्वास। त्यहाँ केवल दुईवटा तत्वहरु छन् जसले मानव जातिलाई नियन्त्रण गर्दछ। त्यो कि त संका हो वा विश्वास, एउटा वा अर्को। तपाईको जीवनमा प्रभुत्व जमाउने एकले संचालित हुनुहुन्छ। केवल तपाईमा कति विश्वास छ भन्ने कुरामा भर पर्छ, कति माथि तपाई उठ्न सक्नुहुन्छ।

104 तर, पहिलो, यो विश्वास हुनुपर्दछ। मलाई केहिबेर त्यो जगमा बस्न दिनुहोस्। अब, विश्वास भनेको जुन तपाईले श्रद्धा गर्नुपर्दछ। विश्वास के हो..."विश्वास भनेको आशा गरीएको कुराको पदार्थ हो।" यो, तपाईसंग विश्वास छ भने तपाईसंग यो पहिले नै छ, किनभने यो विश्वासमा प्रकट गरिन्छ। "विश्वास आशा गरीएको कुराको पदार्थ हो," हिब्रू ११, बुझ्नुभयो, "प्रमाण।" यो के हो? कस्तो खालको प्रमाण? एउटा पवित्र प्रमाण।

105 त्यसैले, जब तपाई भन्नुहुन्छ, "भाई ब्रन्हाम, म विश्वास गर्छु कि परमेश्वर एउटा चंगाईदाता हुनुहुन्छ।" ठिक छ, यदि तपाई त्यो विश्वास गर्नुहुन्छ भने, र त्यसपछि उहाँलाई आफ्नो चंगाईकर्ताको रूपमा स्वीकार गर्नुहुन्छ, र झुटो

होइन, तर वास्तवमै विश्वास गरेर कि उहाँको चोटबाट तपाई निको हुनुभयो, त्यहाँ केहि पनि कुरा छैन जसले तपाईलाई त्यसबाट तर्काउन सक्छ। यो पूरा भएको कुरा हो। अब तपाईसंग आशा हुनसक्छ, केवल *यसमा* आलटाल गर्नुहुन्छ, र *त्यसमा* आलटाल गर्नुहुन्छ। तर जब तपाईसंग विश्वास हुन्छ, तपाईलाई यो थाहा छ, किनभने यो प्रमाण हो। तपाईले यो पाईसक्नु भएको छ। म थिएँ...

106 कतिजना, कसैले, कहिल्यै आज बिहान ओरल रोबर्ट्सलाई सुन्नुभयो, जब उहाँले आज बिहान प्रचार गर्दै हुनुहुन्थ्यो, ओरल रोबर्ट्स? म—मैले उहाँले केहि कुरा भनेको सुने वा अन्यले भनेको कि त्यहाँ एउटा विश्वास छ, त्यो छुटकारा हो, विश्वासको प्रार्थनाको लागि प्रार्थना गर्दै थिए, छुटकाराको। उहाँले भन्नुभयो, "रेडियोलाई छोएर आफ्नो सम्पर्क बनाउनुहोस्, केहि कुरा छोएर आफ्नो सम्पर्क बनाउनुहोस्, केहि..." त्यो मानिसले त्यसो गर्दै थियो, ताकी यसले मानिसलाई केहि दियोस् जहाँ तिनीहरुले आफ्नो हात राख्न सकून्। केहि, तपाई भन्नुहुन्छ, "यो मैले अहिले पाए, किनभने उहाँले मलाई उहाँको रेडियो छुनु भन्नुभयो। मैले यो पाए।" बुझ्नुभयो? अब, त्यो सब ठिक छ। तर, अब, वास्तविक विश्वासले ती केहि पनि चिज छुनु पर्दैन। अब, म भाई ओरललाई निन्दा गरिरहेको छैन, पटक्कै होइन। उहाँले महान काम गर्दै हुनुहुन्छ, र एउटा ईश्वरीय मानिस, र म—मैले निश्चित रूपमा भाई ओरल रोबर्ट्सको बारेमा धेरै सोच्छु। एकदम नराम्रो हो कि हामीले यस्तै धेरै पाएका छैनौ।

107 तर म के भन्न खोजिरहेको छु, कि—कि, विश्वासलाई केहि पनि चाहिदैन। बुझ्नुभयो? विश्वासले परमेश्वरको वचनमा विश्वास राख्दछ। किनकि विश्वास "छुनु" बाट आउँछ? होइन। "विश्वास सुनुवाईबाट आउँछ, र परमेश्वरको वचन सुनेर आउँछ।" त्यसले बोक्दछ। यो त्यहाँ छ। बुझ्नुभयो? र विश्वास, जस्तो यसले भनेको छ, यसमा कुनै दूरी छैन। विश्वास ठिक अहिले हो। विश्वास यहाँ छ। अब कोहि छ भने जस्तै...

108 त्यो सानो बच्चा, अर्को दिन। त्यो आमा जसको बारेमा बहिनी किड र उहाँहरुले भन्दै हुनुहुन्थ्यो, जसको पेट बाहिर निस्केको सानो बच्चा थियो, मलद्वारमा कुनै खुल्ला थिएन, खाना त्यसबाट जानको लागि। अब, यो महिला, बहिनी किड र उहाँहरुले गवाहि दिएको सुन्दै, विश्वास गर्नुभयो कि यदि उहाँले त्यो सम्पर्क पाउन सके, र मैले त्यस बच्चाको निम्ति प्रार्थना

गरीदिए। अब, हेर्नुहोस्, परमेश्वरले हामीलाई मानिसहरु दिनुहुन्छ...

109 हामी मध्ये कतिजनामा परमेश्वरसंगको अनुभवहरु छन्, यति—यति वास्तविक छ कि परमेश्वर ठिक यहाँ गईरहेको जस्तो बन्नुहुन्छ, जस्तो, र भाई नेभिल वा कसैसंग बोल्दै गर्दा जो संग तपाई परिचित हुनुहुन्छ। र हामी कहिले कहिँ ती मानिसहरुलाई प्रार्थना गर्नको निम्ति माग्दछौं। त्यो नै हामीले गर्न पर्ने हो। तब यदि हामीसंग विश्वास छ कि त्यस पुरुष वा महिला, जो कोहि पनि हाम्रो निम्ति प्रार्थना गर्दैछन्, परमेश्वरसंग बोल्दैछ, तब हाम्रो विश्वास पक्डिएको छ। यो पुरा भयो। यो मिलाईएको छ।

110 यहाँ। रोमी येशूलाई भेट्नलाई बाहिर गए। र उसले भन्यो, "तपाई मेरो घरमा आउनुको म—म योग्य छैन। म—म छैन। म—म योग्य छैन। र म—म छैन...म—म आफैलाई त्यो तरिकामा गन्दिन। तर।" भन्यो, "मेरो छोरा एकदमै बिमार छ। र तपाई केवल शब्द बोलिदिनुहोस्, बुझ्नुभयो, र मेरो छोरा जिउनेछ।"

111 यो के थियो? दूरीले केहि फरक पारेन। बुझ्नुभयो? किनभने, परमेश्वर सर्वव्यापी हुनुहुन्छ। परमेश्वर सर्वव्यापी हुनुहुन्छ। र परमेश्वर जताततै हुनुहुन्छ, सर्वशक्तिमान त्यहाँ हुनुहुन्छ। र परमेश्वर, सर्वव्यापी भएकोले, त्यसले परमेश्वरलाई सबैतिर, सर्वत्र बनाउछ। बुझ्नुभयो? परमेश्वर उत्तिकै महान जर्मनी, स्विजरल्याण्ड, र तल अफ्रिकामा हुनुहुन्छ, ठिक यो मिनेटमा, जत्तिको उहाँ अहिले यहाँ हुनुहुन्छ। ओ! त्यहाँ तपाई हुनुहुन्छ।

112 त्यसैले अब उसले भन्यो, "तपाई मेरो छानामुनि आउनको योग्य म छैन। केवल शब्द बोलिदिनुहोस्।" यो के थियो? यो त्यस रोमीको विश्वास थियो। उसले यो विश्वास गर्यो।

र येशूले भन्नुभयो, "आफ्नो बाटो जाऊ। तिम्रो छोरा जिउछ।"

113 र ऊ निस्कियो, दुई–दिनको यात्रामा। र अर्को दिन, ऊ घर पुग्नुभन्दा अगाडि, उसले उसको केहि नोकरहरु आउदै गरेको भेटाए। र तिनीहरुले भने, "तिम्रो छोरा जिउदो छ।"

114 र रोमी यति खुसी भयो, उसले भन्यो, "दिनको कुन समयबाट ऊ ठिक हुन थाल्यो? दिनको कुन भागमा?"

उसले भन्यो, "लगभग एघारौ घण्टामा, ऊ परिमार्जन हुन थाल्यो।"

115 र रोमीले थाहा पायो कि त्यो उही समय थियो जब येशूले भन्नुभयो, “तिम्रो छोरा जिउछ,” र उसले यो विश्वास गरेको थियो। आमेन।

116 सर्वशक्तिमान, सर्वव्यापी, सर्वज्ञ, असिम, त्यो परमेश्वर हुनुहुन्छ। त्यसैले, जब तिनीहरुले फोन कल गर्छन् र भन्छन्, “प्रार्थना गर्नुहोस्!” त्यो सम्पर्क! अनि तपाईको विश्वासले परमेश्वरलाई ल्याउँछ। यो त्यो चिज हो जसले प्रार्थना र परमेश्वरलाई, एकसाथ, दृष्यमा ल्याउँदछ। प्रार्थना! विश्वास *यहाँ* देखि *यहाँ* परिवर्तन हुन्छ। यसले यसलाई एकसाथ ल्याउँदछ।

117 “वचन बोल्नुहोस्। म तपाईले वचन बोलेको चाहन्छु, र सबैकुरा ठिक छ।” बुझ्नुभयो, उहाँ त्यहाँ हुनुपर्दैन। “केवल वचन बोल्नुहोस्।” किन? परमेश्वर सर्वव्यापी हुनुहुन्छ। उहाँ सर्वशक्तिमान हुनुहुन्छ। उहाँ संसारको मुनि उस्तै शक्तिशाली हुनुहुन्छ जति उहाँ संसारको माथि हुनुहुन्छ, वा दुवैतिर हुनुहुन्छ। उहाँ परमेश्वर हुनुहुन्छ। “र तपाईले केवल गर्नपर्ने काम यो हो कि वचन बोल्नुहोस्,” उसले भन्यो।

118 र, अब, बाकि काम विश्वासले गर्दछ। विश्वासले बाकि काम गर्दछ। त्यसैले तपाईसंग एउटा जगको लागि विश्वास हुनुपर्दछ। सबै इसाई धर्म, सबै तपाई हुनुहुन्छ, सबै तपाई हुनसक्नुहुन्छ, त्यो वचन माथि विश्वासमा आधारित छ। त्यहि नै कारणले म वचनलाई विश्वास गर्दछु। बुझ्नुभयो?

119 म आफ्नो विश्वास अरु केहिमा राख्न सक्दिन। यदि मैले मण्डलीमा राख्न जाँदैछु भने, म यो कुन चाहि मण्डलीमा राख्ने: क्याथोलिक, लूथरन, मेथोडिष्ट, ब्याप्टिष्ट, पेन्टिकोष्टलमा? म यसलाई कहाँ राख्छु? मलाई थाहा छैन। तिनीहरु सबै र अरु सबै आशंकित छन्, तोडमरोड, र त्यस्ता सबै कुरा गर्छन्।

120 तर जब म आफ्नो वचन उहाँमा राख्छु, यो पूरा हुन्छ। कसैले यो व्याख्या गर्दैन। यो यहाँ छ, **परमप्रभु यसो भन्नुहुन्छ**। तब म त्यो विश्वास गर्छु। त्यहाँ आधार छ।

121 यहाँ शहरमा एउटा राम्रो सानो डाक्टर, मेरो एउटा साथी, डाक्टर साम अडेर। हामीहरु संगै सानोमा हुर्कियौ। तपाई सबैले सामलाई चिन्नुहुन्छ। र उहाँले मलाई भन्नुभयो, उहाँले भन्नुभयो, “बिल…” त्यो दर्शन आएपछि, उहाँले आफ्नो ठाउँ कहाँ बनाउनुहुन्छ भने पछि, यो कस्तो देखिनेछ। अब त्यहाँ भित्र जानुहोस्, यदि यो सत्य होइन भने उहाँलाई कुनै समयमा सोध्नुहोस्। यो हुनुभन्दा दुई वा तिन वर्ष पहिले, यो कहाँ हुनेछ

सो भनिदिएको थिएँ। मैले भने, "तपाईले लगभग त्यो शहरको ब्लक लिनुहुनेछ।" र त्यहाँ अरु केहि नभएर उहाँ र त्यसको बीचमा एउटा कुरा थियो, र त्यो पुनर्वास स्थान थियो। डाक्टर अडेरले यसको बाकि, र अपोथेकेरी पाउनुभएको छ। यो नै हो। डाक्टर अडेर ठिक त्यो दर्शन कै अनुसार, भर्नुभएको छ। कहाँ, एउटा ठाउँ जुन उहाँले भन्नुभयो, "यो पच्चीस वर्षसम्म पनि छुन सकिन्न। यो अदालतमा छ।"

122 मैले भने, "डाक्टर, तपाईको नम्रताको कारणले, प्रभुले यो तपाईलाई दिनुहुन्छ।"

उहाँले भन्नुभयो, "म राम्रो छैन।"

123 मैले भने, "तपाई एक कछुवा हुनुहुन्छ। तपाईसंग बाहिर एउटा खोल छ, एउटा तह जुन तपाईले यहाँ आफ्ना साथीहरुलाई हेर्नुहुनेछ, तर भित्र तपाई एउटा सच्चा व्यक्ति हुनुहुन्छ। त्यो खोलबाट बाहिर आउनुहोस्।" मैले भने, "परमेश्वरले यो तपाईलाई दिनुहुन्छ।"

124 उहाँले भन्नुभयो, "मैले कहिल्यै पनि तपाईमा संका गरेको छैन, बिल्ली, तर मैले त्यो संका गर्नुपर्छ।"

मैले भने, "आफ्नो कार्यलयमा जानुहोस्।" र त्यसैले उहाँ बाहिर जानुभयो।

125 अर्को बिहान, उहाँले मलाई कल गर्नुभयो, भन्नुभयो, "म मर्ने गरी चिसिएको छु।"

126 मैले भने, "के भयो?" यो लगभग जुलाईमा थियो। मैले भने, "के कुरा हो, डाक्टर?"

127 भन्नुभयो, "मैले त्यो ठाउँ किनिसके, बिल्ली। गत राति बोस्टनमा उहाँहरुको सभा भयो, र आज बिहान मैले यो ठाउँ किनीसके।"

भने, "मैले तपाईलाई भनेको थिएँ।"

128 अर्को दिन म त्यहाँ तल, उहाँसंग बोलिरहेको थिएँ, जब बन्दुक मेरो अनुहार निर पड्कियो। उहाँले भन्नुभयो, "म कल्पना गर्छु कि मैले यहाँ आउने हजारौ मानिसहरुलाई त्यो भनेको थिएँ, त्यस्तै।" यो के हो? अब, जब परमेश्वरले केहि कुरा बोल्नुहुन्छ, यो पूरा हुनुपर्दछ।

129 हिजो साँझ केहि मित्रहरु भित्र आउनुभयो। तिनीहरुले त्यो क्यारीबाउको दर्शन सुनेका थिएँ जुनमा बयालीस इन्च सिङ, र चाँदीको–

टुप्पो ग्रिज्ली भालुको बारेमा थियो। मलाई थाहा छैन यहाँ घरमा आउनुभएका कति जनाले, त्यो हेर्न चाहनुहुन्छ। मैले भने, “यहाँ टेप मापन छ। सिङ्मा जानुहोस्।” यो पूरा हुनुभन्दा अगाडि उहाँले यो भनेको सुन्नुभएको थियो। बुझ्नुभयो? किन? जब परमेश्वरले केहि कुरा भन्नुहुन्छ, यो पूरा हुनुपर्छ। त्यहि नै कारण हो, यो आधारित छ।

130 अब, *यहाँ* मुक्तिको योजना छ। र त्यसपछि यदि उहाँको दर्शन पूर्ण रुपले पूरा हुन्छ, ठिक उही तरिकाले जस्तो त्यो तिनीहरुले हुन्छ भनि भन्दछ, र यो मण्डलीलाई यहाँ त्यो सहि हो भनि थाहा छ, तब उहाँको वचनको बारेमा के हो? बुझ्नुभयो? त्यो दर्शनभन्दा पनि बढि पक्का हो। यदि दर्शन वचनसंग बोलेन भने, तब दर्शन गलत हो। तर यो वचन हो, पहिलो, किनभने वचन परमेश्वर हुनुहुन्छ। बुझ्नुभयो? त्यसैले, उहाँ सर्वव्यापी हुनुहुन्छ। उहाँले त्यो यहाँ बोल्नुभयो, र यसलाई क्यानडामा पूरा गर्नुभयो। आमेन। बुझ्नुभयो, उहाँ सर्वव्यापी हुनुहुन्छ। ठिक छ।

131 पहिलो, तपाई नयाँ गरी जन्मनु पर्दछ। र त्यसपछि जब तपाई नयाँ गरी जन्मनु हुन्छ, तपाईमा विश्वास हुन्छ; तपाईले वचन विश्वास गर्नुहुन्छ। तपाई नयाँ गरी नजन्मेसम्म, तपाई यसको विरुद्धमा तर्क गर्नुहुनेछ। यदि तपाई मात्रै धार्मिक झुकावमा हुनुहुन्छ भने, र—र तपाईले सहि काम गर्नुपर्छ भनेर एउटा—एउटा—एउटा सानो मानवीय ज्ञान पाउनुभएको छ भने, तपाई कहिल्यै पनि परमेश्वरको वचनमा सहमत हुन सक्नुहुनेछैन। तपाईले यो कहिल्यै गर्नुहुनेछैन। तपाई फेरी जन्मनु पर्दछ। र, नयाँ जन्म, यसले विश्वास उत्पन्न गराउँछ। ठिक छ। त्यसपछि, तपाईले विश्वास पाउनु भए पछि, यो ठिक *यहाँ*, एफ–ए–आई–टी–एच, विश्वास, तब तपाई बस विकास हुने स्थानमा हुनुहुन्छ।

132 अब, धेरैजसो मानिसहरु वेदी माथि जान्छन्, र प्रार्थना गर्छन्, र भन्छन्, “प्रभु, मलाई क्षमा दिनुहोस्।” र पवित्रीकरणको एउटा ठूलो अनुभव तिनीहरुमाथि आउँछ, र त्यस्तै कुराहरु। तब तपाईमा एउटा महान समय हुन्छ, माथि वेदीमा जान्छन्, चिच्याउछन्। तपाई फर्केर जानुहुन्छ, भन्नुहुन्छ, “परमेश्वर धन्यको होस्, मैले यो पाए।” होइन, तपाईले भर्खरै एउटा ठाउँमा शुरू गर्नुभयो जहाँ तपाई विकास हुन सक्नुहुन्छ। तपाईले अहिलेसम्म केहि पनि गर्नुभएको छैन। बुझ्नुभयो? तपाईले गर्नुभएको काम केवल जग बसाल्नुभएको छ।

133 अब तपाईले एउटा घर बनाउन जाँदै हुनुहुन्छ, र जग खन्याउनुहुन्छ, र भन्नुहुन्छ, "केटा, मैले उनलाई पाए।" बुझ्नुभयो? तपाईले घर बसाल्नको लागि तपाईले जग पाउनुभयो। अब तपाईले एउटा घर बनाउनुपर्छ।

134 अब त्यहाँनिर चाहि कुरा आउँछ, यस बिहान, हामीहरु यसको बारेमा अब बोल्न गईरहेका छौ। ठिक छ। एउटा घर, पहिलो यो जग हो। इसाई धर्मको जग के हो? परमेश्वरको वचनमा विश्वास हो। त्यो तपाईको जग हो। तब तपाई हुर्कन थाल्नुहुन्छ। तब तपाईले शुरू गर्नुहुन्छ, तपाईले यस जगमा थप्न थाल्नुहुन्छ।

135 अब, एउटा घर बनाउन, तपाईले आफ्नो ठाउँहरु र सबै कुरा राख्नुहुन्छ। भाई वूड, र यी मध्ये केहि सिकर्मी र ठेकेदारहरुले हामीलाई तपाईले आफ्नो घर कसरी बनाउने भनेर बताउन सक्नुहुन्छ। बुझ्नुभयो? तर म तपाईलाई तपाईको आत्मिक घर कसरी बनाउने भनेर बताउन गईरहेको छु, जहाँ परमेश्वर वास गर्न सक्नुहुन्छ। उहाँ तपाईमा वास गर्न चाहनुहुन्छ। उहाँले तपाईलाई उहाँ जस्तै बनाउन चाहनुहुन्छ। उहाँ चाहनुहुन्छ कि तपाई प्रतिबिम्वित हुनुहोस्, प्रतिबिम्वित, बरु, उहाँको अस्तित्वमा भएको चाहनुहुन्छ।

136 तपाईलाई थाहा छ, पुराना समयमा जब तिनीहरुले सुन बनाउने गर्थे, तिनीहरुले यसलाई जलाउनको लागि प्रगालक हुनुभन्दा अगाडि, तिनीहरुले सुनलाई पिट्ने गर्थे, तत्वलाई पिट्थे, फलाम र तामा र अन्य तत्वहरु, र मात्रै पिटिरहन्थे, र त्यसलाई फर्काउथे, र यसलाई पिटिरहन्थे। इन्डियनहरुले अहिले त्यो गर्छ, सुनलाई पिट्ने, र तिनीहरुले यसलाई पिट्थे। तपाईलाई थाहा छ तिनीहरुले सबै फलाम, धुलो र ती चिजहरु, धातुमलहरु बाहिर गयो भनेर कसरी भन्न सक्थे? त्यो पिटिरहनेले जब आफ्नै प्रतिबिम्व देख्न सक्थ्यो, ऐनामा जस्तै, त्यसमा। यो पिट्नेको प्रतिबिम्व देखाएसिन यो पर्याप्त रुपमा सफा र स्पष्ट थियो।

137 त्यो तरिकामा परमेश्वरले गर्नुहुन्छ। उहाँले पृथ्वीमा पाउनुभएको सुन लिनुहुन्छ, र उहाँले यसलाई पिट्नुहुन्छ, पवित्र आत्माद्वारा, यसलाई पल्टाउनुहुन्छ, बारम्बार, बारम्बार, र तबसम्म यसलाई पिट्नुहुन्छ (उहाँले प्राप्त गर्नुहुन्छ) जबसम्म उहाँले आफ्नो प्रतिबिम्व देख्नुहुन्न। [भाई ब्रन्हामले केहि पटक ताली बजाउनुहुन्छ—सम्पा।]

138 र त्यो नै हामीले गर्नुपर्ने हो, परमेश्वरको पुत्रको प्रतिबिम्व गर्ने। र अब

हामीले उहाँको काम गर्न पर्ने हो। उहाँले भन्नुभयो, “जसले ममाथि विश्वास गर्छ...” सन्त यूहन्ना १४:७, “म माथि विश्वास गर्नेले, मैले गरेका कामहरु गर्ने छन्।” तपाईले ख्रीष्टको कामहरु प्रतिबिम्व गर्न थाल्नुभएको छ।

139 तर हामी मध्ये धेरैले ख्रीष्टको प्रतिबिम्व हामीमा हुनुभन्दा अगाडि ख्रीष्टका कामहरु गर्ने प्रयास गर्छौं। अब त्यहाँ समस्या छ। हामीले ती कुराहरु भईरहेको पाउन सक्छौ। तपाईलाई यो थाहा छ। मलाई यो थाहा छ। हामीले यी, ठेस खाने कुराहरु बाटोमा देख्छौ। हामीले इसाई, सेवकहरुको कबाड सामग्रीहरु, बाटोभरी थुप्रो लागेको पाउँछौ, कारण तिनीहरु यसमा सहि तरिकाले गएनन्।

140 र त्यसैकारणले म आज यस बिहान यहाँ छु, यो सानो मण्डली, र म आफैलाई सिकाउन कोशिष गर्दैछु, कसरी हामी जीवित परमेश्वरको वासस्थान बन्न सक्छौ। कतिजना त्यो बन्न मन पराउनुहुन्छ? जीवित परमेश्वरको वासस्थान!

141 अब हामी के गर्छौं यहाँ। पहिलो कुरा के हो? विश्वास राख्नुहोस् र नयाँ गरी जन्मनुहोस्। त्यो जग बसाल्नु हो।

142 त्यसपछि, हामीले जग बसालिसकेपछि, दोस्रो तपाईले आफ्नो जगमा थप्नुहोस्। “आफ्नो विश्वासमा थप्नुहोस्,” पत्रुसले यहाँ भनेको छ। तिम्रोमा थप...पहिलो तपाईमा विश्वास हुनुपर्छ, त्यसपछि तपाईले आफ्नो विश्वासमा सद्गुण थप्नुहोस्। यो अर्को स्तम्भ हो। पहिलो, आफ्नो जग खन्याउनुहोस्, विश्वास। त्यसपछि तपाईको विश्वासमा, सद्गुण थप्नुहोस्।

143 अब, ठिक त्यहाँनिर हामीहरु धेरैलाई पछार्छ। हो, श्रीमान। हो। “तपाईको विश्वासमा पुण्य थप्नुहोस्।” त्यसको अर्थ कन्या जीवन जिउनु मात्रै होइन, तपाईलाई थाहा छ, जस्तो कि महिला वा एउटा पुरुष, र आदि। त्यो संग यसको कुनै सरोकार नै छैन।

144 बाईबलले भन्छ, हामीले यहाँ लूकाको पुस्तकमा पढ्छौ, जहाँ यो भनेको छ, “उहाँबाट पुण्य बाहिर गयो।” त्यो सहि हो? यदि हामी उहाँ जस्तै हुन जाँदैछौ भने, हामीमा पुण्य हुनुपर्दछ, त्यसबेलामा। हामीमा यो हुनु नै पर्छ, उहाँ जस्तो हुनको लागि। मैले मन पराएको पहिलो गीत, भजन—भजनमा, सबैभन्दा महान, थियो, *येशू जस्तै हुने।* ठिक छ, यदि म येशू जस्तै हुन जाँदैछु भने, मसंग सद्गुण हुनुपर्दछ, र एउटा माध्यम जुन यो मबाट मानिसमा जान सकोस्। किनभने, “उहाँबाट मानिसहरुमा पुण्य गयो।”

सद्गुण! र तपाईले यसलाई बाहिर जान दिनुभन्दा अगाडि, तपाईसंग पहिलो त यो हुनुपर्दछ। तपाईले यो पाउनुभएको छैन भने, यो बाहिर आउनेछैन। यसबाट बाहिर आउनको लागि त्यहाँ केहि पनि छैन।

145 के हुन्छ यदि कसैले हामीबाट पुण्य निकाल्न खोज्छ, र चेक फिर्ता फर्किन्छ "अपर्याप्त कोष" भनेर? बुझ्नुभयो? होइन, होइन, त्यहाँबाट तान्न केहि पनि छैन, चेक बाउन्स भयो। कसैले तपाईलाई एउटा इसाईको रूपमा हेर्दैछ, र भोली तपाईलाई यहाँ एउटा पापीको रूपमा हिडिरहेको देख्छ, त्यसबाट धेरै सद्गुण लिन सकिदैन। बुझ्नुभयो? ठिक छ।

146 सद्गुण हामीमा हुनुपर्दछ। र हामीले सद्गुण अर्थात् पुण्य नपाएसम्म... त्यसपछि जब हामीले साचो सद्गुण पाउँछौ, हामीले यसलाई विश्वासमा जोड्न सक्छौ। त्यो अर्को जगको पर्खाल हो। अब, पहिलो तपाईसंग विश्वास हुनुपर्दछ। विश्वास एक्लैले मात्रै यो गर्दैन। तपाईसंग हुनुपर्छ...पत्रुसले भने, "तब आफ्नो विश्वासमा सद्गुण थप।" विश्वासमा थप्नको लागि, तपाईसंग सद्गुण हुनुपर्दछ।

147 अब, त्यसपछि, तपाईसंग यो नहुनुको कारण, यो हुनसक्छ, किनभने आजका धेरै मण्डलीहरुले तपाईसंग यो हुनुपर्दैन, वा त्यो दिन बितिसकेको छ भनि सिकाउँछन्। "तिनीहरुसंग यो हुनुपर्दैन। केवल तपाईले गर्न पर्ने कुरा मण्डलीमा सामेल हुनु हो। हो, ती दिनहरु बितिसकेका छन्।"

148 सद्गुण, जो कोहिलाई पनि सद्गुण शब्दको अर्थ थाहा छ, हेर्नुहोस्, र हामीमा यो हुनुपर्दछ। यदि उहाँबाट पुण्य गयो, बिमार भएकि स्त्रीलाई निको पार्नको लागि, उहाँले उही सद्गुण मण्डलीमा अपेक्षा गरिरहनुभएको छ, किनभने उहाँ हाम्रो उदाहरण हुनुहुन्थ्यो। र यदि उहाँसंग मानिसहरुलाई दिनको लागि सद्गुण थियो भने, उहाँले हामीमा पनि मानिसहरुलाई दिनको लागि सद्गुण अपेक्षा गर्नुहुन्छ। र सद्गुण के हो? सद्गुण बल, शक्ति हो।

149 ती मध्ये कतिले त परमेश्वरको शक्तिमा समेत विश्वास गर्दैनन्। तिनीहरु भन्छन्, "त्यो—त्यो—त्यो बितिसकेको छ। तपाईले गर्न पर्ने एक मात्र काम तपाईले पुस्तकमा नाम राख्नुहोस्, र छिर्काउ लिनुहोस्, वा पोख्नुहोस्, वा बप्तिष्मा लिनुहोस्, वा अरु अन्य के छन्। र तपाईले गर्न पर्ने त्यति मात्रै हो।"

150 तर पत्रुसले यहाँ भने, "सद्गुण थप।" अब, पत्रुसले परमेश्वरको घर निर्माण गर्ने विषयमा बोलिरहेका छन्, हेर्नुहोस्, परमेश्वरको मन्दिर, यसलाई

एउटा ठाउँ तयार पार्दै। र तपाईसंग सद्गुण भईसकेपछि, तपाईसंग हुनुपर्छ... तपाईसंग विश्वास भएपछि, तपाईको यो संग सद्गुण हुनुपर्दछ। त्यो सहि हो। सारा संसारको लागि सद्गुण राख्नुहोस्।

151 मैले लगभग बिस वर्ष अगाडि एउटा प्रवचन प्रचार गरेको थिएँ, मलाई लाग्छ, रेभ. मिस्टर. लिली को विषयमा। लिली, पास्टर। यसलाई त्यो पाठबाट लिए जहाँ येशूले भन्नुभयो, "लिली फूललाई विचार गर, कसरी तिनीहरुले न त परिश्रम गर्छन् न कात्छन्। तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्नो सारा गौरवमा यीमध्ये एउटा जतिको पनि विभूषित थिएनन्।"

152 लिलीलाई हेर्नुहोस्। यो तल हिलोबाट आउँछ। र दिनको हरेक मिनेट यसले पृथ्वीबाट लिनुपर्दछ। बुझ्नुभयो। र यसले यो सद्गुणबाट के गर्छ जुन यसले आकर्षित गर्छ? यसले यो बाहिर दिन्छ। यसले प्रशंसकको लागि सुन्दर दृश्य बनाउँछ। यसले आफैलाई महको निम्ति खोलिदिन्छ, मौरीलाई आएर आफ्नो भाग लिनको निम्ति। गुनासो गर्दैन। यसले केवल पाएको छ, बाहिर दिनको निम्ति। के हुन्छ यदि मौरी त्यहाँ आयो; अपर्याप्त कोष, कुनै मह हुदैन? त्यो सानो मौरीले आफ्नो टाउको कनाउछ र भन्छ, "यो कस्तो खालको लिली होला?"

153 यदि कुनै मान्छे, मुक्ति पाउनको लागि कोशिष गर्दै, त्यो मण्डलीमा जान्छ जसले आश्चर्य कर्मका दिनहरु बितिसकेका छन् भनि विश्वास गर्छ?

154 जस्तो ज्याक को ले एकपटक भनेका थिए। एउटा रेस्टुरेन्टमा जानु, र एउटा महान ठूलो मेन्यु छ; त्यसलाई पढ्न शुरू गर्यो, टि–बोन स्टिक्स र चिजहरु। भन्छन्, "म एउटा टि–बोन लिन्छु।"

"ठिक छ, त्यो बितिगएका दिनहरुमा थियो। हामीसंग यो छैन।"

155 शायद मेन्युलाई तल राखेर बाहिर निस्किन्छु, त्यो सहि हो, किनकि यसै पनि, खानको तिनीहरुसंग केहि पनि छैन। त्यसैले तपाई पनि त्यो रेस्टुरेन्टमा जानुहुन्छ होला जहाँ खानको लागि केहि कुरा छ।

156 र आत्मिक मानिस, हुर्किरहेको, खानको लागि तिनीहरुसँग केहि चाहिन्छ। त्यो परमेश्वरको वचन हो। म यसको प्रत्येक वचन विश्वास गर्छु।

> परमेश्वरको फराकिलो मेच छ जहाँ परमेश्वरको
> सन्तहरुले खान्छन्,

उहाँले आफ्ना चुनेका जनहरुलाई बोलाउनुहुन्छ,
"आओ र खाना खाओ।"
उहाँको मन्नले उहाँले खुवाउनुहुन्छ, उहाँले हाम्रा सबै
आवश्यकताहरु पूरा गर्नुहुन्छ,
ओ, येशू संग सधै भोज गर्नु आनन्दको कुरा हो!

157 त्यो सहि हो। हो, श्रीमान। उहाँले यो पाउनुभएको छ। मण्डलीसंग यो छ, जीवित परमेश्वरको मण्डली, जुन मानिसको सिद्धतामा निर्माण भएको छ, ख्रीष्टको ज्ञानमा। अब, अब तपाईसंग सद्गुण हुनुपर्दछ।

158 त्यसबेला मैले भने, पहिलो कुरा तपाईलाई थाहा छ, त्यहाँ कसैलाई बास्ना सुँघ्न मन पर्छ। उहाँ स्वार्थी हुनुहुन्न। उहाँसंग अत्तर छ। उहाँले त्यो दिनुभन्दा पहिले, उहाँसंग त्यो हुनुपर्छ। उहाँले मह दिनुभन्दा अगाडि, उहाँसंग यो हुनुपर्दछ। उहाँले सुन्दरता दिनुभन्दा अगाडि, उहाँसंग यो हुनुपर्दछ।

159 तपाईले सद्गुण दिनुभन्दा अगाडि, तपाईसंग यो हुनुपर्दछ। त्यसैले, आफ्नो विश्वासमा, सद्गुण थप्नुहोस्। आमेन। बुझ्नुभयो? हामी त्यसमा लामो समयसम्म बस्न सक्छौ, तर हामीबाट हाम्रो समय दूर जान्छ। तपाईको विश्वासमा सद्गुण थप्ने। अब, पहिलो विश्वास हो, त्यसपछि सद्गुण।

160 र त्यसपछि, तेस्रो, तपाई ज्ञान थप्नुहोस्। ज्ञान, अब, त्यसको मतलब संसारिक ज्ञान होइन, किनभने त्यो परमेश्वरको लागि मूर्खता हो; तर न्याय गर्ने ज्ञान, न्याय (के?) गलतबाट सहि छुट्टाउने। तपाईले कसरी यो न्याय गर्नुहुन्छ, तब, यदि तपाईसंग तपाईको सद्गुण र विश्वाससंगै इसाई ज्ञान छ भने? तपाईले वचन कतै सहि वा गलत हो भनि न्याय गर्नु हो। र यदि तपाईले तपाईको सबै सिद्धान्तहरु, र तपाईको सबै अविश्वासहरु, र सबैकुराहरु जुन तपाईले गरेको भनि दाबी गर्नुहुन्छ त्यो एक छेउमा राख्न सक्नुहुन्छ भने, तब तपाईसंग परमेश्वरले झुट बोल्न सक्नुहुन्न भन्ने विश्वास गर्ने ज्ञान छ। "सबै मानिसको वचन झुटो होस्, तर मेरो सत्य होस्।" बुझ्नुभयो? अब तपाईले ज्ञान पाउँदै हुनुहुन्छ। त्यो सर्वोच्च ज्ञान हो। तपाईसंग कुनै कलेजको चारवटा डिग्री, वा अन्य त्यस्तै केहि हुनुपर्दैन, यो पाउनको लागि, किनभने यी सबै सद्गुणहरु परमेश्वरबाट तपाईलाई, तपाईको विश्वासको जगमा राख्नको निम्ति दिईएको हो, ताकी तपाई परमेश्वरको वास्तविक, जीवित मानिसको पूर्ण कद सम्म आउन सकेको होस्। हो, श्रीमान।

161 थप्नुहोस, ज्ञान थप्नुहोस्, किनभने, उहाँको वचनको ज्ञान। तपाईले यो यस तरिकामा विश्वास गर्नुपर्दछ। जस्तो कि, तपाईले आज विश्वास गर्नुपर्दछ कि...र स्वीकार गर्नुपर्छ, कि आश्चर्य कर्मका दिनहरु बितिगएका छैनन्। परमेश्वरले के भन्नुभयो, त्यो पूरा गर्न सक्षम् हुनुहुन्छ भन्ने ज्ञान हुनु हो।

162 अब्राहामले त्यो विश्वास गरे। र जब उनी सय वर्षका थिए, उनी परमेश्वरको प्रतिज्ञामा अविश्वासद्वारा डगमगाएनन्। हेर त्यो वचन कस्तो हास्यास्पद देखिन्छ। यहाँ एउटा मानिस छ, एक सय वर्ष बुढो, आफ्नो घरमा बच्चा जन्मिन्छ भनेर हेरिरहेको, एउटा नब्बे वर्षको बुढी महिलाबाट। बुझ्नुभयो? लगभग पचास वर्ष बाँझो भएर बित्यो, उनीसंग उनी एउटा—एउटा जवान युवती, वा कोशोरी उमेर हुँदा देखि बसिरहेको छ। र यहाँ ऊ छ, उसको जीवन प्रवाह मरेको थियो। र साराको गर्भ मरेको थियो। र सबै आशा मरेको थियो, जहाँसम्म यो आशा थियो। तर, अझै पनि, आशाको विरुद्ध, उनले आशामा विश्वास गरे, किनभने उनमा ज्ञान थियो कि उहाँले गर्नुभएको प्रतिज्ञामा परमेश्वरले सबैकुरा पूरा गर्न सक्षम हुनुहुन्थ्यो।

163 अब, जब तपाईले यसरी पाउनुभएको छ, तब त्यो तपाईको विश्वासमा थप्नुहोस्। जब तपाईले साचो सद्गुण पाउनुभएको छ, आफ्नो विश्वासमा जोड्नुहोस्। जब तपाई यहाँ सडकमा बाहिर हिड्न सक्नुहुन्छ, एउटा इसाई जसरी जिउनुहुन्छ, एउटा इसाई झैं व्यवहार गर्नुहुन्छ, एउटा इसाई बन्नुहुन्छ, त्यो तपाईको विश्वासमा जोड्नुहोस्। जब तपाईसंग ज्ञान छ...

164 तपाई भन्नुहुन्छ, "ठिक छ, मलाई थाहा छैन अहिले कि कतै *यो* धर्मशास्त्र सहि छ या छैन। अब यहाँ प्रेरित २:३८ छ, मलाई थाहा छैन यसलाई कसरी प्रेरित २८:१९ जान सकिन्छ, मलाई थाहा छैन।" ठिक छ। तपाईले केहि—केहि पनि नथप्नुहोस्, किनभने तपाईले यो अहिले सम्म बुझ्नुभएको छैन। बुझ्नुभयो? तपाई के गर्न जाँदै हुनुहुन्छ? किनभने, तपाईले परमेश्वरको बारेमा जान्नको लागि पर्याप्त ज्ञान पाउनुभएको छैन, तरै पनि, बाईबल आफैमा विवादित छैन। यसलाई एक्लै छोडिदिनुहोस्। यसको बारेमा केहि पनि नभन्नुहोस्। बुझ्नुभयो? यसलाई एक्लै छोडिदिनुहोस्।

165 तर जब तपाईले देख्न सक्नुहुन्छ कि धर्मशास्त्र विवादित छैन, त्यो तपाईले त्यो भन्नसक्नुहुन्छ; र देख्न सक्नुहुन्छ, कि, परमेश्वरको प्रकाशद्वारा, सबै वचन रहस्यहरुमा लेखियो, र केवल परमेश्वरको ज्ञानले यो प्रकट गर्नसक्छ; तब जब तपाईले यो पाउनुहुन्छ र भन्नुहुन्छ, परमेश्वरको

हरेक वचन "आमेन," संग विराम दिनुहोस्।

166 ओ, अहिले तपाई राम्रो मान्छे बन्न लाग्दै हुनुहुन्छ। बुझ्नुभयो? तपाई आउदै हुनुहुन्छ, बुझ्नुभयो। के संग? विश्वाससंग, त्यसपछि सद्गुणसंग, त्यसपछि ज्ञान। हेर्नुहोस् कसरी यसले यस मानिसलाई निर्माण गर्दैछ? तपाईले देख्न सक्नुहुन्छ कि त्यहाँ—त्यहाँ कुनै उम्किने बाटो छैन। यो ख्रीष्टको पूर्ण कदमा बन्ने तरिका हो। हो, श्रीमान।

167 न्याय गर्नु, सहि न्याय गर्नु। परमेश्वरको वचन विश्वास गर्नुमा, न्याय गर्नु चाहे यो सहि होस् वा गलत। न्याय गर्नुहोस् चाहे यो सहि होस् वा गलत, कतै मैले धर्मको सेवा गर्ने वा परमेश्वरको सेवा गर्ने भनेर। न्याय गर्नुहोस् चाहे यो सहि होस् वा गलत, कतै म नयाँ गरी जन्मने वा मण्डलीमा सामेल हुने भनि। तब तपाईको थालनी हुन्छ। सहि न्याय गर्नुहोस्, जब प्रचारकले भन्छ, "आश्चर्य कर्मका दिनहरु बितीगएका छन्।" बाईबलले भनेको छ, "येशू ख्रीष्ट, हिजो, आज, र सधैभरी एक समान हुनुहुन्छ।" अब तपाई कुन विश्वास गर्न जानुहुन्छ?

168 जब तपाईले भन्नुहुन्छ, "म परमेश्वरलाई लिनेछु।" अब, तपाईले यो भन्नको लागि मात्रै भन्नुहुन्न, "ठिक छ, म—म यो लिन्छु," केवल तपाईको हृदयबाट। तर, तपाई भित्र केहि, तपाईको विश्वासले तपाईलाई त्यहाँ बाहिर धकेल्छ। त्यहाँ तपाई हुनुहुन्छ। तपाईको विश्वासले भन्छ, "मलाई थाहा छ कि उहाँ एक समान हुनुहुन्छ। आमेन। मैले उहाँलाई उस्तैनै देखेको छु। त्यहाँ केहि पनि कुराले मबाट यो लिनसक्दैन। मलाई थाहा छ कि उहाँ वास्तविक हुनुहुन्छ।" आमेन। तब तपाईको विश्वासमा त्यो जोड्नुहोस्। यसलाई तल जगमा राख्नुहोस्। अब माथि आउदै छ, ठिक राज्यमा माथि आउदैछ। अब ठाउँमा आईपुग्यो। ठिक छ।

169 अब, अर्को कुरा, प्रचारकले तपाईलाई भन्नेछ, र धेरै मानिसले भन्छ, "यी...यी कुराहरु जुन तपाईले बाईबलमा पढ्नुहुन्छ, ती अरु दिनको लागि थिएँ। अब, किन म तपाईलाई भन्नेछु। किनभने, आज हामीलाई ती कुराहरु चाहिदैन। हामीलाई यो चाहिदैन। बुझ्नुभयो? हामीलाई हुनुहुदैन। हामीले ती कुराहरु अभ्यास गर्नुपर्दैन, दिव्य चंगाई। हामीले अन्यभाषामा बोल्ने अभ्यास गर्दैनौ, मण्डली भित्र, हाम्रो—हाम्रो मण्डलीलाई सिधा राख्नको लागि। र हामीले *यो* गर्दैनौ।"

170 हामी त्यसमा जानेछौ। मसंग यहाँनिर त्यसको बारेमा लेखिएको एउटा

धर्मशास्त्र छ, हेर्नुहोस्, कतै हामीले यो गर्न पर्छ वा अझै पनि पर्दैन, अब।

171 तर यहाँ उहाँले भन्नुभयो, "मलाई थाहा छैन। हामीले आज त्यो गर्नुहुँदैन। मलाई लाग्छ कि हामीले के गर्नपर्छ भने, हामी भिडको अगाडि राम्रोसंग बोल्न सिक्नुपर्छ। हामी गएर मनोचिकित्सकलाई हाम्रो दिमाग जाँच गर्न दिनुपर्छ, यो हेर्न कि हामी आफैलाई प्रस्तूत गर्न सक्षम छौ या छैनौ, यो गर्नको लागि यदि हाम्रो सामन्य ज्ञान पर्याप्त छ, र—र त्यस्तै अन्य कुरा छ या छैन भनेर। मलाई लाग्छ...र हामीले सबैभन्दा ठूलो मण्डली राख्छौ। हामीले हाम्रो संस्था बनाउनेछौ।"

172 हामीले संस्था निर्माण गरिरहेका छैनौ। म यस बिहान यहाँ संस्था बनाउनको लागि आएको होइन। ख्रीष्टले कहिल्यै पनि मलाई संस्था बनाउनको लागि पठाउनुभएन। ख्रीष्टले मलाई येशू ख्रीष्टको कदसम्म व्यक्तिलाई निर्माण गर्नको निम्ति पठाउनुभयो, ताकी तिनीहरु उहाँको वचनद्वारा शक्तिको घर, र आत्माको वासस्थान बन्न सकून्। उहाँको वचनद्वारा, हेर्नुहोस्, त्यस स्थानमा व्यक्तिलाई निर्माण गर्न। ठूलो नामधारी संगठित मण्डलीमा संस्था निर्माण गर्नलाई होइन, तर परमेश्वरको छोरा र छोरीहरुमा व्यक्तिलाई निर्माण गर्न। त्यो विचार हो। बुझ्नुभयो? तपाईको विश्वासमा सद्गुण, जोड्नुहोस्; तपाईको सद्गुणमा, ज्ञान थप्नुहोस्। ठिक छ, अब तपाई एउटा ठाउँमा आउदै हुनुहुन्छ।

173 अब जब तिनीहरुले भन्न थाल्छन्, "ठिक छ, हामीले त्यो आज स्वीकार गर्न पर्दैन..." तपाई गर्नुपर्छ। यो हुनुपर्छ।

174 धर्मशास्त्रले झुट बोल्न सक्दैन। "र तिनीहरु कुनै व्यक्तिगत व्याख्या होइनन्," बाईबलले भनेको छ। तपाईले केवल त्यहाँ जस्तो लेखिएको छ त्यस्तै विश्वास गर्नुहोस्। बुझ्नुभयो? तपाईसंग यी कुराहरु हुनुपर्दछ। तपाईले तिनीहरुलाई प्राप्त गर्न सक्ने एक मात्र तरिका, स्वर्गमा–जन्मेको ज्ञान हो। र स्वर्गमा–जन्मेको ज्ञानले वचनलाई प्रमाणित गर्नेछ। बुझ्नुभयो?

175 तपाईले यो विश्वास गर्नुपर्छ, यसलाई देखावटी–विश्वास गर्ने होइन। यी मध्ये कुनै पनि बनावटी–विश्वास होइन, हेर्नुहोस्, यदि तपाईले भन्न खोज्नुहुन्छ, "मैले यो पाएको छु।" आफैमा मयुरको प्वाँख हाल्ने कालो चरा नबन्नुहोस्, बुझ्नुभयो, किनभने तिनीहरु एकछिन मै झर्नेछन्। तिनीहरु प्राकृतिक रूपमै त्यहाँ बढ्दैनन्। त्यो केवल अड्किएको मात्रै हो।

176 म सोच्छु जहाँ दाऊदले भने, भजनसंग्रह १ मा, "त्यो खोलाको

किनारमा रोपेको रूख जस्तै हुनेछ।" तपाईलाई थाहा छ, त्यहाँ रोपेको र जोडेको, अड्काएको मा भिन्नता छ। पुरानो ओक रूख जस्तै, यो रोपिएको हो, जुन तल बुनिन्छ र राम्रो पकड हुन्छ। सानो पुरानो लौरो त्यहाँ टाँसीएको छ, तपाईलाई थाहा हुन्न कि यसलाई के हुन जानेछ। कुनै जरा छैन। यसको कुनै जग छैन। बुभ्नुभयो?

177 त्यो कुनै मानिस सेमिनारी वा केहि बाट आएको जस्तै हो, हेर्नुहोस्। छैन..."ठिक छ, डाक्टर *फलानो–फलानो* ले मलाई सेवकाईमा नियुक्त गर्नुभयो।" त्यो के थियो ले केहि फरक पार्दैन।

178 ख्रीष्टले तपाईलाई यसमा जन्माउनुभयो, हेर्नुहोस्, हेर्नुहोस्, तपाईको विश्वासद्वारा। बुभ्नुभयो? तपाई पुनर्जीवित पारिनुभयो र यसमा जन्मनुभयो। र त्यसपछि तपाई यसमा जन्मे पछि, यी कुराहरु हुन् जुन उहाँले तपाईले थपोस् भनि अपेक्षा गर्नुहुन्छ। केवल तिनीहरुलाई थपिरहनुहोस्। अब हामी ठिक तल पंक्तिमा जाँदैछौ।

179 अब यस ज्ञानमा त्यहाँ अर्को कुरा हुनेछ, जसको बारेमा हामी कुरा गर्नसक्छौ, ईश्वरीय ज्ञान। बुभ्नुभयो? "के आजको दिनमा बाईबलले आफ्नो अर्थ गुमाएको छ?" बुभ्नुभयो, तिनीहरु, धेरै जसो मानिसहरुले तपाईलाई त्यो भन्छ, कि बाईबलले ठ्याक्कै त्यो अर्थ लगाएको होइन। यदि परमेश्वरले मलाई हेर्नुहुन्छ, र मेरो पापमा मलाई सच्याउनुहुन्छ, र यदि म परमेश्वरको छोरा हुँ भने, उहाँले त्यो गर्नुहुन्छ। उहाँले तपाईलाई त्यो तरिकामा गर्नुहुन्छ, छोरा र [टेपमा रिक्त स्थान—सम्पा।] छोरीहरु। जब तपाईले केहि कुरा गलत गर्नुहुन्छ, उहाँले तपाईलाई सच्याउनुहुन्छ। त्यसोभए यदि परमेश्वर तपाईको विषयमा यदि विशिष्ट हुनुहुन्छ भने, कि उहाँले तपाईलाई हेर्नुहुन्छ र तपाईलाई सच्याउनुहुन्छ, उहाँसंग कति धेरै उहाँको वचन छ, जुन तपाईको उदाहरण हो, जो उहाँ आफै हुनुहुन्छ!

*आदिमा वचन थियो, र वचन परमेश्वरसंग थियो, र वचन परमेश्वर हुनुहुन्थ्यो।*

*र...वचन देहधारी हुनुभयो, र हाम्रो माभमा वास गर्नुभयो,...*

180 वचन येशू ख्रीष्टको प्रकाश हो, बाईबलले त्यसो भनेको छ, ख्रीष्ट उहाँको वचनमा प्रकट हुनुभएको छ। र यदि तपाईले यी व्यवस्थाहरु अवज्ञा गर्दा उहाँले तपाईलाई हेरिरहनुभएको छ भने, उहाँले तपाईलाई यसको लागि

दोषी ठहराउनुहुन्छ, तपाईलाई दोषी ठहराउने उहाँको व्यवस्थालाई उहाँले कत्ति बढि हेरिरहनुभएको छ! आमेन।

181 गईराख, केटा, मलाई त्यो कुराहरु नभन!

182 म सच्चा, पवित्र आत्माको ज्ञानमा विश्वास गर्छु। पवित्र आत्माको ज्ञानले वचनलाई सधै "आमेन" संग विराम लगाउछ। जब तपाईले यी कुराहरु पाउनुहुन्छ जुन तिनीहरुसंग विरुद्धमा देखिन्छन्, बाईबलमा, तपाई बसेर यसलाई अध्ययन गर्नुहोस्, र त्यसरी प्रार्थनामा गर्नुहोस्। र पहिलो कुरा तपाईलाई थाहा छ, पवित्र आत्मा चल्न थाल्नुहुन्छ। केहि समय पछि तपाईले ती दुईटा जोडेको देख्नुहुन्छ, र त्यहाँ तपाईले यो पाउनुहुन्छ। बुझ्नुभयो? त्यो ज्ञान हो।

183 ती मध्ये केहिले भन्छ, "ठिक छ, अब, बाईबलले भनेको छ कि उहाँ हिजो, आज, र सधैभरी एकसमान हुनुहुन्छ।"

184 र मण्डलीले भन्छ, "कुनै एक निश्चित अर्थमा, उहाँ समान हुनुहुन्छ।" ह–अ! ह–अ! तपाईले त्यो खाली ठाउँ तोड्नुभयो, ठिक त्यहाँ। बुझ्नुभयो? हो, श्रीमान। होइन श्रीमान। उहाँ एक समान हुनुहुन्छ। हो, श्रीमान।

185 "येशू ख्रीष्ट हिजो, आज र सधैभरी एकनाश हुनुहुन्छ।" उहाँमा कत्ति पनि, भिन्नता छैन। उहाँ आफ्नो मण्डलीमा बस्नुहुन्छ, उही काम गर्नुहुन्छ। "केहि बेर," जसरी मैले केहि समय अगाडि उद्धृत गरें, "केहि बेर, त्यसपछि संसारले मलाई देख्नेछैन, तर तिमीहरुले मलाई देख्नेछौ।" किनकि, उहाँले भन्नुभयो, "म तिमीहरुसंग हुनेछु, तिमीहरु भित्र, संसारको अन्त्य सम्म हुनेछु।" फेरी, उहाँले भन्नुभयो, "मैले गरेका कामहरु तिमीहरुले पनि गर्नेछौ।" फेरी, उहाँले भन्नुभयो, "म दाख हुँ। तिमीहरु मेरो हाँगा हुनेछौ।" र हाँगा केवल दाखको जीवनबाट जिउँदछ। जे केहि पनि दाखमा हुन्छ त्यो हाँगाबाट बाहिर आउदछ। महिमा! त्यसपछि, "ख्रीष्ट हिजो, आज, सधैभरी एक समान हुनुहुन्छ।" यसले प्रभु येशू ख्रीष्टको जीवन उत्पन्न गराउँछ। आमेन।

186 ज्ञान; संसारिक होइन (यसले तर्कहरु ल्याउछ)। कुनै पनि खालको संसारिक ज्ञानले तर्क ल्याउछ। बुझ्नुभयो? तर विश्वासमा कुनै तर्क हुँदैन। परमेश्वरले तपाईलाई *निश्चित–निश्चित* कुराहरु हुन गईरहेको छ भनि प्रकट गर्नुहुन्छ, संसारका हरेक वैज्ञानिकले तपाईलाई बताउन सक्छ, "यो विपरित छ। यो हुनसक्दैन।" जसरी पनि, तपाई यो विश्वास गर्नुहोस्।

बुझ्नुभयो? हो, श्रीमान। यसले तर्क गर्दैन। बाईबलले भनेको छ, “हामी तर्कहरु त्याग्छौ।” तपाईले विश्वाससंग तर्क गर्नुहुदैन। विश्वाससंग कुनै तर्क हुदैन। विश्वासलाई आफू कहाँ छु थाहा हुन्छ। विश्वासले काम गर्छ। विश्वासले पक्रिराख्छ। यो हल्लिन सक्दैन। यसलाई केहिले पनि हल्लाउन सक्दैन। जे केहि ले पनि *यो, त्यो, अर्को* जे सुकै भनोस् मलाई वास्ता छैन। यो एक रति पनि, हल्लिदैन। यो ठिक त्यहाँ बस्छ, पर्खन्छ, पर्खन्छ, पर्खन्छ, पर्खन्छ। केहि फरक नै पार्दैन। यो ठिक त्यहाँनिर बस्छ।

187 परमेश्वरले नोआलाई यी कुरा हुन जाँदैछ भनि बताउनुभयो। उसले यो विश्वास गर्यो। बुझ्नुभयो? परमेश्वरले मोशालाई यी कुराहरु हुन जाँदैछ भनि बताउनुभयो। उसले यो विश्वास गर्यो। परमेश्वरले चेलाहरुलाई निश्चित कुराहरु हुन जाँदैछ भनि बताउनुभयो, “त्यहाँ माथि पेन्टिकोष्टमा जाऊ र पर्ख।” तिनीहरु ठिक त्यहाँ बसे। हो, श्रीमान। ठिक छ।

188 अब, ज्ञान, अब, संसारिक ज्ञान होइन, तर यो स्वर्गीय ज्ञान हो। र स्वर्गीय ज्ञान, जब कि परमेश्वर सबै ज्ञानको श्रोत हुनुहुन्छ, र परमेश्वर वचन हुनुहुन्छ, त्यसो भए, यदि तपाईले स्वर्गीय ज्ञान पाउनुभएको छ भने, तपाई वचन विश्वास गर्नुहोस्, र कुनै पनि कुरा तपाई वचनद्वारा तर्क गर्नुहोस्।

189 यो करको मामिलामा जुन मण्डली गईरहेको छ, वा म गईरहेको छु। एकपटक एउटा मानिसले, एउटा सानो सुनुवाईमा, मलाई भन्यो। भन्यो, मैले भने…“तिनीहरुले केहि पनि गलत भेट्टाउन सकेनन्।” र त्यसैले तिनीहरुले गर्न थाले…

190 मैले भने, “ठिक छ, यदि त्यहाँ केहि पनि गलत छैन भने, किन तपाई मेरो पिछा छोड्नुहुन्न?” बुझ्नुभयो? बुझ्नुभयो? र म अगाडि बढे, उसलाई केहि धर्मशास्त्रको बारेमा भन्दै।

191 उसले भन्यो, ठूलो ज्यानको मान्छे आफ्नो हातमा चुरोट सहित, उसले भन्यो, “श्रीमान. ब्रन्हाम, म एउटा बाईबलको विद्यार्थी हुँ।”

मैले भने, “म त्यो सुनेर खुसी छु।”

192 उसले भन्यो, “अब म जान्न चाहन्छु कि यो अन्धविश्वास के हो, तपाईले यी रूमालको लागि कति शुल्क लिनुहुन्छ जुन तपाईले बाहिर पठाउनुहुन्छ, त्यो रूमालमा सानो प्रार्थनाको अन्धविश्वास जुन तपाईले तिनीहरुलाई पठाउनुहुन्छ, ती ‘अभिषेक भएको कपडाहरु,’ तपाईले त्यसलाई, ‘कपडा’ भन्नुहुन्छ।” उसले भन्यो, “त्यसको लागि तपाईले शुल्क लिनुहुन्छ।”

मैले भने, “होइन, श्रीमान। त्यहाँ यसको लागि कुनै शुल्क छैन।”

र उसले भन्यो, “ठिक छ, यो अन्धविश्वासमा।”

193 मैले भने, “तपाईले यसलाई अन्धविश्वास भन्नुहुन्छ, महोदय। तपाईले मलाई केहि मिनेट अगाडि भन्नुभएको थियो कि तपाई एउटा बाईबलको विद्यार्थी हुनुहुन्छ।”

उसले भन्यो, “म हुँ।”

194 मैले भने, “मलाई प्रेरित १९:११ उद्धृत गर्नुहोस्।” ज्ञान! उसले आफैलाई ठिक यसमा फसायो, विषय परिवर्तन गर्न खोज्यो। मैले भने, “त्यसपछि मलाई यूहन्ना ५:१४ उद्धृत गर्नुहोस्।” गर्न सकेन। मैले भने, “त्यसपछि याकूब ५:१४।” उसले यो गर्न सकेन। मैले भने, “के तपाईलाई यूहन्ना ३:१६ थाहा छ?” बुझ्नुभयो? ज्ञान, होसियार, संसार! तर जब...

195 उसले भन्यो, “तर, श्रीमान. ब्रन्हाम, तपाईले यो मामिलालाई एउटा बाईबलद्वारा प्रयास गर्न खोज्दै हुनुहुन्छ। हामी देशको कानुन बमोजिम प्रयास गर्दैछौ।”

196 मैले भने, “श्रीमान, के यो देशको कानुन बाईबलमा आधारित छैन? त्यसोभए यो न्याय हो।” आमेन! निश्चय पनि।

197 ज्ञान; संसारिक होइन। वचनको आत्मिक ज्ञान, परमेश्वरले के भन्नुभएको छ जान्नु, परमेश्वरले के भन्नुभएको छ त्यो गर्नु, त्यो सहि हो। त्यसोभए यदि तपाईले त्यो पाउनु भएको छ र यी सबैकुराहरु विश्वास गर्नुहुन्छ, कि उहाँ समान हुनुहुन्छ, र यी सबै कुराहरु वचनले भनेको सत्य छ, तपाईले प्रत्येकलाई “आमेन” ले विराम दिनुहुन्छ। यो सबै सहि हो। त्यो तपाईको विश्वासमा थप्नुहोस्। त्यो सबै सहि हो। हो।

198 यदि कसैले तपाईलाई भन्न खोज्छ, कि, “बाईबलले आफ्नो शक्ति गुमाएको छ। त्यहाँ पवित्र आत्माको बप्तिष्मा जस्तो कुनै कुरा छैन।” ह–अ। त्यो नथप्नुहोस्। यसले काम गर्दैन। यो खस्नेछ। चट्टानमा माटो राखे जस्तै हो, यो खडा हुनेछैन। यो टुक्रा हुनेछ।

199 त्यसपछि मानिसले तपाईलाई भन्छ, “आज बाईबललाई भरोसा गर्न सकिन्न। तपाई अब सावधान हुनुहोस्। तपाई त्यो विश्वास गर्न नजानुहोस्। यो गर्न सकिदैन...” तपाईले त्यो सधै सुनिरहनुभएको छ। सानो भनाई, “तपाईले बाईबलमा भरोसा गर्न सक्नुहुन्न।” ठिक छ, यदि—यदि तपाईको

दिमागमा त्यो छ भने, तपाई—तपाई त्यो जोड्न प्रयास नगर्नुहोस्, किनकि यसले काम गर्दैन। पुरै भवन ठिक त्यहिनिर खस्नेछ।

200 उनी पवित्र आत्माद्वारा मोर्टारले ढालिनुपर्छ। मेरो मतलब संगै अड्किनुपर्छ, त्यो मोर्टार जसले छाप लगाउछ। र त्यहि कुरा जसले यसलाई छाप लगाउछ...तपाईलाई बाटो थाहा छ...

201 एउटा भोल्कनाईज्ड ट्युब सधै पुरानो अड्किएको प्याच भन्दा लामो रहन्छ। एउटा टायरमा पुरानो प्याचमा अलिकति तातो अड्किन्छ, तपाईलाई थाहा छ पहिलो कुरा, त्यो टायरलाई थोरै तातो हुन दिनुहोस्, अलिकति छिटो दौडाउनुहोस्, र त्यो पग्लेर जान्छ। हो, श्रीमान। बुझ्नुभयो?

202 र त्यो नै आज धेरै मानिसहरुमा पनि छ। तिनीहरुले आफ्नो ज्ञान संसारिक ज्ञानसंग टाँस्न खोज्छ त्यो सानो पुरानो पार्थिव ग्लुले, र, जब परिक्षाहरु आउँछन्, "ठिक छ, शायद म गलत थिएँ होला।" बुझ्नुभयो? र हावा जान्छ, तपाई केहि मिनेटमा कमजोर हुनुहुन्छ। तपाईको त्यो चिच्याई र माथि–र–तलको उफ्राईले तपाईलाई केहि फाईदा गर्दैन। मानिसले तपाईलाई फेरी पनि त्यहि खाल्डोमा देख्छन्। बुझ्नुभयो? त्यो सहि हो।

203 तर तपाई त्यहाँ पवित्र आत्माको पर्याप्त तापमा बस्नुहुन्छ भने, जबसम्म यसले तपाईलाई र ट्युबलाई एक बनाउँदैन। त्यहि नै हो। तपाई र ट्युब एक बन्नुहुन्छ। जब तपाई त्यहाँ तपाई र परमेश्वरको प्रतिज्ञा एक नबनुन्जेलसम्म बस्नुहुनेछ, तब त्यो तपाईको विश्वासमा थप्नुहोस्। यदि तपाई गर्नुहुन्न भने, त्यसलाई नथप्नुहोस्।

तपाई भन्नुहुन्छ, "वचनमा भरोसा गर्न सकिन्न।" त्यो थप्ने कोशिष नगर्नुहोस्।

204 तपाई भन्नुहुन्छ, "यहाँ भएको पवित्र आत्माको बप्तिष्माको प्रतिज्ञा, केवल बाह्र जना प्रेरितहरुको लागि मात्रै हो," जस्तो केहि मण्डलीले आज भन्ने गर्छन्, त्यो थप्ने कोशिष नगर्नुहोस्। त्यहाँ तिनीहरुको जग छ, जुन सबै भत्किएको छ। बुझ्नुभयो? जस्तो उज्जियाह थियो, गत रात, जब उसले यो मानिसको जग देख्यो जुन उसले भरोसा गर्यो, त्यो सबै टुक्रा–टुक्रा भयो, कुष्ठरोगले पिरोल्यो, यो राम्रो थिएन। अब, "केवल बाह्र प्रेरितहरुको लागि, केवल बाह्र प्रेरितहरुको लागि हो।"

205 म तल भाई राईटको मा थिएँ...मलाई लाग्छ उहाँहरु त्यहाँ कतै फर्किआउनुभएको छ। एक रात, त्यहाँ एउटा सेवक थियो तल त्यहाँ, म बोलिरहेको थिए, चार वा पाँच प्रचारकहरु संगै थिएँ। यो प्रचारक उठ्यो र भन्यो, "अब, म तपाईलाई केहि भन्न चाहन्छु प्रियजनहरु। ओ, मलाई लाग्छ तपाईहरु राम्रा मानिसहरु हुनुहुन्छ।"

206 मैले भने, मैले कसैलाई भने, मैले भने, "त्यो—त्यो ठिक त्यहाँ बस्नुहुने। हेर्नुहोस्।"

207 त्यसैले, जुनियर ज्याक्सन, त्यहाँ पछाडि, भर्खरै बोल्दै आउनुभयो। र उसले भन्यो...परमेश्वरको अनुग्रहमा प्रचार गर्दैथियो। ओ, मेरो!

208 ऊ जलिरहेको थियो, पर्खिरहेको थियो। ऊ त्यहाँ माथि उठ्यो र बुझ्न कोशिष गर्यो। "अब, म यहाँ श्रीमान. ब्रन्हामलाई भन्न चाहन्छु, म तपाईलाई भन्छु, उहाँ ख्रीष्ट विरोधी हुनुहुन्छ।" र उसले त्यसरी शुरू गर्यो, पूरै रातभरि।

209 केहि प्रचारहरुले शुरू गरे...मैले भने, "एक मिनेट पर्खनुहोस्। अब, केहि पनि नभन्नुहोस्, भाईहरु। त्यहाँ केवल ऊ एक्लै छ र हामी झुण्ड छौ।" मैले भने, "उसलाई एक्लै छोडिदिनुहोस्। उसले मलाई निसाना बनायो।" म यो आफ्नै लागि, यति धेरै, चाहन्थे, मलाई थाहा थिएन के गर्ने भनेर। बुझ्नुभयो?

210 त्यसैले उसले भन्यो, "श्रीमान. ब्रन्हाम एक ख्रीष्ट विरोधी हुनुहुन्छ," र ऊ ती सबै कुरा भन्दै अघि बढ्यो, तपाईलाई थाहा छ, बारेमा...उसले भन्यो, "उसले भन्यो त्यहाँ, 'एउटा पवित्र आत्माको बप्तिष्मा।'" भन्यो, "बाईबलले भनेको छ कि त्यहाँ केवल बाह्र जना थिए जसले पवित्र आत्माको बप्तिष्मा पाए।" दिव्य चंगाईको बारेमा बोल्दै, "केवल बाह्र प्रेरितसंग दिव्य चंगाई थियो।" उसले भने, "हामी त्यहाँ बोल्छौ जहाँ बाईबल बोल्छ, र त्यहाँ चुप बस्छौ जहाँ बाईबल चुप रहन्छ।" उसले आधा घण्टासम्म उनी कराउन्जेल मैले पर्खिरहे।

211 मैले भने, "एक मिनेट पर्खनुहोस्। मैले यहाँ कति धेरै लेखेको छु," मैले भने, "केहि कुराको उत्तर दिने मौका मलाई दिनुहोस्।" र जब म माथि उठे, मैले भने, "महोदयले, उहाँले भन्नुभयो कि उहाँले 'त्यहाँ बोल्नुभयो जहाँ बाईबलले बोलेको छ,' उहाँको मण्डलीले गर्यो, 'चुप लाग्नुभयो जहाँ यो चुप छ।' तपाई सबै जना साक्षीहरु हुनुहुन्छ। 'हो।'" मैले भने, "अब, उहाँले भन्नुभयो, 'त्यहाँ केवल बाह्र जना थिए जसले पवित्र आत्मा प्राप्त गरे।' मेरो

बाईबलले भन्छ त्यहाँ एक सय बिस थिए, पहिलो प्रहार।” आमेन! त्यो खालको ज्ञान बाहिर फाल्नुहोस्, तपाईले देख्नुहुन्छ, जुन उसले प्रयास गरिरहेको थियो।

212 मैले भने, “त्यसपछि मलाई लाग्छ पावलले पवित्र आत्मा पाए भन्दा उनले पाएका थिएनन्।” बुझ्नुभयो?

213 मैले भने, “तल भित्र...जब फिलिप तल गए र सामरीहरुलाई प्रचार गरे। तिनीहरु येशूको नाउँमा बप्तिष्मा भएका थिए। केवल, पवित्र आत्मा तिनीहरुमा आएका थिएनन्। र तिनीहरुले पत्रुस र यूहन्नालाई पठाए र भेटे, तिनीहरु तल आए र उनीहरु माथि हात राखे, र पवित्र आत्मा तिनीहरुमा आउनुभयो। मलाई लाग्छ त्यो केवल बाह्र जना मात्रै थियो?”

214 मैले भने, “प्रेरित १०:४९, जब पत्रुस घरको माथि थिए, र तिनीहरु कर्नेलियासको घरमा जाँदै गरेको दर्शन देखे’। पत्रुसले यो वचनहरु बोलिरहेकै बेलामा, पवित्र आत्मा तिनीहरुमा आउनुभयो जसले वचन सुनेका थिए।” मैले भने, “बाईबल अझै पनि बोलिरहेको छ। तपाईको मण्डली कहाँ छ?” यो पछाडि हुनेछ मा छ। त्यो सहि हो। बुझ्नुभयो?

215 मैले भने, “दिव्य चंगाई, तपाईले भन्नुभयो, ‘केवल बाह्र प्रेरितहरुसंग दिव्य चंगाई थियो।’ बाईबलले भनेको छ कि स्तफनस तल सामरियामा गए र दुष्टलाई निकाले र बिरामीलाई निको पारे, र त्यहाँ शहरमा ठूलो आनन्द भएको थियो। र उनी बाह्र मध्ये एक थिएनन्। उनी एक प्रेरित थिएनन्। उनी एउटा डिकन थिए।” आमेन। आमेन।

216 मैले भने, “र पावल ती बाह्र मध्ये एक थिएनन् जो माथिल्लो कोठामा थिए, र उनमा चंगाईको वरदान थियो।”

217 मैले भने, “केवल चंगाईको वरदानलाई हेर्नुहोस्! र यसलाई खिच्नुहोस्, तिस वर्ष पछि, उनी अझै पनि कोरिन्थीमा थिएँ, ख्रीष्टको शरीरमा चंगाईको वरदानलाई नियुक्त गर्दै थिए।” ओ, मेरो!

218 अब, यो खालको ज्ञान तपाईले कुनै पुस्तकबाट सिक्नुहुन्छ, तपाईले बरु फोहोरको भाडोमा त्यसलाई फालिदिदा बेस हुन्छ। यो ज्ञानमा आउनुहोस्। जब परमेश्वरले भन्नुभयो, “उहाँ हिजो, आज, र सधैभरि एकसमान हुनुहुन्छ,” भन्नुहोस्, “आमेन।” हो, श्रीमान। हो, श्रीमान। बाह्रलाई होइन; यो सबैको लागि हो। जब तपाईले त्यस प्रकारको एउटा—एउटा विश्वास पाउनुहुन्छ, जब तपाईको विश्वास यसले ग्रहण गर्छ, हरेक

भाग, एउटा "आमेन" ले, त्यसपछि तपाईले भन्नुहुन्छ, "ठिक छ," त्यसलाई यसमा थप्नुहोस्।

219 चौथो। हामीले चाडो गर्नुपर्छ, किनभने म मात्रै...यहाँ उभेर यसको बारेमा बोल्दा यदि राम्रो महसूस हुन्छ। आमेन। [एउटा भाईले भन्नुहुन्छ, "हामीले यसको आनन्द लिईरहेका छौ।"—सम्पा।] हो। चौथो... तपाईलाई धन्यवाद।

220 "संयम" थप्नुहोस्। ओ, मेरो! हामीहरु संयममा आएका छौ। अब, तपाईसंग विश्वास छ, पहिलो; तपाईसंग त्यो हुनुपर्छ, शुरू गर्नको लागि। त्यसपछि तपाईले आफ्नो विश्वासमा सद्गुण थप्नुहोस्, यदि यो सहि खालको सद्गुण छ भने। त्यसपछि तपाईले ज्ञान थप्नुहोस्, यदि त्यो सहि खालको ज्ञान छ भने। अब तपाईले संयम थप्न जाँदै हुनुहुन्छ।

221 संयमको अर्थ यहाँ, "रक्सि खान बन्द गर्नु," होइन, न त। होइन, होइन। संयमको अर्थ रक्सिको खालको उपचार होइन, यो मामिलामा होइन। यो बाईबलको संयम हो, पवित्र आत्माको संयम। त्यो केवल शरीरको एउटा अभिलाषा मात्रै हो, तर हामीले पवित्र आत्माको संयमको बारेमा बोलिरहेका छौ। त्यसको अर्थ, तपाईको जिब्रोलाई कसरी नियन्त्रण गर्ने, ठट्टा गर्ने होइन; तपाईको रिसलाई कसरी नियन्त्रण गर्ने, तपाईलाई कसैले रिस उठ्ने गरि बोल्दा हरेक चोटी जवाफ फर्काउने होइन। ओ, मेरो!

222 केटा, हामीले शुरू गर्नुभन्दा पहिले नै हामी धेरै जना लड्ने वाला छौ, होइन र? हेर्नुहोस्? त्यसपछि हामी सोच्छौ किन परमेश्वर आफ्नो मण्डलीमा गर्नुहुन्न, आश्चर्यकर्म र ती कामहरु जुन तिनीहरुले गर्ने गर्थे। हो, श्रीमान। बुझ्नुभयो?

223 यी कुराहरु जोड्नुहोस्। यसमा संयम थप्नुहोस्। ओ, संयम, तपाईको विरुद्ध क्रोधले बोल्दा कसरी दयामा जवाफ दिने। कसैले भन्नुहुन्छ, "तिमीहरु त्यहाँ तल पवित्र–भनाउदाका समूहहरु!" माथि उफ्रेर आफ्नो बाहुलाहरु अब नबेर्नुहोस्। बुझ्नुभयो? त्यो होइन। तर परमेश्वरको प्रेम, संयम, दयामा बोल्नुहोस्। के त्यो तरिकामा तपाई चाहनुहुन्छ? जब तपाई माथि रिस उठ्छ, फर्काएर क्रुद्ध नहुनुहोस्। उहाँलाई तपाईको उदाहरण बन्न दिनुहोस्।

224 जब तिनीहरुले भने, "यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने, यो ढुंगालाई रोटि बनाउनुहोस्।" उहाँले यो गरेर, उहाँ परमेश्वर हुनुहुन्छ भनि

देखाउन सक्नुहुन्थ्यो। तर उहाँमा संयम थियो। जब तिनीहरुले उहाँलाई, “बालजिबुल” भने, उहाँले भन्नुभयो, “म तिमीहरुलाई यसको लागि क्षमा दिँदछु।” त्यो सहि हो? तिनीहरुले मुट्ठीभर दाह्री उहाँको अनुहारबाट निकाले, र उहाँको मुखमा थुकिदिए, र भने, “क्रूसबाट तल आउनुहोस्!”

225 उहाँले भन्नुभयो, “पिता, यिनीहरुलाई क्षमा दिनुहोस्। तिनीहरुले के गर्दैछन् सो जान्दैनन्।”

226 जब, उहाँसंग वरदान थियो, उहाँलाई सबैकुरा थाहा थियो, किनकि उहाँमा शारीरिक रुपमा ईश्वरत्वको पूर्णता थियो। उहाँले मानिसहरुलाई तिनीहरुमा के खराबी छ, र अन्य त्यस्तै कुरा गर्दै, आश्चर्य कामहरु गर्नुभएका तिनीहरुले देखेका थिए। तिनीहरुले उहाँको टाउकोको चारैतिर लत्ता हाले, आँखाको वरपर, र उहाँको शिरमा लट्ठीले हिर्काए, र भने, “अगमवाणी बोल्नुहोस्, तपाईलाई कसले हिर्कायो हामीलाई भन्नुहोस्। हामी तपाईलाई विश्वास गर्नेछौ।” बुझ्नुभयो? उहाँमा संयम थियो।

227 अब, यदि तपाईले यस्तो पाउनुभयो भने, यसलाई तपाईको विश्वासमा थप्नुहोस्। यदि तपाईले अझै पनि उडाउनुहुन्छ र रिसाउनुहुन्छ, र झगडा गर्नुहुन्छ, र गडबड गर्नुहुन्छ, र त्यसरी लागि पर्नुहुन्छ भने, हँ–अ, तपाईले पाउनुभएको छैन...तपाईले त्यो थप्नसक्नुहुन्न, किनकि यसले थप्दैन। बुझ्नुभयो? यसले सुधार्दैन। तपाईले रबरको एउटा टुक्रा लिएर, तपाईलाई थाहा छ, र यसलाई फलामको टुक्रामा परिणत गर्नसक्नुहुन्न। यसले बस काम गर्दैन। होइन, यो लचिलो हुनुपर्दछ, ठिक रबर जस्तै। बुझ्नुभयो? र जब तपाईको विश्वास र तपाईको संयम पवित्र आत्माको संयम जस्तै खालको हुन्छ जुन उहाँसंग थियो, तब यो उहाँको संग परिणत हुन्छ। तपाई यसमा जोडिनुभएको छ।

जब तपाईको सद्गुण उहाँको जस्तै हुन्छ, तब यसले यसमा जोड्छ।

228 जब तपाई ज्ञान उहाँको ज्ञान जस्तै हुन्छ, “म तपाईको इच्छा पूरा गर्न आउछु, ओ परमेश्वर।” बुझ्नुभयो? पिताको वचनद्वारा, उहाँले प्रत्येक दुष्टलाई जित्नुभयो। स्वर्ग र पृथ्वी बितेर जानेछ, तर वचन बित्ने छैन। बुझ्नुभयो? जब तपाईले त्यो खालको ज्ञान पाउनुहुन्छ, यो तपाईको विश्वाससंग मिल्छ।

229 जब तपाईले सहि खालको संयम पाउनुहुन्छ, जस्तो उहाँसंग थियो, यो मिल्नेछ। यदि तपाईसंग छैन भने, केवल मानव–निर्मित आधा बाटो छ,

आधा–अधुरो विश्वास, वा संयम, “ओ, मैले त्यसलाई थप्पड हान्नुपर्छ, तर—तर शायद मैले नगरेको बेस, किनकि तिनीहरुले यसको बारेमा कागजमा मेरो नाम राख्न सक्छन्।” त्यो खालको संयमको बिषयमा उहाँले भनिरहेको छैन। त्यो थप्न नखोज्नुहोस्। यो काम गर्दैन। तर जब तपाईले साचै नै, तपाईको हृदयको मिठाससंगै, हरेक मानिसलाई क्षमा दिन, तपाईको शान्ति बनाई राख्न, यसलाई जान दिनसक्नुहुन्छ, हेर्नुहोस्, तब यो मिल्न जानेछ। तपाईले त्यो आफ्नो विश्वासमा थप्न सक्नुहुन्छ। ह्यु!

230 कुनै आश्चर्य छैन कि मण्डली यति छोटो छ। के त्यो सहि होइन? कुनै आश्चर्य छैन। म भन्छु, “बाईबलले भन्छ, येशू ख्रीष्टको नाममा, पश्चाताप गर र बप्तिष्मा लिऊ।” र एक कठोर त्रिएकवादीले त्यो विश्वास गर्दैन, भन्छ, “त्यो पुरानो ख्रीष्ट विरोधी। ऊ एउटा येशू नाम। ऊ एउटा येशू मात्रै हो।” बाहिर हेर, केटा, मलाई अहिले तिम्रो संयमको बारेमा थाहा छैन। बुझ्नुभयो? तिमी किन आउदैनौ, भन्छौ, “यो संगै तर्क गरौँ, भाई ब्रन्हाम। म यो व्याख्या गरेको सुन्न चाहन्छु”? बुझ्नुभयो? त्यसोभए तल आउनुहोस् र यसलाई सुन्नुहोस्। र त्यसपछि यो ठिक तपाईको अगाडि राखिएको छ, र त्यसपछि तपाई टाढा जानुहुन्छ; हामी—हामी त्यसलाई केहि मिनेटमा लिनेछौ, भित्र “भक्ति” मा, हेर्नुहोस्। तर जब तपाई—जब तपाई ढिला हुनुहुन्छ, हरेक निष्कर्षमा उफ्रिन चाहनुहुन्छ, ह–अ, त्यो—त्यो यो होइन। बुझ्नुभयो? तपाईले त्यसो गर्नुहुँदा तपाईले अझै पनि बाईबलको संयम पाउनुभएको छैन; कसरी फर्केर जवाफ दिने। त्यसपछि यदि तपाईले यो सबै पाउनुभएको छ, तपाईले यो आफ्नो विश्वासमा थप्न सक्नुहुन्छ।

231 त्यसपछि, त्यो पछि, चौथो, तपाईले आफ्नो विश्वासमा धैर्यता थप्न चाहनुहुन्छ। यदि तपाईले विश्वास पाउनुभएको छ भने, “यसले धैर्यतामा काम गर्छ,” बाईबलले यो भनेको छ। बुझ्नुभयो? त्यसैले, *यो* धैर्यता हो। अब, त्यो अर्को कुरा हो जसले यो कद निर्माण गर्न जाँदैछ। तपाईलाई थाहा छ, परमेश्वरसंग उहाँको भवनको लागि वास्तविक सामग्रीहरु छ।

232 हेर्नुहोस् हामी कति छोटो छौ, भाई, बहिनी? हेर्नुहोस्? हेर्नुहोस् किन, हामी कहाँनिर छौ? हो, श्रीमान। बुझ्नुभयो? हामीसंग महिमा छ, कराउने र त्यस्ता चिजहरु छन्, किनकि हामीसंग विश्वास छ। तर जब हामी यी कुराहरुमा *यहाँ* आउछौ, परमेश्वरले हामीलाई त्यो कदमा निर्माण गर्न सक्नुहुन्न। बुझ्नुभयो? उहाँले सक्नुहुन्न। उहाँले हामीलाई त्यस्तो खालको

ठाउँमा बनाउन सक्नुहुन्न। हामीसंग यी सबै अन्य कुराहरु छन्। हामी गिर्छौं, यसमा चिप्लिन्छौ। बुझ्नुभयो? उहाँले आफ्नो मण्डली निर्माण गर्न सक्नुहुन्न।

233 धैर्यता केसंग? कस्तो खालको धैर्यता? पहिलो कुरा, परमेश्वरसंग धैर्यता हुनु हो। यदि तपाईसंग सच्चा, वास्तविक विश्वास छ भने, तपाईसंग वास्तविक साचो धैर्यता हुनेछ, किनभने विश्वासले धैर्यतामा काम गर्छ। जब परमेश्वरले केहि भन्नुहुन्छ, तपाईले यो विश्वास गर्नुहुन्छ। त्यो नै हो। तपाईसंग धैर्यता छ।

234 भन्नुहुन्छ, "ठिक छ, मैले उहाँलाई गत राती निको पार्नको निम्ति भने, र म आज बिहान पनि उत्तिकै बिमार छु।" ओ, मेरो! के धैर्यता?

235 परमेश्वरले अब्राहमलाई भन्नुभयो, र एकसय पच्चीस वर्ष पछि त्यहाँ एउटा चिन्ह समेत थिएन। उसले अझै पनि विश्वास गरिरहेको थियो। उनी परमेश्वरसंग धैर्यवान थिए। अँ–ह।

236 उहाँलाई सधै तपाईको अगाडि राख्नुहोस्। उहाँलाई अर्को पार् गर्ने कुरा बन्न दिनुहोस्। तपाईले उहाँलाई पार् गर्नसक्नुहुन्न, त्यसैले उहाँलाई तपाईको अगाडि राख्नुहोस्। "उहाँले यो भन्नुभयो, र यो हुन जानेछ।" बुझ्नुभयो? उहाँलाई तपाईको अगाडि राख्नुहोस्। त्यो सहि हो।

237 नोआमा धैर्यता थियो। हो। नोआमा वास्तविक, ईश्वरीय धैर्यता थियो। परमेश्वरले भन्नुभयो, "म वर्षाले यस संसारलाई नाश गर्न जाँदैछु," र अझै पनि, नोआले एक सय बिस वर्षसम्म प्रचार गरे। पर्याप्त धैर्यता थियो। आकाशबाट एउटा शितसम्म झरेन। केहि पनि थिएन। पहिले जत्तिकै धुलाम्मे थियो, एकसय बिस वर्षसम्म, तर उनी धैर्यवान थिए।

त्यसपछि, परमेश्वरले तपाईको धैर्यता जाँच्नु हुन्छ। त्यो सहि हो। परमेश्वरले त्यसलाई जाँच्नुहुन्छ।

238 उहाँले नोआलाई भनिसक्नुभएपछि, अब उहाँले भन्नुभयो, "नोआ, तिमी अगाडि गएर डुंगामा पसेको म चाहन्छु। म जनावरलाई त्यहाँ पठाउन जाँदैछु, र तिमी भित्र छिरेको म—म चाहन्छु। माथिल्लो तल्लामा चढ, अब, ताकी तिमीले माथि झ्यालबाट, हेर्न सकेको होस्। अब, तिमी त्यहाँ भित्र गएको म चाहन्छु। यी मानिसहरुलाई तिमीले भनेको म चाहन्छु, 'भोली, जे मैले एक सय बिस वर्षसम्म प्रचार गरिरहे, त्यो हुन आउनेछ।' ठिक छ, तिमी त्यहाँ तल जाउ र तिनीहरुलाई भन।"

239 पहिलो चिन्ह के थियो? नोआ डुंगामा पसे। त्यहाँ कुनै पानि झरेन। नोआ तयार भए, र रेनकोट लिए, र सबैथोक, ताकी उसले बाहिर हेर्न सकोस्, बेलाबेलामा। तयार भए। तर अर्को दिन...

240 म विश्वास गर्छु कि उसले आफ्नो परिवार, बुहारीहरु सबैलाई भनेको थियो होला, भन्यो, "ओ, मेरो! भोली तिमीहरुले केहि यस्तो कुरा देख्न जाँदैछौ जुन तिमीहरुले कहिल्यै देखेको छैनौ। किनभने, आकाशैभरि, त्यहाँ कालो हुन जाँदैछ। र गर्जन र चट्याङ पर्नेछ। परमेश्वरको ठूलो तरवार आकाशमा पर्नेवाला छ। उहाँले यी पापीहरुलाई दण्ड दिन जाँदै हुनुहुन्छ जसले हामीलाई, एक सय बिस वर्षसम्म ठुकरायो। तिमीहरुले केवल ध्यान देऊ र हेर।" बुझ्नुभयो?

241 केहि आधा-मार्गी विश्वासीहरु, तपाईलाई थाहा छ, जो वरिपरी हिड्छन् तर कहिल्यै पनि भित्र आउदैनन्, तपाईलाई थाहा छ। तपाई—तपाईसंग अझै पनि तिनीहरु छन्, तपाईलाई थाहा छ। त्यसैले तिनीहरु—तिनीहरु माथि आए, भने, "ठिक छ, शायद बुढो मान्छे सहि थियो होला, त्यसैले हामीहरु माथि जानेछौ र केहि दिन पर्खिनेछौ, वा बिहानमा केहि घण्टा पर्खेर, हेरौ।"

242 अर्को दिन, कालो बादल आउनको सट्टा, यहाँ सधै झैँ गरी घाम आउँछ। नोआले बाहिर हेर्यो। भन्यो, "हे, त्यहाँ कुनै बादल नै छैन।"

243 त्यो मानिस माथि आयो, भन्यो, "अँ, मलाई थाहा थियो तिमी तिनीहरु मध्ये एक हौ। तिमीले देख्यौ, तिमी यहाँ वरपर घुमिराको मात्रै छौ।"

244 "ठिक छ, मलाई क्षमा गर्नुहोस्, श्रीमान। हा-हा। शायद म—म—म केवल, तपाईलाई थाहा छ, केवल उत्साहित भए, तपाईलाई थाहा छ। के प्रकारले, देख्नुहुन्छ, हा-हा-हा।"

245 तर, नोआ, उनमा धैर्यता थियो। भन्यो, "यदि यो आज आएन भने, यो भोली आउनेछ।" किन? परमेश्वरले त्यसै भन्नुभयो।

"उहाँले तिमीलाई त्यो कहिले भन्नुभयो, नोआ?"

246 "एक सय बिस वर्ष अगाडि। म यति टाढासम्म आईसके, त्यसैले म केवल यहाँ अहिले पर्खिरहेको छु।" त्यो हेर्नुहोस्? केहि समय पछि...

247 हामीले पाउछौ, परमेश्वर यति टाढा आउनुभयो, मण्डलीलाई पनि, पर्खिदै, तर यो त्यहाँ हुनेछ। तपाई चिन्ता नलिनुहोस्। उहाँले यो प्रतिज्ञा

गर्नुभएको छ।

248 यी सबै समयमा एउटा पुनरुत्थानको लागि पर्खियौ। त्यहाँ एउटा हुनेछ। चिन्ता नलिनुहोस्। परमेश्वरले यो प्रतिज्ञा गर्नुभयो। केवल धैर्यताका साथ कुर्नुहोस्। तपाई सुत्नुहुन्छ, त्यो सुत्दैन...यो हुनभन्दा अगाडि शायद तपाईले थोरै निन्द्रा पुराउनुहुन्छ होला, तर तपाई त्यस बेलामा जाग्नुहुनेछ। उहाँले यो प्रतिज्ञा गर्नुभयो, तपाई देख्नुहुन्छ। एउटा निन्द्रा, हेर्नुहोस्, हामीले के भन्छौ त्यसलाई मृत्युको एउटा निन्द्रा, तपाईलाई थाहा छ। जसलाई हामीले मृत्यु भन्छौ, केवल एउटा सानो निन्द्रा, वा ख्रीष्टमा सुत्नु हो। ख्रीष्टमा मर्ने भन्ने त्यस्तो कुनै कुरा छैन। जीवन र मृत्यु संगै उपस्थित हुनसक्दैन। बुझ्नुभयो? हामीले केवल एउटा निन्द्रा लिन्छौ, एउटा निन्द्रा जसबाट हामीलाई हाम्रा मित्रहरुले बोलाउन सक्दैनन्। उहाँ मात्रै एक हुनुहुन्छ जसले बोलाउन सक्नुहुन्छ। "उहाँले बोलाउनुहुनेछ, र म उहाँलाई जवाफ दिनेछु," अय्यूबले भने। अय्यूब सुतिरहेको अहिले चार हजार वर्ष भयो। चिन्ता नलिनुहोस्। उनी—उनी फेरी जाग्नेछन्। चिन्ता नलिनुहोस्। उनी अझै पनि पर्खिरहेका छन्।

249 नोआले पर्खे। चौथो दिन बित्यो। कुनै वर्षा छैन। यो सबै ठिक छ। यो हुन जानेछ।

250 मैले श्रीमती. नोआ वरिपरी आएर भनेको सुन्न सक्छु, "बाबा, के तपाई पक्का–...?"

"त्यस्तो नबोल।"

251 उनीसंग धैर्यता थियो, किनकि उनमा विश्वास थियो। हो, श्रीमान। उनमा सद्गुण थियो। उनमा परमेश्वर सहि हुनुहुन्छ भन्ने ज्ञान थियो। उनमा संयम थियो। उनी डगमगाएर, भनेनन्, "ठिक छ, मलाई थाहा छैन यो सबैको विषयमा। मैले मेरो सबै लोकप्रियता गुमाएको छु।" होइन, होइन। "मानिसहरुले मलाई कत्ति नि वास्ता गर्दैनन्। म त्यहाँ बाहिर जानेछु, र फेरी नयाँ गरी शुरू गर्नेछु।" होइन, होइन। उनमा धैर्यता थियो। परमेश्वरले प्रतिज्ञा गर्नुभयो। परमेश्वरले यो गर्नुहुनेछ। परमेश्वरले यो गर्नुहुनेछ, किनभने परमेश्वरले त्यसो भन्नुभएको छ।

252 र मैले उनको छोरा वरपर आएको देखे, भन्यो, "बाबा, तपाईलाई थाहा छ..." उसको लामो खैरो केशमा उसको हात राख्यो, तपाईलाई थाहा छ। र उनी सयौ वर्ष बुढो थियो, तपाईलाई थाहा छ, त्यहाँ बसिरहेको। भन्यो,

"मलाई थाहा छ कि तपाई पुरानो कुलपिता हुनुहुन्छ। म—म तपाईलाई प्रेम गर्छु, बाबा। तर के यो सम्भव छ कि तपाई अलिकति गलत हुन सक्नुहुन्छ?"

"ओ, होइन। होइन।"

"किन?"

"परमेश्वरले यस्तो भन्नुभएको छ!"

253 "ठिक छ, बाबा, यो छ दिन भईसक्यो हामी यहाँ बसेको। यहाँ यो ठूलो, पुरानो, सुक्खा डुंगामा बसेको। र यो सबै भित्र र बाहिर, खडा बसिरहेका छन्। र हामीले यी सबै वर्षहरु यसमा निर्माण गरिरहेका छौ। र तपाई त्यहाँ बाहिर उभिएर यतिसम्म प्रचार गर्नुभयो, कि तपाई कपाल खैरो र तालु भयो। र यहाँ तपाई यहाँ माथि हुनुहुन्छ अहिले, *यस्तो–र–यस्तो* कुरा भन्न कोशिष गर्दै हुनुहुन्छ। र मानिसहरु हासीरहेका छन्, र कुहिएको गोलभेडा र यस्ता कुराहरु फ्याँकीरहेका छन्। त्यहाँ हेर्नुहोस् तपाईले के गर्दै हुनुहुन्छ। किन, तपाईलाई थाहा छ..."

"धैर्यवान हौ, छोरा।"

"के तपाई पक्का हुनुहुन्छ?"

"यो वर्षा हुनेछ!"

उनको बुहारीले भनिन्, "बाबा, तपाईलाई थाहा छ..."

"वर्षा हुनेछ!"

254 "तर हामीहरु यी सबै वर्षहरु भरि, पर्खिदै छौ। हामीले तयार गरिरह्यौ। र तपाईले हामीलाई एक हप्ता अगाडि नै, वर्षा हुन जाँदैछ भन्नुभएको थियो। र हामीहरु यहाँ भित्र छौ, र ढोकाहरु बन्द छन्, र हामीहरु यहाँ भित्र चारैतिर हिडिरहेका छौ, र घाम उत्तिकै चर्को परिरहेको छ जस्तो पहिला थियो।"

"तर यो वर्षा हुनेछ!"

"तपाईलाई कसरी थाहा भयो?"

"परमेश्वरले यसै भन्नुभएको छ!"

255 अब जब तपाई त्यस तरिकामा पुग्नुहुन्छ, यसलाई थप्नुहोस्। तर तपाईले त्यो तरिका पाउनुभएको छैन भने, यसलाई—यसलाई थप्ने कोशिष नगर्नुहोस्। यसले काम गर्दैन। यसले चंगाईमा काम गर्दैन। यसले

केहिमा नि काम गर्दैन। बुझ्नुभयो? यो त्यहि सामग्रीमा ढल्नु पर्छ जसमा यो मिल्न सक्छ। त्यो सहि हो। यसलाई थप्नुपर्छ। परमेश्वरको प्रतिज्ञामा धैर्यता। हो, श्रीमान। नोआाले यो विश्वास गरे। र उनमा परमेश्वर प्रति धैर्यता थियो, एक सय बिस वर्षसम्म।

256 मोशा, उनमा परमेश्वर प्रति धैर्यता थियो। हो, श्रीमान। "मोशा, मैले मेरो मानिसहरुको पुकार सुनेको छु। मैले तिनीहरुको पिडा देखेको छु। म तिनीहरुलाई छुटकारा दिन तल आउदै छु। म तलाई तल पठाउन गईरहेको छु।"

257 र ऊ र परमेश्वरको विचमा एउटा अन्तर थियो, र परमेश्वरले उसलाई महिमा देखाउनुभयो। भन्नुभयो, "यहाँ म जान्छु।" जब उसले एकपटक परमेश्वरको महिमा देख्यो, तपाई देख्नुहुन्छ, उसमा विश्वास थियो।

भन्नुभयो, "तेरो हातमा के छ, मोशा?"

उसले भन्यो, "एउटा लाठी।"

उहाँले भन्नुभयो, "यसलाई तल फ्याक।"

यो एउटा सर्पमा परिणत भयो। उसले भन्यो, "ओ, प्रभु!" उसले शुरू गर्यो...

258 भन्नुभयो, "यसलाई माथी उठा, मोशा। यदि म यसलाई एउटा सर्पमा परिणत गर्न सक्छु भने, म यसलाई फेरी पुरानै स्थितिमा फर्काउनसक्छु।"

259 अ! आमेन! यदि परमेश्वरले मलाई प्राकृतिक जीवन दिनसक्नुहुन्छ भने, उहाँले मलाई एउटा आत्मिक जीवन पनि दिन सक्नुहुन्छ! यदि परमेश्वरले मलाई पहिलो जन्म दिनसक्नुहुन्छ भने, उहाँले मलाई दोस्रो जन्म पनि दिन सक्नुहुन्छ! आमेन! यदि परमेश्वरले *यो* निको पार्न सक्नुहुन्छ भने, दिव्य चंगाईद्वारा, उहाँले यसलाई फेरी पनि उहाँको महिमाको निम्ति, अन्तिम दिनमा उठाउनसक्नुहुन्छ। त्यो सहि हो।

260 "म यो लाठीलाई तल फ्याक्न सक्छु र यसलाई एउटा सर्पमा परिणत गर्न सक्छु। मैले यसलाई फेरी लाठीमा परिणत गर्न सक्छु। पुच्छरबाट यसलाई समात।"

261 मोशा तल गयो र लियो। त्यहाँ यो थियो, एउटा लाठी। उसले त्यहाँ ज्ञान थप्न थाल्यो। बुझ्नुभयो?

"तेरो हातमा के भयो, अहिले, मोशा?"

"केहि छैन।"

"यसलाई तेरो आफ्नो काँखमा हाल्।"

262 "ठिक छ। यसको विषयमा के छ..." कुष्ठरोगले सेतो भयो। "ओ, प्रभु, मेरो हात हेर्नुहोस्!"

"यसलाई तेरो काँखमा राख्, मोशा।"

263 उसले फर्काएर *त्यसरी* राख्यो, यो पहिले जस्तै भयो...उसले त्यसलाई *यसरी* थप्न थाल्यो, त्यसपछि, बुझ्नुभयो। हो, श्रीमान।

264 ऊ त्यहाँ तल गयो। र पहिलो अन्तर...ऊ त्यहाँ तल गयो। त्यहाँ बाहिर आएर भने, "परमप्रभुले भन्नुभयो, 'मेरो मानिसलाई जान दिनुहोस्।' फारो, तपाईले यो जानेको म चाहन्छु। म परमेश्वरको प्रतिनिधित्वको रूपमा आएको छु। तपाईले मेरो कुरा पालना गर्नुपर्छ।"

265 फारोले भन्यो, "पालना? के तिमीलाई थाहा छ म को हुँ? म फारो हुँ। तिम्रो आज्ञा पालन गर्ने, एउटा दासको?"

266 भन्यो, "तपाईले मेरो आज्ञा पालन गर्नुहुनेछ, नत्र नष्ट हुनुहुनेछ। तपाईले यो दुईवटा मध्ये एउटा चाहेको गर्न सक्नुहुनेछ।" किन? उसलाई थाहा थियो उसले केको विषयमा बोलिरहेको छ भनि। उसंग आज्ञा थियो। ऊ त्यहाँ तल थियो। उसले परमेश्वरसंग बोलेको थियो। उसमा विश्वास थियो। ऊ कहाँ छ भन्ने कुरा उसलाई थाहा थियो।

"मैले तिम्रो आज्ञा पालन गरेको चाहन्छौ? यहाँबाट बाहिर जाऊ!"

"म तिमीलाई देखाउनेछु।"

"मलाई एउटा चिन्ह देखाऊ।"

उसले एउटा लाठी तल फ्याक्यो; एउटा सर्पमा परिणत भयो।

267 "किन," उसले भन्यो, "त्यो सस्तो जादूगरको चाल! एक मिनेट यहाँ आऊ। यहाँ आऊ, यान्नेस, तिमी यामब्रेस, तिमीहरुको लाठी तल फ्याक।" तिनीहरुले त्यसलाई तल फ्याँके, र तिनीहरु एउटा सर्पमा परिणत भयो।

268 भन्यो, "अब, तिमी सस्तो कुरा लिएर, तल मकहाँ, एक मिश्री, एउटा मिश्रको फारोको अगाडि आएको। र तिमी यहाँ आफ्नो केहि सस्तो जादूगरको चाल सहित आएको, तिम्रो केहि छलसंग," तपाईलाई थाह छ, दिमाग–पढ्ने। तपाईलाई थाहा छ मेरो मतलब। म आशा गर्छु कि तपाईले यसको विषयमा पढिरहनुभएको छ। "मानसिक रोगी वा त्यस्तै, देख्यौ, हो,

त्यस्तो खालको कुरा सहित यहाँ तल आएको।" भन्यो, "ठिक छ, तिमीले गरेको काम हामीले नि गर्न सक्छौ।"

269 मोशा के थियो? उसले भनेन, "ओ, श्रीमान. फारो, म––म क्षमा चाहन्छु, श्रीमान। म तपाईको दास हुनेछु।" होइन, श्रीमान।

270 ऊ स्थिर खडा भई बस्यो। आमेन। ठिक त्यहि बस्छ। परमेश्वरले भन्नुभयो, उसको हृदयमा कुनै संका छैन, "शान्ति बनाईराख्। म तलाई केहि कुरा देखाउनेछु।" जब तपाईले उहाँले जस्तो गर् भन्नुभएको थियो त्यस्तै गर्नुभयो, हेर्दा गलत भयो जस्तो देखियो; स्थिर नै बस्नुहोस्, धैर्य हुनुहोस्।

271 मोशाले भने, "तपाईलाई थाहा छ, जब मैले त्यो जगमा बसाले, त्यहाँ धैर्य बसालेको थियो, त्यसैले म केवल पर्खनेछु र हेर्नेछु परमेश्वरले के गर्नुहुनेछ।"

272 त्यहाँ पुरानो सर्पहरु थियो, चारैतिर घिस्रीदै, उडाउदै, एकअर्कामा कराउदै थिए। पहिलो कुरा तपाईलाई थाहा छ, मोशाको सर्प गयो, "गल्प, गल्प, गल्प," र तिनीहरु सबैलाई निलिदियो। उसमा धैर्यता थियो।

> तिनीहरु जसले प्रभुमा प्रतिक्षा गर्दछन्, तिनीहरुको बल नयाँ पारिनेछ,
> तिनीहरु चिलझैं पखेटाहरु फिजाई माथि उड्नेछन्।

के त्यो सहि हो? हेर्नुहोस्? हो।

> तिनीहरु दौडनेछन् र थाक्ने छैनन्, हिड्ने छन् र ढल्ने छैनन्।

हेर्नुहोस्, केवल प्रभुमा प्रतिक्षा गर्नुहोस्। धैर्यता राख्नुहोस्। बुझ्नुभयो? हो, श्रीमान।

273 त्यसपछि इस्राएल त्यहाँ बाट बाहिर निकालिनेवाला थियो। महान विरोधाभास आयो, र मोशाले प्रतिक्षा गरे।

274 त्यसपछि ऊ मरुभूमिमा पुग्यो। त्यो केवल तिन– वा चार दिनको यात्रा थियो। उसले त्यहाँ पार् गरेको ठाउँबाट मात्रै चालिस मिल थियो, ठिक पारी जहाँबाट तिनीहरुले पार् गरे। तर, मोशा, उजाडस्थानमा, चालिस वर्षसम्म प्रतिक्षा गरे। धैर्यता। आमेन। त्यो सहि हो। उसले चालिस वर्षसम्म प्रतिक्षा गरे। ओ! हो, श्रीमान।

275 र हामीमा पनि, एक अर्का प्रति धैर्यता हुनुपर्दछ। बुझ्नुभयो? एक समय…हामी—हामी यति विधि एक अर्कामा अधैर्य हुन्छौ। हामीले सोच्छौ कि हामी मोशा जस्तै हुनुपर्छ। मोशाको मानिसहरुसंग धैर्य थियो। हेर्नुहोस्, त्यहि कारणले गर्दा तिनीहरु पारी नपुगेका थिए। बुझ्नुभयो? यदि तपाईले केहि गर्न खोज्दै हुनुहुन्छ भने…

276 जस्तो, मैले यो सन्देश मण्डलीमा पुर्याउन खोज्दैछु, यो हेर्न ताकी मण्डलीको हरेक मानिस *यो* बन्न सकून्। यो गर्न कठिन छ। मैले धैर्यता राख्न कोशिष गरे; यो तेत्तिस वर्ष हो। बुझ्नुभयो? धैर्यता राख्नुहोस्। महिलाहरुले अझै पनि आफ्ना कपाल काट्छन्, अझै नि उस्तै छ। तर केवल धैर्यता राख्नुहोस्। बुझ्नुभयो? केवल धैर्यता राख्नुहोस्। पर्खनुहोस्। गर्नुपर्छ। यदि तपाईले यो पाउनुभएको छैन भने, यसमा *यहाँ* यो निर्माण गर्न नखोज्नुहोस्। धैर्यता राख्नुहोस्।

277 एक पटक, जब विद्रोहि समूहका मानिसहरुसंग यस्तो अधैर्यता थियो, तिनीहरुले मोशालाई केहि गलत गर्न लगाए। तर, अझै पनि, तर जब यो प्रदर्शनीमा आयो, परमेश्वर तिनीहरुको क्रियाकलापबाट दिक्क हुनुभयो। उहाँले भन्नुभयो, "आफैलाई अलग्या, मोशा। म तिनीहरु सबैलाई मार्नेछु, र एउटा नयाँ शूरू गर्नेछु।"

278 उसले आफैलाई उल्लङ्घनमा फाल्यो, र भन्यो, "परमेश्वर, यसो नगर्नुहोस्।" के? ती मानिसहरु प्रति धैर्यता जसले उसको विरुद्धमा विद्रोह गरे।

279 म सोच्छु यदि हामीले त्यसो गर्न सके त? यदि तपाईले सक्नुहुन्न भने, *यसमा* निर्माण गर्ने प्रयास नगर्नुहोस्, किनकि यो—यो परिवर्तन हुँदैन, तपाईलाई थाहा छ। त्यो तरिकामा हो जहाँ पहिलो एउटा *यसमा* मिल्यो, र त्यो नै तरिका हो जसबाट सबैजना मिल्नुपर्दछ। यदि तपाईसंग छैन भने, तपाई जीवित परमेश्वरको वासस्थान त्यस कदसम्म आउन सक्नुहुदैन, यदि तपाईले धैर्यता, एक अर्काको लागि धैर्यता पाउनुभएको छैन भने। ठिक छ।

280 हिब्रू छोराछोरीहरुसंग धैर्यता थियो। निश्चय, तिनीहरुसंग थियो। परमेश्वरले तिनीहरुलाई प्रतिज्ञा गर्नुभएको थियो, तिनीहरुलाई भन्नुभएको थियो, "तिमीहरु कुनै पनि मूर्तिको अगाडि नझुक्नु।" तर तिनीहरुसंग धैर्यता थियो। भन्यो, "हाम्रा परमेश्वर सक्षम हुनुहुन्छ। तर, तैपनि, हामीहरु तिम्रो मुर्तिको अगाडि झुक्नेछैनौ।" धैर्यता, यो जानेर, कि परमेश्वरले

उसलाई फेरी अन्तिम दिनमा उठाउनुहुनेछ।

281 यो जीवनको खासै अर्थ छैन, साच्चै नै। बुझ्नुभयो? परमेश्वरले यसलाई फेरी पनि अन्तिम दिनमा उठाउनुहुनेछ। तर जब मूर्ति प्रति झुक्ने कुरा आउछ, हामी यो गर्ने छैनौ। अब, हामी कैसरको कैसरलाई दिन्छौ, तर, जब यो कैसर परमेश्वरको कुरामा हस्तक्षेप गर्न आउँछ, परमेश्वर पहिलो हुनुहुन्छ।

282 "परमेश्वरले भन्नुभयो, 'त्यस प्रतिमा प्रति नझुक।' र म यो गर्ने छैन। हाम्रो परमेश्वरले हामीलाई छुटकारा दिन सक्षम हुनुहुन्छ। यदि उहाँ हुनुहुन्न भने, म मूर्ति प्रति झुक्दिन।"

भन्यो, "ठिक छ, त्यहाँ भट्टी छ।"

283 "ठिक छ," उसले भन्यो, "ओ, मलाई लाग्छ, आज राती ठूलो झरी पर्न सक्छ र यसलाई निभाउनेछ।" तर यो नगर। अझै धैर्य।

284 अर्को बिहान, जब तिनीहरु अदालतको अगाडि ल्याईयो, त्यहाँ नबुकदनेसर बारेको थियो। उसले भन्यो, "ठिक छ, केटा हो, के तिमीहरु मलाई आफ्नो राजाको रूपमा सम्झिन तयार छौ?"

"निश्चय नै। हे राजा, सधै बाँच्नुहोस्।"

"अब मेरो मूर्तिलाई ढोग।"

"ओ, होइन।"

285 "ठिक छ, तिमीहरुलाई जलाउन जाँदैछ। तिमीहरु बुद्धिमान मानिसहरु हौ। तिमीहरु होसियार छौ। तिमीहरु हामीलाई धेरै सहायता भयौ। तिमीहरु हाम्रो राज्यको निम्ति आशिष भयौ। के तिमीहरुले बुझ्दैनौ कि म यो गर्न चाहन्न भनि? तर म—मैले यहाँ घोषणा गरेको छु, र यो गर्नुनै पर्छ। म तिमीहरुलाई त्यहाँ फ्याक्न चाहन्न। ओ, पुरुषहरु, तिमीहरुलाई के भएको छ?"

286 "मलाई थाहा छ त्यो ठिकै सुनिन्छ। तर, हाम्रो परमेश्वरले हामीलाई छुटकारा दिन सक्षम हुनुहुन्छ। तर तैपनि..." धैर्यता थियो।

287 भट्टी तर्फ अगाडि बढ्न थाले। एउटाले अर्कोलाई हेरे। "यो सबै ठिकै छ। ठिक छ।" धैर्यता पाए। एक कदम अघि बढे, परमेश्वर त्यहाँ हुनुहुन्नथ्यो। दुई कदम, उहाँ त्यहाँ थिएन। तिन कदम, चार कदम, पाँच कदम, बस अघि बढि नै रहे, अझै पनि उहाँ त्यहाँ थिएन। र ऊ सिधै आगोको भट्टीमा

गयो। तिनीहरुमा धैर्यता थियो। तर उहाँ त्यहाँ हुनुहुन्थ्यो। बुझ्नुभयो? केवल प्रशस्त आगोले तिनीहरुलाई हान्यो, तिनीहरुको हात र खुट्टाको जन्जिरहरुलाई जलाउनको लागि। र जब उसले खाडलको फेदमा पुग्यो, उहाँ त्यहाँ हुनुहुन्थ्यो। बुझ्नुभयो? तिनीहरुसंग धैर्यता थियो।

288 दानिएलको पनि त्यस्तै। दानिएलमा धैर्यता थियो। पक्कै पनि। उसले हार मान्नेवाला थिएन। होइन, श्रीमान। उसले के गर्यो? उसले ती झ्यालहरु खोले र जसरी पनि, प्रार्थना गरेर छोडे। यो परमेश्वरको आवश्यकता थियो। उसमा धैर्यता थियो। उसले परमेश्वरमा प्रतिज्ञा गर्यो, यो जानेर कि परमेश्वरले आफ्नो वचन पुरा गर्नुहुन्छ। तिनीहरुले उसलाई सिंहको खोरमा फ्याँके, भन्यो, "हामी तिमीलाई सिंहहरुलाई खान दिनेछौ।"

289 उसले भन्यो, "त्यो ठिक छ।" उसमा धैर्यता थियो। किन? "ठिक छ, मैले यो समयभरी परमेश्वरलाई, प्रतिक्षा गरिरहेको थिए। यदि मैले अझै केहि हजार वर्ष प्रतिक्षा गर्नुपर्छ भने, म फेरी अन्तिम दिनमा उठ्नेछु। त्यसैले, धैर्यता पाए, प्रतिक्षा गरे।"

290 पावलमा धैर्यता थियो। निश्चय नै थियो। हेर्नुहोस् पावलले के गर्नुपर्यो। धैर्यताको बारेमा कुरा गरौ!

291 पेन्टिकोष्टल मानिसहरुको बारेमा के छ? जबसम्म तिनीहरुले आज्ञा पाएका थिए, "तबसम्म पर्खे," हेर्नुहोस्, "तिमीहरुले शक्ति नपाएसम्म त्यहि कुरीबस।" कति लामो? तिनीहरु त्यस्तो कुनै प्रश्न थिएन, "कति लामो समयसम्ममा यो हुन्छ?" तिनीहरुले केवल यो जवाफ पाए, "तबसम्म पर्ख।"

292 तिनीहरु त्यहाँ माथि गए र भने, "ठिक छ, केटाहरु, शायद अबको पन्ध्र मिनेटपछि पवित्र आत्मा हामीमा हुनेछ र हामीसंग हाम्रो सेवकाई हुनेछ।" पन्ध्र मिनेट गयो, कोहि छैन। एक दिन बित्यो, केहि छैन; दुई, तिन, चार, पाँच, छ, सात।

293 ती मध्येले भने होलान्, "हे, के तिमीलाई लाग्दैन कि हामीले यो पाईसकेका छौ?"

"होइन, होइन, होइन, होइन।" यति नै हो। होइन। त्यो सहि हो।

294 "तिमीहरु यसबाट आओ, केटाहरु।" शैतानले भन्यो, "तिमी—तिमी—तिमीलाई थाहा छ कि तिमीले के चाहेको छौ सो पाईसकेको छौ। अघि बढ, आफ्नो सेवकाई शुरू गर।"

295 “होइन, होइन, होइन। हामीले अझै पनि, यो पाएका छैनौ। किनभने, उहाँले भन्नुभयो, ‘त्यहाँ आउनेछ, जुन आखिरी दिनहरुमा हुन आउनेछ: भकभके ओठ र अन्यभाषाहरुले म यस मानिसहरुमा बोल्नेछु, र मैले भनेको विश्राम यहि हो,’ हेर्नुहोस्, यशैया २८:१९।” भन्नुभयो, “यो—यो नै हो, तिमी—तिमीले यो तब पाउनेछौ...किन, हामीले जान्नेछौ यो कहिले आउनेछ भनि। यो कहिले आउनेछ भनि हामीले जान्नेछौ। हामीले यो थाहा पाउनेछौ, ‘पिताको प्रतिज्ञा।’” यहाँ उहाँले नौ दिनसम्म पर्खनुभयो। र दसौ दिनमा, “हामीहरु त्यहाँ थियौ।” तिनीहरुमा प्रतिक्षा गर्नको लागि, धैर्यता थियो।

296 अब, यदि तपाईले त्यस तरिकाको धैर्यता पाउनुभएको छ, परमेश्वरले एउटा प्रतिज्ञा दिनुभईसकेपछि र तपाईले यो बाईबलमा देख्नुहुन्छ, “यो मेरो हो,” त्यसपछि प्रतिक्षा गर्नुहोस्। त्यसपछि, यदि तपाईले त्यस तरिकाको धैर्यता पाउनुभएको छ, यसलाई तपाईको विश्वासमा थप्नुहोस्। र हेर्नुहोस् तपाई अब कति माथि हुनुहुन्छ? तपाई *यहाँ* अहिले धेरै माथि पुग्दै हुनुहुन्छ। ठिक छ। घडीको हात पनि, घुमिरहेको छ, होइन र? ठिक छ। ठिक छ। यसलाई तपाईको विश्वासमा जोड्नुहोस्।

297 तपाईको अगाडि सधै उहाँलाई राखेर, सम्झेर, यो उहाँ हुनुहुन्थ्यो कि जसले प्रतिज्ञा गर्नुभयो। म होइन, प्रतिज्ञा। पाष्टर होइन, प्रतिज्ञा हो, हाम्रो भाई नेभिल। यो कुनै अर्को सेवक होइन, प्रतिज्ञा हो। यो कुनै पूजाहारी वा पप होइन। पृथ्वीमा कुनै मानिस होइन। यो परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो, र परमेश्वर आफूले गरेको सबै प्रतिज्ञा पूरा गर्न सक्षम हुनुहुन्छ। ठिक छ। यदि तपाईसंग त्यस किसिमको विश्वास छ, परमेश्वरले यो प्रतिज्ञा गर्नुभएको छ भनेर जान्न! भन्नुहुन्छ, “भाई ब्रन्हाम, म बिमार छु। मलाई चंगाईको अत्यन्त खाँचो छ।” यसलाई ग्रहण गर्नुहोस्। यो तपाईलाई दिईएको उपहार हो, हो, श्रीमान, यदि तपाईले विश्वास गर्न सक्नुहुन्छ भने। “ठिक छ,” तपाई भन्नुहुन्छ, “म विश्वास गर्छु।” त्यसपछि यसलाई भुल्नुहुन्छ। यति नै हो। यो सबै समाप्त भयो। बुझ्नुभयो?

298 यदि तपाईसंग धैर्यता छ भने, धैर्यता राख्नुहोस्। यदि तपाई हुनुहुन्न भने, तपाई यस भवनबाट यहाँ भत्किदै हुनुहुन्छ, बुझ्नुभयो। यसले बाकि रहेको सबैलाई ढाल्नेछ, त्यो एउटा कुराले। हामीसंग त्यो हुनुपर्दछ। यसलाई नथप्नुहोस्, किनभने, यदि तपाईमा धैर्यता छैन भने यसले तपाईको

भवनलाई भत्काउनेछ, यदि तपाईसंग विश्वासमा जोड्नको लागि सद्गुण छैन जुन तपाईले भन्नुहुन्छ कि तपाईसंग छ। र यदि तपाईसंग कुनै विश्वास नै छैन, र त्यसमा सद्गुणलाई राख्ने कोशिष गर्नुहुन्छ, यसले तपाईको विश्वासलाई भत्काउनेछ। बुझ्नुभयो? तपाई भन्नुहुन्छ, "ठिक छ, एक मिनेट पर्खनुहोस्। यो सबै गल्ती हुनसक्छ, जे भए पनि। शायद परमेश्वर परमेश्वर हुनुहुन्न होला। शायद त्यहाँ परमेश्वर नै हुनुहुन्न होला।" बुझ्नुभयो, यसले ठिक दुईवटामा यसलाई भत्काउनेछ। बुझ्नुभयो?

299 तर यदि तपाईसंग सच्चा विश्वास छ, त्यसपछि सच्चा सद्गुण यसमा हाल्नुहुन्छ, त्यसपछि सच्चा ज्ञान, त्यसपछि सच्चा संयम, त्यसपछि सच्चा धैर्यता। बुझ्नुभयो? तपाई ठिक रेखामा माथि हिडिरहनुभएको छ। ठिक छ।

300 पाँचौमा, ईश्वरभक्ति। ओ, प्रभु! ईश्वरभक्ति थप्नुपर्छ। ईश्वरभक्तको अर्थ के हो? मैले चार वा पाँचओटा शब्दकोषहरुमा हेरे अनि यसको अर्थ के हो सम्म भेट्टाउन सकिन। अन्तमा, म तल त्यहाँ भाई जेफरिजको मा थिए, हामीले त्यहाँ एउटा—एउटा शब्दकोषमा भेट्यौ। *ईश्वरभक्तिको* अर्थ "परमेश्वर जस्तै हुनु।" ओ, प्रभु! तपाईले विश्वास, सद्गुण, ज्ञान, संयम, धैर्यता पाउनुभए पछि, त्यसपछि परमेश्वर जस्तै हुनुहुन्छ। ह्यु!

301 तपाई भन्नुहुन्छ, "म त्यो गर्नसक्दिन, भाई ब्रन्हाम।" ओ, हो, तपाईले सक्नुहुन्छ।

302 म तपाईको लागि केहि पदहरु यहाँ पढ्नेछु, केवल एक मिनेट। मत्ती ५:४८। हामी यो एउटालाई लिनेछौ र यो कस्तो सुनिन्छ त्यो हेर्नेछौ, मत्ती ५:४८, र हेर्नुहोस् यदि तपाई परमेश्वर जस्तो हुनुपर्छ। तपाईलाई बाईबलले भनेको थाहा छ, "तिमीहरु ईश्वरहरु हौँ।" येशूले त्यसो भन्नुभयो। किन? सबै पुण्य, परमेश्वरमा भएका सबैकुरा, तपाईमा छ। मत्ती ५:४८, "तिमीहरु हौ..." येशूले बोल्दैहुनुहुन्छ, आशिषमा।

> *त्यसकारण तिमीहरु* पी–ई–आर–एफ–ई–सी–टि हौ, (त्यो के हो?) *सिद्ध हौ, जसरी तिमीहरुका पिता हुनुहुन्छ...स्वर्गमा सिद्ध हुनुहुन्छ।*

303 तपाईलाई त्यसो गर्नको लागि भन्नुभन्दा अघि, तपाई *यहाँ* माथि आउनुभएको छ अब। यी सबैकुराहरु थप्नुपर्छ। त्यसपछि जब तपाई यहाँ माथि आईपुग्नुहुन्छ, उहाँले तपाईलाई अब सिद्ध हुनको लागि भन्दै हुनुहुन्छ,

ईश्वरभक्ति, परमेश्वरका छोरा र छोरीहरु। त्यो सहि हो। कति धेरै कुरा म त्यो पंक्तिसंगै भन्न सक्छु!

304 एफिसी ४ मा पल्टाऔ, र यहाँनिर हेरौ, एफिसीको पुस्तकमा, यसले यो बिषयमा पनि, भन्दछ, हामीले—हामीले कसरी गर्नुपर्छ भनि। एफिसी, ४ औ अध्याय, र १२ औ पदबाट शुरू गरेर। एफिसी ४, र १२ औ पदबाट शुरू गर्छौं। ठिक छ। यहाँ ११ औ पदमा शुरू गरौं।

> *र उहाँले कोही प्रेरितहरू; कोही अगमवक्ताहरू;...*

305 हिजो राति याद छ? अरु मानिसको काम लिने प्रयास नगर्नुहोस्। बुझ्नुभयो?

> *...र केहि, प्रचारकहरु; र केहि, पाष्टरहरु...र* केहि, *शिक्षकहरु;*

306 "परमेश्वरको सिद्धताको लागि"? के यो त्यसरी पढ्छ? [मण्डलीले भन्छ, "होइन।"—सम्पा।] के को सिद्धता? ["सन्तहरु।"] सन्तहरु को हुन्? पवित्र पारिएकाहरु। आमेन। तिनीहरु जसले *यहाँ* तलबाट शुरू गरे।

> ...(कि ख्रीष्टको सेवाको) काम गर्न, *सन्तहरू सुसज्जित होऊन्, कि ख्रीष्टको शरीर निर्माण गर्नको लागि* (बनाउनको लागि, यसलाई निर्माण गर्न, बनाउन): तबसम्म...

> *जबसम्म हामी सबैले विश्वासको, र...परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी,* सुनिश्चितताको *लागि,* (ओ, प्रभु), *ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं:*

307 "सिद्ध," ले ईश्वरभक्ति लिन्छ। तपाईले आफ्नो विश्वासमा ईश्वरभक्ति, थप्नुपर्दछ। हेर्नुहोस्, तपाईले *यहाँ* तलबाट शुरू गर्नुहुन्छ, सद्गुणसंग। त्यसपछि तपाई ज्ञानमा जानुहुन्छ। त्यसपछि तपाई संयममा जानुहुन्छ। त्यसपछि धैर्यतामा। अब तपाई ईश्वरभक्तिमा हुनुहुन्छ। ईश्वरभक्ति! ओ, मेरो! हाम्रो समय टाढा भईरहेकोछ। आउनुहोस् हेरौं। तर तपाईलाई ईश्वरभक्तिको अर्थ के हो थाहा छ। तपाईले यो गीत गाउनुभएको छ:

> येशू जस्तै, येशू जस्तै,
> पृथ्वीमा म उहाँ जस्तै हुन चाहन्छु;
> जीवनको पूरा यात्रा भरी पृथ्वी देखि महिमासम्म

म केवल उहाँ जस्तो हुनको निम्ति माग्दछु।

308 त्यो ईश्वरभक्ति हो। जब उहाँलाई मुहारको एक तर्फी प्रहार गरियो, उहाँ अर्कोमा मोडिनुभयो। जब उहाँलाई नराम्रो भनियो, उहाँले बोल्नुभएन। उहाँले फर्केर रिसाउनुभएन। बुभ्नुभयो? ईश्वरीय, केवल एउटा कुराको निम्ति हेरिरहनुभएको, "म सधै त्यो गर्छु जसले पितालाई प्रसन्न बनाउछ।" बुभ्नुभयो? हो, श्रीमान। सधै। त्यो ईश्वरभक्ति हो। बुभ्नुभयो?

309 तपाई *यहाँबाट, यहाँ, यहाँ, यहाँ, यहाँ, यहाँ* आउनु भईसकेपछि, अब तपाई परमेश्वरको पुत्रको पूर्ण कदमा आउदै हुनुहुन्छ। तर तपाईसंग *यो* हुन पर्छ, थप *यो* सबै, र तपाई *यो* नपाएसम्म तपाईले शुरू समेत गर्नसक्नुहुदैन।

310 अब मयुरको प्वाँख सहितको कालो चरालाई याद गर्नुहोस्। उसलाई नभुल्नुहोस्। बुभ्नुभयो? तपाई वास्तवमै नयाँ गरी नजन्मेसम्म यसलाई थप्न नखोज्नुहोस्। किनकि, तपाई, यसले काम गर्दैन, र तपाई—तपाईले यसलाई कार्यन्वयन गर्न सक्नुहुन्न। यो *यसमा* आउँछ, वा यहाँ *यसमा,* यो कहिँ कतै भत्किन्छ।

311 तर जब तपाई *यहाँ* तल आउनुहुन्छ, एउटा नयाँ गरी जन्मेको ढुकुर, तब तपाईले केहि पनि थप्नुहुन्न। यसले तपाईलाई थप्छ, हेर्नुहोस्, माथि आउँछ, ठिक छ, अब सिद्धतामा आउदैछ। ठिक छ।

312 त्यसपछि, छैठौ, आउनुहोस् थपौ, बाईबलले यहाँ भनेको छ, भातृ प्रेम...भातृ स्नेह। अब, त्यो एउटा राम्रोवाला हो, ठिक यहाँ, छैठौ, सातौ। ठिक छ। भातृ स्नेह थप्दै। ठिक छ। जब हामी त्यसमा पुग्छौ, भातृ स्नेह, आफैलाई उहाँको ठाउँमा राख्नुहोस्, जस्तो भए पनि। अब तपाई भन्नुहुन्छ...

313 "मेरो भाईले मेरो विरुद्धमा पाप गरेको छ," पत्रुसले भने। "के मैले उसलाई क्षमा दिनुपर्छ," उहाँले भन्नुभयो, "दिनमा सात पटक?"

उहाँले भन्नुभयो, "सत्तरी गुणा सात।" बुभ्नुभयो?

314 भातृ स्नेह। अब, तपाई देख्नुहुन्छ, यदि कुनै भाई धुनभन्दा बाहिर गएको छ, उसंग अधैर्य नहुनुहोस्। बुभ्नुभयो? होइन। बुभ्नुभयो? उसमा दयालु हुनुहोस्। जसरी, पनि जानुहोस्।

315 कसैले भन्यो, धेरै समय भएको छैन, भन्यो, "तपाईले गरेको तरिकामा तपाई कसरी यी कुराहरु विश्वास गर्नसक्नुहुन्छ, र अभै पनि एसेम्लिज

अफ गड, वान्नेस, र सबै बाकीमा जानुहुन्छ?” तब राख्नुहोस्, भातृ स्नेह, बुझ्नुभयो। बुझ्नुभयो? बुझ्नुभयो? आशा गर्दै, कुनै दिन, हेर्नुहोस्; उसंग धैर्य हुनुहोस्, हेर्नुहोस्; संयम, उसंग सहनशील हुनुहोस्; ज्ञान, यो बुझ्नको लागि कि उसले के विश्वास गर्छ, याद गर्नुहोस्, यो उसको हृदयमा छ, त्यो नै हो; सद्गुण, तपाई आफूमा, त्यसलाई स्नेह, नम्रतासहित, उसमा जान दिनुहोस्; यो विश्वास राखेर कि एकदिन परमेश्वरले उसलाई ल्याउनुहुनेछ। बुझ्नुभयो?

316 भातृ स्नेह, सातौ कुरा। एक, दुई, तिन, चार, पाँच, छ, सात। [भाई ब्रन्हामले सात पटक चकबोर्ड त्याप गर्नुभयो—सम्पा।] हेर्नुहोस्, सातौ कुरा। त्यसपछि, अब, तपाई आउदै हुनुहुन्छ।

317 अर्को कुरा, त्यसपछि, प्रेम थप्नुहोस्, जुन प्रेम हो। त्यो शिर्ष पत्थर हो। यी दिनहरु मध्ये एक दिन, मण्डलीमा...

318 अब, कृपया, यो टेपमा जानकारी होस्, र जहाँकहिँ पनि, म यसलाई सिद्धान्तको रूपमा सिकाउन गईरहेको छैन, जे कुरा म अहिले भन्न जाँदैछु। तर म केवल तपाईलाई त्यो देखाउन जाँदैछु, परमेश्वरको सहायताले, यो वास्तवमै के हो, कि, पहिलो बाईबल जुन परमेश्वरले लेख्नुभयो त्यो आकाशमा राशि चक्र हो। यो कन्याबाट शुरू हुन्छ। यो सिंहमा समाप्त हुन्छ। र जब म छैठौ र सातौ मोहोरमा पुगे, तपाईले पाउनुहुन्छ, जब अरु मोहोरहरु खोलिए, त्यो स्थानको राशि चिन्ह कर्कट थियो, पार् गरेको माछा। र त्यो कर्कट युग हो जहाँ हामी अहिले बाँचिरहेका छौ, प्रकट भएको। र अर्को कुरा जुन मोहोरले तोड्यो, यसले सिंहलाई प्रकट गर्यो, ख्रीष्टको दोस्रो आगमन। उहाँ आउनुहुन्छ, पहिलो, कन्या कहाँ; उहाँ आउनुहुन्छ, अर्को, सिंह भई। म यसलाई ल्याउँछु...

319 अब, मलाई थाहा छैन आज मसंग समय छ कि छैन। यी पाईलाहरु पिरामिडमा छन् भनि देखाउन म आफूले सकेको राम्रो गर्न खोज्छु, ठ्याक्कै, दोश्रो बाईबल परमेश्वरले लेख्नुभयो। हनोकले त्यसलाई लेखे, र तिनीहरुलाई पिरामिडमा राखे।

320 र तेस्रो, परमेश्वर सधै तिनमा सिद्ध हुनुहुन्छ, त्यसपछि उहाँले आफैलाई आफ्नो वचन बनाउनुभयो।

321 यहाँ, अब, याद गर्नुहोस्, पिरामिडमा...मलाई लाग्छ धेरै तपाई सिपाहिहरु र चिजहरु मिश्रमा थिए। पिरामिडसंग उसको टोपी छैन। कहिल्यै

पनि छैन। स्कोनको—ढुङ्गा, र सबैकुरा तिनीहरुसंग छ, तर अझै...

322 यदि तपाईसंग आफ्नो खल्तीमा एक डलरको बिल छ भने, तपाईले त्यस डलर बिलमा हेर्नुहोस्, र तपाईले त्यो पाउनुहुनेछ, दायाँ हात पट्टि, यसमा चिल सहित अमेरिकी झण्डा छ। र यसले भनेको छ, "संयुक्त राज्यको" छाप। अर्को छेउमा चाहि, यसमा पिरामिड छ, एउटा ठूलो टोपी सहित एउटा मान्छेको आँखा छ। यो छेउमा यसले भन्छ, "महान छाप।" ठिक छ, यदि यो महान राष्ट्र हो भने, कि महान छाप यस राष्ट्रको आफ्नै छाप छैन त? परमेश्वरले तिनीहरुलाई साक्षी दिने बनाउनुभयो, चाहे तिनीहरु जहाँसुकै जाऊन्।

323 म एकपटक एउटा डाक्टरसंग बोल्दै थिए, र उहाँले मलाई दैवी उपचारको बारेमा, कुरा गर्दै हुनुहुन्थ्यो। म सडकमा उभिरहेको थिए। उहाँले भन्नुभयो, "श्रीमान, ब्रन्हाम, तपाईले केवल मानिसहरुलाई अन्योलमा पार्नुहुन्छ।" भन्नुभयो, "त्यहाँ चिकित्साबाट बाहेक, अरु चंगाई छैन।"

324 म वरपर फर्किए, कारको उहाँको चिन्हमा हेरे, त्यो पोलमा सर्प थियो। मैले भने, "तपाईले त्यो चिन्ह आफ्नो कारबाट हटाएको बेस हुन्छ, किनकि, किनभने तपाईको आफ्नै चिन्हले परमेश्वर एक चंगाईकर्ता हुनुहुन्छ भनि गवाहि दिँदछ।"

325 एउटा सच्चा डाक्टरले त्यो विश्वास गर्दछ। त्यो तिनीहरु मिथ्या चिकित्सक। हो, श्रीमान। खम्बामा सर्प! मोशाले खम्बामा सर्प उठाए। उहाँले भन्नुभयो, "म परमप्रभु हुँ जसले तेरा सबै रोगहरु निको पार्छु।" र तिनीहरुले त्यो सर्पमा हेरे, दिव्य चंगाईको लागि। र तैपनि तिनीहरुले यसको विरुद्धमा गवाहि दिन्छन्; यद्धपि तिनीहरुको आफ्नै चिन्हले तिनीहरुको विरुद्धमा गवाहि दिन्छन्। ह्यु!

326 यहाँ, हाम्रो राष्ट्र, ती कुराहरु भन्दैछन्, र यी कुराहरुको मजाक उडाउदैछन्, र तिनीहरुको आफ्नै पैसाले, तिनीहरुको मुद्राले, पुरै ब्रम्हाण्डको छाप परमेश्वर हुनुहुन्छ भनि गवाहि दिँदछ। त्यो आँखा त्यसको माथि भएको हेर्नुहोस्, त्यो एक डलर पैसामा? त्यो महान छाप हो।

327 यो कहिल्यै पनि पिरामिडको माथिल्लो भागमा राखिएको थिएन। यो किन भन्ने कुरा तिनीहरुले कहिल्यै पनि बुझेनन्। टोप लगाउने ढुङ्गा बहिस्कार गरिएको थियो, शिर, जो ख्रीष्ट हुनुहुन्छ। तर यो कुनै दिन, आउछ।

328 अब, निर्माणमा, सद्गुण...यो स्मारक बनाउदै, यो कदको निर्माण, हेर्नुहोस्, यो जगको ढुङ्गाबाट शुरू हुन्छ; विश्वास, सद्गुण, ज्ञान, संयम, धैर्य, ईश्वरभक्ति, भातृ स्नेह। अब यसले के गर्छ? तिनीहरु शिर्षढुङ्गालाई कुरिरहेका छन्, जुन प्रेम हो, किनकि परमेश्वर प्रेम हुनुहुन्छ। र उहाँले नियन्त्रण गर्नुहुन्छ, र उहाँ नै यी प्रत्येक कुराहरुको बल हुनुहुन्छ। त्यो सहि हो। हो, श्रीमान।

329 ठिक *यहाँनिर*, ठिक *यहाँनिर*, तपाईले देख्नुहुन्छ, कि मैले बीचमा ल्याए, सबै यी कामहरु यहाँनिर, र यहाँनिर यी साना छालहरु आउँछन्। त्यो के हो? पवित्र आत्मा, ख्रीष्टद्वारा तल आउदै गर्नुभएको हो, बुझ्नुभयो। पवित्र आत्मा! पवित्र आत्मा *यो* सबैको माथि हुनुहुन्छ, संगै जोड्दै, निर्माण गर्दै (के?) एउटा सिद्ध मण्डली, यसलाई शिर्षढुङ्गाले टोपी लगाईदिनको लागि।

330 यो फेरी के गरियो? यो सात मण्डलीको युग, र सात मण्डलीको दूतहरुद्वारा प्रकट गरियो।

331 पछाडी *यहाँ* शुरू भयो। मण्डली पहिलो पटक कहाँ स्थापित भयो? पेन्टिकोष्टल मण्डली पहिलो पटक कहाँ स्थापना भएको थियो? सन्त पावलद्वारा, एफिससमा, एफिसीको मण्डलीको युगको तारा, एफिसस।

332 दोश्रो मण्डली युग स्मर्ना थियो। “सद्गुण।” आईरनियस, महान मानिस जसले पावलको सुसमाचारलाई समातेका थिए।

333 अर्को मण्डलीको युग पर्गामस थियो, जो मार्टिन थियो। मार्टिन महान मानिस थियो जो बसे। पावल, आईरनियस, मार्टिन।

334 त्यसपछि थियाटिरामा कोलम्बा आउछ। तपाईलाई याद छ? यहाँ यो छ, ठिक *त्यहाँनिर* चित्र कोरिएको छ। कोलम्बा। कोलम्बा पछि... अन्धकारको युग आउँछ।

335 त्यसपछि सार्डिस आउछ, कसको अर्थ हो *मृत।* लूथर। हाल्लेलुयाह! त्यसपछि के त? सार्डिस पछि के आउछ, लूथर?

336 त्यसपछि फिलाडेल्फीया आउँछ। “ईश्वरभक्ति।” वेस्ली, पवित्रता! “धार्मिक विश्वासद्वारा जिउँछ,” लूथरले भने। वेस्लीद्वारा पवित्रीकरण।

337 त्यसपछि भातृ स्नेह, लाउडिसियाद्वारा। र हामी विश्वास गर्छौं दोश्रो उपस्थितिको एलियाको महान सन्देश, अन्तिम दिनमा, भूमीलाई साफ

गर्नेछ।

338 यहाँ तपाई हुनुहुन्छ, सात मण्डलीको युगहरु, सात चरणहरु। परमेश्वरले आफ्नो मण्डली निर्माण गर्दै, जुन एउटा व्यक्ति जस्तै व्यक्तिलाई, आफै जस्तै बनाउदै हुनुहुन्छ। महिमा, परमेश्वरको शक्ति, *यसद्वारा* तल आउदै छ, यसलाई संगै जोड्दै। तसर्थ, पेन्टिकोष्टल मानिसहरु जसले लूथरनलाई बाहिर निकाले, वेस्लीयनहरु र त्यस्ता कुरालाई निकाले, थाहै छैन तिनीहरु के कुरा गर्दैछन्। तपाई देख्नुहुन्छ, तिनीहरु मन्दिरको *यस* भागमा बसे। त्यो तरिका हो, केहि मानिसहरु त्यति माथि आउनसक्छन् र खस्छन्। तर त्यहाँ त्यसको वास्तविक अंश छ, जसले त्यस भवनलाई बढाईरहन्छ। “म पुनर्स्थापना गर्नेछु,” परमप्रभु भन्नुहुन्छ।

339 तपाईलाई *दुलहीको वृक्ष* याद छ? *दुलहीको वृक्ष* प्रवचन तपाईलाई याद छ? तिनीहरुले यसलाई खान्छन्, तर उहाँले यसलाई छाँट्नुहुन्छ। तिनीहरुले साम्प्रदायिक हाँगाहरु पाए; उहाँले तिनीहरुलाई छाँट्नुभयो। तिनीहरुले अर्को मण्डली उठाए, साम्प्रदायिक हाँगाहरु; उहाँले त्यसलाई छाट्नुभयो। तर वृक्षको मुटु बढिनै रह्यो। “र साँझको समयमा यो उज्यालो हुनेछ।” बुझ्नुभयो? त्यहि बेला जब ख्रीष्ट आउनुहुन्छ, पवित्र आत्मा। येशू ख्रीष्ट तल आउनुहुन्छ र आफैलाई मण्डलीको शिरमा राख्नुहुन्छ तब, र उहाँले यस मण्डलीलाई पुनरुत्थान गर्नुहुन्छ, उहाँको आफ्नै शरीर भएर। *त्यहाँ* भित्र शरीर छ।

340 र जुन तरिकामा परमेश्वरले हामीलाई एउटा व्यक्तिको रूपमा बढ्नको लागि आशा गर्नुहुन्छ, त्यहि तरिकामा उहाँले आफ्नो मण्डलीलाई बढ्नको निम्ति ल्याउनुभएको छ। हरेक मण्डलीको युग, यो एउटा ठूलो मण्डली बन्छ। बुझ्नुभयो?

341 *यी* साथीहरु जे छन् त्यो *यी* साथीहरुलाई आवश्यक थिएन। *यो* जे छ *त्यो* यसमा आवश्यक थिएन। बुझ्नुभयो? तर उहाँले आफ्नो मण्डलीलाई उही तरिकामा ल्याउनुभयो। उहाँले आफ्नो—आफ्नो मण्डलीलाई उही तरिकामा माथि ल्याउनुहुन्छ जुन तरिकामा उहाँले आफ्ना मानिसहरुलाई माथि ल्याउनुहुन्छ। त्यसपछि यहाँ पत्रुसले भन्छ, पहिलो, सात कुराहरु: विश्वास, सद्गुण, (हेर्नुहोस्, माथि आउनुहोस्), ज्ञान, संयम, धैर्यता, ईश्वरभक्ति, भातृ प्रेम, भातृ स्नेह थप्नुहोस्, र त्यसपछि परमेश्वरको प्रेम। पवित्र आत्मा, पवित्र आत्माको साचो बप्तिष्मामा, ख्रीष्ट पवित्र आत्माको

व्यक्तिको रूपमा, हामीमा आउनुहुन्छ, र तपाईले यी सबै सद्गुणहरु छाप सहित पाउनुहुन्छ। त्यसपछि, परमेश्वर एउटा वासस्थानमा जिउनुहुन्छ, जसलाई भवन भनिन्छ, जीवित परमेश्वरको वास बस्ने जीवित वासस्थान।

342 जब कुनै मानिससंग यस प्रकारका चिजहरु हुन्छन, तब पवित्र आत्मा उसमाथि आउदछ। जे भएपनि, तपाई अन्यभाषामा बोल्न सक्नुहुन्छ होला, परमेश्वरसंग भएको वरदान तपाईले नक्कल गर्न सक्नुहोला। तपाईले त्यो गर्न सक्नुहोल। तर जबसम्म यी सद्गुणहरु *यहाँ* तपाईमा जाँदैन, तपाई अझै पनि विश्वासको वास्तविक, सच्चा जगबाट टाढा हुनुहुन्छ। तर जब यी सद्गुणहरु बढ्छन्, र तपाईले त्यसलाई त्यससंग जोड्नुहुन्छ, तब तपाई एउटा जीवित स्मारक हुनुहुन्छ। तपाई जीवित, चल्ने मूर्ति हुनुहुन्छ।

343 तर, तपाईलाई थाहा छ, अ—अविश्वासीहरु, तिनीहरुले आफैलाई मूर्ति, काल्पनिक देवताको अगाडि दण्डवत् गराउछन्। र काल्पनिक तरिकामा तिनीहरुले विश्वास गर्छन् कि काल्पनिक परमेश्वरले तिनीहरुसंग बोल्नुहुन्छ। त्यो अधर्मवाद हो। त्यो रोमनवाद हो। तिनीहरु सबैखालका सन्तहरु र अरु सबैकुराको अगाडि झुक्छन्। र तिनीहरुसंग सन्त सेसिलिया छ, एउटा गृह देवता, र कति धेरै त्यस्ता भिन्न कुराहरु छन्। तिनीहरु त्यसलाई दण्डवत् गर्छन्, र वास्तवमा त्यसलाई काल्पनिक तरिकामा विश्वास गर्छन्। कस्तो एउटा—कस्तो एउटा प्रकार हो यो, साँचो जीवित परमेश्वरको।

344 तर जब हामी, काल्पनिक तरिकामा होइन, तर आफैलाई जीवित परमेश्वरको अगाडि दण्डवत् गराउँछौ, एउटा जीवित सद्गुण, एउटा जीवित ज्ञान, एउटा जीवित धैर्यता, एउटा जीवित ईश्वरभक्ति, एउटा जीवित शक्ति एउटा जीवित परमेश्वरबाट आउदै, एउटा जीवित मानिसलाई परमेश्वरको कदमा एउटा जीवित प्रतिमा बनाउँदछ। उहाँले के गर्दैहुनुहुन्छ? उही कुरा जुन येशूले गर्नुभयो; उही तरिकामा हिड्दै जसरी उहाँ हिड्नुभयो, उही काम गर्दै जुन उहाँले गर्नुभयो। किनभने, यो काल्पनिक कुरा होइन। त्यहाँ एउटा वास्तविकता छ जसले प्रमाणित गर्दछ।

345 हेर्नुहोस् मेरो अर्थ के हो? हेर्नुहोस् कसरी यी सद्गुणहरु, यी निर्माण सामग्रीहरु, मण्डलीका सन्देशवाहकहरुसंग चित्रण मिल्दछ, मण्डलीको युगहरुसंग? अब, यी दिनहरु मध्ये एक दिन, हामीहरुले यी शब्दहरुमध्ये एकलाई लिनेछौ, र तिनीहरुलाई अध्ययन गर्नेछौ, र यसले यो प्रमाणित

गर्छ भनि देखाउनेछौ। यो सबै संगै जाँदछ। पक्कै पनि। बुझ्नुभयो? ओ, प्रभु! त्यो कति अद्भूत छ, हेर्नुहोस्, यो हेर्न कि यसले—यसले के गर्दछ।

346 अब, त्यो नै घर हो जसमा परमेश्वर वास गर्नुहुन्छ; त्यो भवन होइन जसको माथि एउटा ठूलो घन्टी हुन्छ, र एउटा उच्च धरहरा हुन्छ। बुझ्नुभयो? "तर एउटा शरीर तपाईले मेरो निम्ति तयार गर्नुभएको छ," एउटा शरीर जसमा परमेश्वर वास गर्नसक्नुहुन्छ, परमेश्वर भित्र आउन सक्नुहुन्छ, परमेश्वरले भित्र हेर्नसक्नुहुन्छ, परमेश्वर भित्र बोल्न सक्नुहुन्छ, परमेश्वर भित्र काम गर्न सक्नुहुन्छ। आमेन! परमेश्वरको जीवित यन्त्र, परमेश्वर तपाईमा, दुई खुट्टामा हिड्दै। महिमा! "धर्मीहरुको पाईलाहरु परमेश्वरको आज्ञामा हिड्दछ," परमेश्वर तपाईमा हिड्नुहुँदै। "किनकि तिमीहरु लेखिएका पत्रहरु हौ, जसलाई सबै मानिसहरुले पढ्छन्।" र यदि ख्रीष्टमा भएको जीवन तपाईमा छ भने, तपाईले त्यो जीवन बोक्नुहुन्छ जुन जीवन ख्रीष्टले वहन गर्नुभयो।

347 जस्तो मैले सधै भनेको छु। एउटा आरूको रूखबाट रस निकाल्नुहोस्, र यदि तपाईले यसलाई स्थानान्तरणद्वारा, सारेर, स्याउको रुखमा राख्नसक्नुहुन्छ भने, स्याउको रुखले आरू फलाउन थाल्छ। पक्कै पनि। निश्चय नै गर्नेछ। हाँगा जस्तो देखिए पनि फरक पर्दैन, यसमा स्याउको रूखको रस छ, हेर्नुहोस्, वा जुनसुकै रूख त्यो होस्। बुझ्नुभयो? यसले स्याउको रूखबाट यसको जीवन निकाल्छ, यो सबै निकाल्छ, र यसलाई एउटा—एउटा रसको स्थानान्तरण दिनुहोस्, र आरूको रूखबाट स्याउको रूखमा निकास गर्नुहोस्। के हुन्छ? यसले अब आरू कत्ति पनि फलाउदैन। बुझ्नुभयो? होईन, श्रीमान। यो हुनेछैन। यदि आरूको रूखको जीवन स्याउको रूखमा आउदछ भने, बरु, यसले कत्तिपनि स्याउ फलाउदैन। यसले आरू फलाउछ, हेर्नुहोस्, हेर्नुहोस्, किनभने योसंग यसको जीवन छ।

348 ठिक छ, तपाईले हामीलाई लिनुहोस्, त्यो केहि नभएर एउटा जंगली लौका हो, एउटा गाँठो, हेर्नुहोस्, र त्यहाँ हाम्रो लागि केहि पनि छैन, किनकि हामीहरु सबै पाप र अपराधमा मरेका छौ। हामीहरु सबैजना यस खालको अवस्थामा छौ। र त्यसपछि हामी, आफै, आफैलाई झुकाउनसक्छौ, आफैलाई दिन सक्छौ, जबसम्म परमेश्वरले आफ्नो अधान ट्युब लिनुहुन्न, येशू ख्रीष्टको नाउँमा, किनकि, "त्यहाँ स्वर्गमुनी कुनै अर्को नाम छैन

जसद्वारा मानिस बाँच्दछ," र परमेश्वरले को जीवन हामीमा स्थानन्तरण गर्दछ। त्यसपछि हामीसंग *यस* प्रकारको विश्वास छ, त्यो विश्वास जुन ख्रीष्टसंग थियो। र ख्रीष्टको विश्वास ती फरिसीहरुमा आधारित थिएन, वा सदुकीहरु, वा तिनीहरुका भाँडा, केतलीहरु, र प्यानहरु, र तिनीहरुको धुलाईमा। यो परमेश्वरको वचनमा आधारित थियो, आमेन, यति धेरै, कि ख्रीष्ट वचन हुनुहुन्थ्यो, वचन देहधारी हुनुभयो। र जब हामी उहाँको शक्तिबाट यति धेरै हालिन्छौ, कि हामीहरु आफ्नै विचारमा मर्दछौ, र हाम्रो विश्वास सच्चा विश्वास हुँदछ, हाल्लेलुयाह, त्यसपछि ख्रीष्टको जीवन हामीमा आउँदछ। हामीहरु परमेश्वरको जीवित प्राणीहरु बन्दछौ, एउटा वासस्थान जहाँ पवित्र आत्माले आफ्नो उज्वल आशीर्वाद त्यहाँ मार्फत पठाउन सक्नुहुन्छ, र हामीहरु ख्रीष्टको कदमा छौ।

349 येशूले भन्नुभयो, "के यो लेखिएको छैन र? तिमीहरुले मलाई निन्दा गर्यौ, यो भनेर कि, 'म परमेश्वरको पुत्र हुँ,' के यो लेखिएको छैन, कि, 'तिमीहरु ईश्वरहरु हौँ।' के तिमीहरुको आफ्नै व्यवस्थाले त्यो भन्दैन र?" मोशा जस्तै, एलिया जस्तै, ती अगमवक्ताहरु जस्तै जो परमेश्वरको यति नजिक बस्थे, यहाँसम्म कि परमेश्वरले आफैलाई तिनीहरुमा स्थानन्तरण गर्नुहुन्थ्यो। र तिनीहरुले बोल्थे, आफै होइनन्, तर परमेश्वर। "तिमीले के बोल्नुपर्छ भनेर नसोच, किनकि यो तिमीहरु होइनौ जसले बोल्नुहुन्छ। यो तिमीहरु भित्र बास गर्नुहुने पिता हुनुहुन्छ; उहाँले बोल्नुहुन्छ।" उहाँको वचन उहाँको आफ्नै होइन, किनभने, उहाँको जीवन, उहाँको मृत्यु।

350 यदि तपाई मर्नुभयो, तपाईले एउटा मानिसबाट रगत निकाल्नुभयो, तपाईले उसलाई सुगन्धित गर्नुहुन्छ। यसको समस्या यो हो, धेरैजना जसो कहिल्यै पनि सुगन्धित पारिदैनन्। तपाईले मानिसबाट रगत निकाल्नुहोस्, ऊ गयो। त्यसपछि एउटा मात्रै काम तपाईले गर्नु कि उसमा अर्को रगत हालिदिनु; ऊ फेरी जिउनेवाला हुन्छ। तपाईले उसको रगत निकाल्नुहोस्।

351 र अहिले हामीले येशू ख्रीष्टको रगत भित्र राख्यौ, हेर्नुहोस्, र त्यसले येशू ख्रीष्टको विश्वास ल्याउँदछ, येशू ख्रीष्टको सद्गुण, येशू ख्रीष्टको ज्ञान, येशू ख्रीष्टको संयम, येशू ख्रीष्टको धैर्यता, येशू ख्रीष्टको ईश्वरभक्ति, येशू ख्रीष्टको भातृ स्नेह, र परमेश्वरको प्रेम, जो येशू ख्रीष्ट हुनुहुन्छ। उहाँ नै शिर हुनुहुन्छ र तपाईलाई नियन्त्रण गर्नुहुन्छ। र तपाईको खुट्टा जग हो, विश्वास हो। आमेन! शिरद्वारा नियन्त्रित, लिन्छ...?...त्यहाँ तपाई हुनुहुन्छ। त्यहाँ परमेश्वरको

सिद्ध मानिस हुन्छ, जब उसंग यी सद्गुणहरु हुँदछ।

352 त्यसपछि, परमेश्वर, उहाँको मण्डलीलाई एउटा दुलहीको रुपमा प्रतिनिधित्व गर्दै, एउटा महिला। परमेश्वरले उहाँको मण्डलीलाई एउटा दुलहीको रूपमा प्रतिनिधित्व गर्नुहुन्छ। र जुन तरिकामा उहाँले हरेक व्यक्तिलाई उहाँको पुत्र हुन, त्यो दुलहीमा जानको लागि ल्याउनुहुन्छ, उहाँले दुलहीलाई यी युगहरुमा समेत ल्याउनुभएको छ, [भाई ब्रन्हामले उहाँको चकबोर्डमा सात पटक थिच्नु हुन्छ—सम्पा।] जबसम्म उहाँले यो एउटा पूर्ण मण्डलीलाई *यसमा* ल्याउनुहुन्न।

353 मेरो खुट्टा चल्दछ। किन? किनभने मेरो शिरले त्यसो गर्नको लागि भन्दछ। अब, यो मेरो शिर जस्तै त चल्न सक्दैन, किनभने यो मेरो खुट्टा हो। लूथरले ती कामहरु गर्न सक्दैनन् जुन हामीले गरेका छौ, न त मेथोडिष्टले, किनभने तिनीहरु अरु केहि थिए। बुझ्नुभयो? खुट्टा चल्छ किनकि शिरले त्यसो भन्छ। र शिरले कहिल्यै पनि यो भन्दैन, “अब, खुट्टा, तिमी हात बन। कान, तिमी आँखाहरु बन।” बुझ्नुभयो?

354 तर, हरेक युग, परमेश्वरले यी कुराहरु आफ्नो मण्डलीमा राख्नुभएको छ, र प्रत्येक व्यक्तिमा यी कुराहरु छन्, यी गुणहरु राख्दछन् भनि देखाएर यसलाई ढाँचा बनाउनुभएको छ। र *यो* अस्तित्व, जब यो पूर्ण हुन्छ, यो र्याप्चरमा जाने ख्रीष्टको मण्डली हुँदछ। र *यो* अस्तित्व, र पूर्ण हुन्छ, यो परमेश्वरको एउटा दास हो, परमेश्वरको मण्डलीमा, जो र्याप्चरमा जाँदैछ। महिमा! म के भन्न खोज्दैछु हेर्नुहोस्? त्यहाँ तपाई हुनुहुन्छ। त्यहाँ पूरा कुरा छ।

355 *यहाँ* एउटा मानिस आउँछ, पावल, जग बसाल्दै। यसमा आईरनियसले *यो* खन्याउन शुरू गर्यो। अर्कोले *यो* खन्यायो। अर्कोले *यो* खन्यायो। अर्कोले *त्यो*, र *त्यो*, र *त्यो*, र यहाँ यो अन्तिम युग आउन्जेलसम्म गर्यो। तर यो के हो? यो एउटै आत्मा हो।

356 उही आत्मा जुन ममा वास गर्नुहुन्छ, भन्नुहुन्छ, “हातहरु, त्यो मामलामा पुग।” उही आत्माले भन्छ, “खुट्टा, कदम चाल।” मैले भन्न खोजेको बुझ्नुभयो?

357 त्यसपछि, तपाइको अस्तित्वको सम्पूर्ण कद यी कुराहरुद्वारा शासित र नियन्त्रित हुनुहुन्छ, तर यसले तबसम्म पूर्ण रुपमा नियन्त्रण गर्न सक्दैन जबसम्म यसमा पूर्ण रुपमा यी गुणहरु हुँदैनन्।

358 के तपाईले यो कहिल्यै सुन्नुभएको थियो? अब तपाईलाई म यो भन्छु। र साँचो राख्छु…यसलाई तपाईको सुन्ने कानमा राख्नुहोस्। बुझ्नुभयो? एउटा सिक्री यसको कमजोर कडीमा सबैभन्दा बलियो हुन्छ। त्यो सहि हो। यो यसको कमजोर कडीभन्दा बलियो छैन।

359 *यी* जतिसुकै बलियो निर्माण गरिएको भएतापनि, *यो* निर्माण गरिएको; यदि यो कमजोर कडी हो भने, त्यहाँनिर यो टुट्छ। र यो त्यो कमजोर कडीभन्दा बलियो हुँदैन। [भाई ब्रन्हामले उहाँको चकबोर्डको चित्रलाई उद्धृत गर्दै हुनुहुन्छ—सम्पा।] अब यदि तपाईमा छ भने, तपाई भन्नुहुन्छ तपाईसंग *यो, यो, यो* छ, तपाईसंग *यो* चाहि छैन, त्यहाँ निर उनी टुट्छ। यदि तपाईसंग *यो* छ, र तपाईले *त्यो* पाउनुभएको छैन, उनी ठिक त्यहाँनिर टुट्छिन्। तपाईले *यो* पाउनुभयो, अनि *त्यो* चाहि पाउनुभएन, यो टुट्नेछ। *यो*, र यो पाउनुभएन, *यो* टुट्नेछ। *यो*, र *यो* चाहि पाउनुभएन, यो टुट्नेछ। बुझ्नुभयो? र यदि तपाईसंग छैन…*यो* नभईकन *यो* तपाईसंग हुन सक्दैन।

360 त्यसैले जब तपाईले तपाईको सम्पूर्ण अस्तित्व सुम्पनुहुन्छ, त्यसपछि पवित्र आत्मा बस तपाईबाट खनिनुहुन्छ, यी सद्गुणहरुमा, त्यसपछि तपाई एउटा जीवित वासस्थान हुनुहुन्छ। त्यसपछि मानिसहरुले बाहिर हेर्छन् र भन्छन्, "त्यो मानिस सद्गुण, ज्ञान (उसले वचनलाई विश्वास गर्दछ), संयम, धैर्यता, ईश्वरभक्ति, भातृ स्नेहले भरिपूर्ण छ, पवित्र आत्माको प्रेमले भरिपूर्ण छ। हेर्नुहोस्, त्यहाँ ऊ छ, चारैतिर हिड्दै।" यो के हो? एउटा कद जसलाई अविश्वासीले हेरेर भन्छ, "त्यहाँ एउटा इसाई छ। त्यहाँ एउटा पुरुष, वा एउटा महिला छ, जसलाई थाहा छ कि तिनीहरुले के कुरा गर्दैछन् भनि। तपाईले कहिल्यै पनि यत्तिको दयालु, मिठो, ईश्वरभक्त व्यक्ति देख्नुभएको छैन।" तपाई छाप लगाईनुभएको छ। छापले दुईटै पक्षलाई देखाउछ। चाहे तपाई जाँदै वा आउँदै हुनुहुन्छ, तपाईले छाप उस्तै नै देख्नुहुन्छ। त्यहाँ तपाई हुनुहुन्छ। बुझ्नुभयो? जब एउटा पुरुष वा महिलासंग *यो* हुन्छ, त्यसपछि शिरढुङ्गा तल आउँछ र परमेश्वरको राज्यमा तिनीहरुलाई छाप लगाउनुहुन्छ, जो पवित्र आत्मा हुनुहुन्छ।

361 त्यसपछि वचन, *यहाँबाट* आएर, हरेक यी प्राणीहरुमा आफूलाई प्रकट गर्नुहुन्छ, हेर्नुहोस्, र यो पूर्ण अस्तित्वलाई जीवित परमेश्वरको एउटा वासस्थान बनाउदछ, एउटा हिड्दै गरेको, इसाई धर्मको जीवित उदाहरण बनाउदछ। ख्रीष्ट के हुनुहुन्थ्यो, यी मानिसहरु हुन्, किनभने उहाँको जीवन

यहाँनिर छ। तिनीहरु ख्रीष्टमा छन्। र तिनीहरुको जीवन मरेको छ र ख्रीष्टमा लुकाईएको छ, परमेश्वरद्वारा, र पवित्र आत्माद्वारा त्यसमा छाप लगाईएको छ। पहिलो कोरिन्थी १२। त्यो सहि हो। बुझ्नुभयो? तिमीहरुले आफूलाई मृत सम्झन्छौ, त्यसपछि तिमीहरु विश्वासले जन्मन्छौ। त्यसपछि सद्गुण यी अन्य कुराहरु तबसम्म तपाईमा थपिन्छ जबसम्म तपाई एउटा सिद्ध, परमेश्वरको जिवित प्रतिमा बन्नुहुदैन। त्यो अद्भुत हो?

362 र त्यसपछि परमेश्वर, त्यसद्वारा, सात मण्डली युगहरु पनि ल्याउनुभयो, उहाँले ल्याउनुभएको सात चरणहरु देखाउनको निम्ति, उहाँको हरेक व्यक्तिलाई उहाँको प्रतिरूपमा निर्माण गर्दै, उहाँले आफ्नो प्रतिरूपमा एउटा पूर्ण मण्डली निर्माण गर्नुभयो। र पुनरुत्थानमा, यो सम्पूर्ण शरीर उहाँसंग सधैको लागि जिउनको निम्ति उठ्नेछ, किनभने यो एउटा दुलही हो। बुझ्नुभयो? त्यसैले त्यसले हरेक युगमा काट्दछ, आउने हरेक युगमा।

363 र त्यहाँ थप आवश्यक छ, याद गर्नुहोस्। याद गर्नुहोस् यहाँ हिब्रू ११ मा पावलले के भनेको छ? हामीले यहाँ बन्द गर्नुभन्दा पहिले म तपाईको लागि पढ्न चाहन्छु, केवल एक मिनेट। र त्यसपछि तपाई...यसले तपाईलाई एक प्रकारले अनौठो महसूस गराउँछ जब म...सधै, जब म यो पढ्छु। म हिब्रू ११ मा जाँदैछु, म ३२ औ पद शुरू गर्न जाँदैछु।

> अरू बढि, *अरू बढ़ी म के भनूँ? किनकि* तिमीहरुलाई *गिदोन,...बाराक,...शिमशोन,...यिप्ताको बारेमा...र दाऊद,...शमूएल...र अगमवक्ताहरूकाविषयमा भनिरहन मलाई समय छैन;*
>
> *जसले विश्वासद्वारा राज्यहरू कब्जा गरे, न्याय स्थापना गरे,* प्रतिज्ञाहरू *हासिल गरे, सिंहका* मुखहरू *थुनिदिए,*
>
> *आगोका ज्वालाहरू निभाए, तरवारका धारबाट उम्के,* र *कमजोरीबाट बलिया भए,* युद्धमा *वीर भए,...विदेशीहरूका फौजलाई भगाए।*
>
> *स्त्रीहरूले आफ्ना मरेकाहरूलाई पुनरुत्थानद्वारा जीवित पाए: ...अरूहरूले मृत्युपछि अझ उत्तम जीवन प्राप्त गर्नलाई छुटकारा इन्कार* गरेर बरु सास्ती भोगे:

364 तल *यहाँनिर।* बुझ्नुभयो? [भाई ब्रन्हामले आफ्नो चकबोर्ड चित्रलाई उद्धृत गर्नुहुन्छ—सम्पा।] ठिक छ।

> *र अरूलाई* मुद्दा...*गिल्ला...*कोर्राबाजी, *हो, अझै बढि... बन्धन...कैद पनि भोग्नुपऱ्यो:*
>
> *तिनीहरूलाई ढुङ्गाले हाने, तिनीहरू* करौँतीले *चिरिए,* तिनीहरुलाई *यातना दिए,* तिनीहरू...तरवारले *मारिए: भेड़ा र* बाख्राका छालाहरू; *लाएर कङ्गाल भई क्लेश,* र *दुःख पाएर,* र *तिनीहरू यताउता डुलिहिँड़े;*
>
> *(संसार तिनीहरूका* निम्ति *योग्यको थिएन:)...*

365 हेर्नुहोस्, त्यहाँ कोष्ठकमा, तपाईले आफ्नो बाईबलमा याद गर्नुभयो।

> *...मरुभूमि, पहाड़हरू, गुफाहरू र पृथ्वीका ओड़ारहरू हुँदो तिनीहरूलाई घुमिहिँड़्नुपऱ्यो।*
>
> ...तिनीहरू सबैले, *आफ्ना विश्वासको निम्ति ठूलो प्रशंसा पाए,...*

366 *यहाँ!* [भाई ब्रन्हामले चकबोर्ड चित्रलाई उद्धृत गर्नुहुन्छ—सम्पा।]

> *...तिनीहरू सबैले आफ्ना विश्वासको निम्ति ठूलो प्रशंसा पाए, तर प्रतिज्ञा गरिएका कुराचाहिँ पाएनन्:* (बुझ्नुभयो?)
>
> *परमेश्वरले हाम्रा लागि अझ असल योजना राख्नुभएको थियो, ताकि हामीसँग मात्रै तिनीहरू सिद्ध तुल्याइऊन्।*

367 तपाईले यो पाउनुभयो? यी मानिसहरु जो मरे, *यहाँ,* तिनीहरु हामीमा निर्भर र पर्खिरहेका छन्। त्यसैले, पुनरुत्थान ल्याउनुको लागि, *यो* मण्डली सिद्धता आउनुपर्दछ। र तिनीहरु, वेदी मुनि छन्, यो मण्डलीलाई आफ्नो सिद्धतामा आउनको निम्ति पर्खिरहेका छन्, जुन जब ख्रीष्ट आउनुहुन्छ।

368 र यो मण्डली, तपाई देख्नुहुन्छ, सानो हुँदैछ, अल्पमतमा। [भाई ब्रन्हामले चकबोर्ड चित्रमा उद्धृत गर्नुहुन्छ—सम्पा।] यो त्यो भन्दा पनि धेरै धारिलो छ, तर त्यहाँ त्यो क्रस लेख्न मन पर्छ, हेर्नुहोस्। यो सुईको बिन्दुसम्म आएको छ। तबसम्म, मण्डली, अल्पसंख्यक, एउटा स्थानमा आईसक्नुपर्छ जबसम्म यो संग उही खालको सेवकाई हुन्छ जुन *यो* छोडेको थियो, किनभने, जब यो शिर ढुङ्गा तल आउँछ...

369 योसंग एउटा सानो गोजी–जस्तो *यहाँ* छ, जुन यो ठिक त्यहाँनिर बस्नेवाला छ, नियमित पिरामिडमा। यो टुप्पोमा बस्ने केवल एउटा टोपी मात्रै होइन। यो सानो उभ्रेको किनारा हो, र यो त्यहाँ बस्नुपर्दछ, किनभने यसले पानी बगाउँछ।

र जब यो आउँछ, यो मण्डली सम्मानित हुनुपर्दछ।

370 यी सबै, पिरामिडमा ढुङ्गाहरु आराम गर्छ, यति सिद्ध रूपमा राखिएको छ कि तिनीहरुको बीचमा तपाईले पत्ती समेत चलाउन सक्नुहुन्न, टन माथि टन तौल भएको, त्यहाँ राखिएको छ। तिनीहरुले त्यसलाई कसरी त्यहाँ माथी राखे, तिनीहरुलाई थाहा छैन। तर तिनीहरु निर्माण गरियो।

371 र माथि *यहाँ,* जब पिरामिडको टोपी तल आउँदछ, पिरामिड आफै, ख्रीष्टको शरीरलाई सम्मानित हुनुपर्दछ। केवल कुनै पंथ वा सिद्धान्त मात्रै होइन, वा केहि अरू कुरा जुनबाट हामी आउँछौ। यो यति सिद्ध रूपमा ख्रीष्ट जस्तो हुनुपर्नेछ, कि, जब उहाँ आउनुहुन्छ, उहाँ र त्यो सेवकाई ठिक एकैसाथ मिल्न जाँदछ। बुझ्नुभयो? त्यसपछि र्याप्चर आउनेछ, घर जाने समय।

372 हेर्नुहोस् हामीहरु अहिले कहाँ जिईरहेका छौ, लाउडिसियामा, जहाँ मण्डली अहिलेसम्मको सबैभन्दा खराब मण्डली युग थियो। बाईबलमा, हामीले पाउछौ, यो मात्रै एउटा मण्डलीको युग थियो जहाँ परमेश्वर मण्डलीबाट बाहिर हुनुहुन्थ्यो, ढकढकाउदै, उहाँको आफ्नै भवनमा आउन खोज्दै हुनुहुन्थ्यो। पंथ र संगठनले उहाँलाई उहाँकै मण्डलीबाट समेत बाहिर राखिदिएको थियो। "हेर, म ढोकामा उभिएर ढकढकाई रहेको छु। यदि कोहि मानिस तिर्खायो र ढोका खोल्यो भने, म भित्र आउनेछु, त्यससंग भोज खानेछु।" बुझ्नुभयो? यो यहाँ छ, *यो* मण्डलीको युगमा। तिनीहरुले उहाँलाई विस्तारै बाहिर फालिदिए, यहाँसम्म कि तिनीहरुले उहाँलाई *यहाँ* पूर्ण रूपले बाहिर राखिदिए। तिनीहरुलाई यो संग कुनै सरोकार राख्नु छैन।

373 अब तपाईले आज हामी कतातिर जाँदैछौ भनि देख्नुहुन्छ। यहाँसम्म कि लाउडिसिया मण्डलीको युगको अन्त्य जब यतिसम्म औपचारी हुन्छ, कि यो र क्याथोलिक धर्म, जसले ठिक *यहाँ* माथि टुक्रायो, यी दुई एउटा महान मण्डलीको रुप संगै एकजुट हुँदैछ। मण्डलीको महासंघसंगै, यो क्याथोलिकवाद जस्तै नै हो।

374 त्यहाँ केवल एउटा भिन्नता छ, यदि तिनीहरु केवल त्यसबाट

आउनसक्छन् भने, त्यो प्रभु भोज लिने कुरा हो। त्यो मात्रै धर्म प्रदेशमा एउटा कुरा हो, जुन—जुन—जसले क्याथोलिकवाद र प्रोटेस्टेन्टवादलाई एकतृत हुनबाट रोक्दछ, त्यो प्रभुभोज को विधि हो। क्याथोलिकले भन्छ, "यो शरीर हो।" र प्रोटेस्टेन्ट मण्डलीले भन्छ, "यसले शरीरको प्रतिनिधित्व गर्छ।" क्याथोलिकले यसबाट जमात बनाउँछ। एउटा जमात, जुन, तिनीहरुले प्रभु भोज लिन्छन्, यो सोचेर कि तिनीहरुको क्षमा भएको छ। प्रोटेस्टेन्टले यसलाई विश्वासद्वारा लिदछ, परमेश्वरलाई धन्यवाद दिदै, प्रभु भोजमा, यो विश्वास गरेर कि तिनीहरुको क्षमा भएको छ। प्रोटेस्टेन्टले भन्छ, "हामीहरुको क्षमा भएको छ।" क्याथोलिकले भन्छ, "हाम्रो क्षमा भएको छ भनि हामी आशा गर्छौं।" जमात र प्रभुभोज। तिनीहरुले यसलाई एउटा जनसमूह भन्छन्; हामीले यसलाई एउटा प्रभु भोज भन्छौ। एउटा जनसमूहहरु यो हो भनि आशा गर्दैछन्। एउटा प्रभुभोज यो नै हो भनि जान्नु हो, र यसको लागि उहाँलाई धन्यवाद दिनु हो। बुझ्नुभयो? र त्यो मात्रै एउटा ठाउँ हो जहाँ तिनीहरु संगै हुनसक्दैनन्। तिनीहरुले यो गर्नेछन्।

375 ओ, यो एकदम सुन्दर देखिन्छ। यो एकतृत हुनेछ, चल्नको लागि... यो—यो सबै चल्नेछ...ठिक छ, बाईबलले भन्यो, "यो पशुले आफ्नो शक्ति त्यस वेश्यालाई दियो," हेर्नुहोस्, तिनीहरुले आफैलाई एकतृत गर्यो। बुझ्नुभयो? ठ्याक्कै त्यस्तै जस्तो बाईबलले तिनीहरुले गर्नेछ भनि भनेको छ, तिनीहरुले यो अहिले गरिरहेका छन्। यो ठिक अहिले प्रक्रियामा हुँदैछ, यहि हप्तामा। यो होइन कि क्याथोलिक मानिसहरु विरुद्ध ममा केहि छ, न त प्रोटेस्टेन्टमा।

376 तपाई मेथोडिष्ट र ब्याप्टिष्ट, र तपाई धेरै पेन्टिकोष्टल, जब तपाईको मण्डलीहरु ठिक यस मण्डलीहरुको महासंघमा गए, जब तिनीहरुले त्यहाँ न्यू योर्कमा मण्डलीहरुको त्यो महासंघको ठूलो मुर्दाघरहरु पाए, यो संयुक्त राष्ट्र र त्यस्ता चिजहरु जस्तै हुन्। तिनीहरुले सबै प्रोटेस्टेन्टवादलाई संगै एकतृत गर्न खोजिरहेका छन्।

377 अब, क्याथोलिकहरु त्यसमा बुद्धिमान छन्, ल्याउन जाँदैछन्, यो पप जोन तेईसौ, वा बाईस, ऊ जो कोहि पनि ऊ हो, उसले सानो भएर, नम्र तरिकामा, सबै प्रोटेस्टेन्ट विश्वास र क्याथोलिक विश्वासलाई एउटै आस्थामा, ल्याउन कोशिष गरिरहेको छ, ठिक उस्तै नै जस्तो बाईबलले तिनीहरुले यो गर्नेछन् भनि भनेको छ। त्यहाँ तपाई हुनुहुन्छ। र प्रोटेस्टेन्ट

यसमा गिर्दैछ, अंकुसी, लाईन, र डुबाउने।

378 किन? किन? किनभने तिनीहरुसंग *यी* कुराहरु छैनन्। *ज्ञान*, "वचन सहि हो।" *धैर्यता*, "तिनीहरु जो परमप्रभुमा प्रतिक्षा गर्दछन्।" हेर्नुहोस् मेरो अर्थ के हो?

379 जस्तो कि अर्को दिन मेथोडिष्टको विशपले भने, जब तिनीहरुले त्यो दिए। र जोकोहिलाई पनि त्यो थाहा छ, कसरी, के ले त्यसलाई प्रेरित गर्यो, मण्डलीमा, वा विद्यालयमा निश्चित प्रार्थना लिन खोज्दैछन्। र चाहन्छन्... मलाई लाग्छ यो प्रेस्बिटेरियन प्रार्थनाको पुस्तक थियो, वा कुनै अर्को, र अभिभावकले विद्यालयलाई—मुद्दा—मुद्दा दायर गरे किनभने तिनीहरुले यो प्रार्थनालाई विद्यालयमा गर्ने कुरा स्वीकार्दैनन्। र यो मेथोडिष्ट विशप एउटा बुद्धिमान बुढा मानिस थियो, उहाँ उठ्नुभयो र भन्नुभयो, "त्यो गलत हो।" भन्नुभयो, "यो असंवैधानिक छ।" उहाँले यसको हावा समात्नुभयो। उहाँले भन्नुभयो, "हाम्रो मेथोडिष्टको मण्डलीमा जस्तै," उहाँले भन्नुभयो, "हाम्रो मेथोडिष्टको मण्डलीमा," भन्नुभयो, "धेरैजना मानिसहरुले सधै हलिवूडको प्रकरणको बारेमा बोलिरहेका छन्, र पन्चानब्बे प्रतिशतले जसरी त्यो हेर्न जान्छन्।"

380 के भएको छ? तिनीहरुले *यो* छुट्टाए। त्यो ठ्याक्कै हो। तिनीहरुले त्यो छोडे।

381 म ठिक यहाँ यो कोठामा कुरा गरिरहेको थिए, त्यो दिन, त्यहाँ फल्स सिटीमा एउटा—एउटा—एउटा ठूलो मेथोडिष्ट मण्डली मध्येको एउटा अधिकारीसंग, फल्स सिटीमा भएको सबैभन्दा आत्मिक मेथोडिष्ट मण्डलीहरु मध्ये एक। देखाउछ, मेथोडिष्ट युग जुन त्यहाँ हाम्रो युगभन्दा पछि आउँछ, पेन्टिकोष्टल। र उहाँले भन्नुभयो, "सेन्ट. लुईस, मिसौरीमा, उहाँहरुले एउटा विश्लेषण लिनुभयो, लगभग तिन वा चार महिना पहिले, र पत्ता लगाउनुभयो।" त्यो मान्छे आज बिहान यहाँ बसेको हुनसक्छ। ठिक छ, उहाँ ठेकेदार हुनुहुन्छ जसले यो निर्माण गर्दै हुनुहुन्छ, जसले हाम्रो निम्ति भवन ठिक गर्नुहुन्छ। मेन स्ट्रिट मेथोडिष्ट, जहाँबाट उहाँ आउनुभएको छ, जहाँ भाई लम र उहाँ पाष्टर हुनुहुन्थ्यो। त्यसैले हामीले पायौ, त्यसमा, जुन मलाई विश्वास छ कि यो सत्तरी केहि प्रतिशत मेथोडिष्ट मानिसहरु विश्लेषणमा थिए, कि, सेन्ट. लुईसको एउटा सर्वेक्षणले, देखाएको छ कि सत्तरी–केहि प्रतिशत मेथोडिष्टले धुम्रपान गर्छन्, र अडसट्ठी प्रतिशतले

रक्सी पिउने गरेका छन्। एउटा मेथोडिष्ट! र अनौठो कुरा त, जब यो विश्लेषण दिईएको थियो, वा पुरुष र महिलाहरुमा अनुमान गरिएको थियो; महिलाहरु, यो सत्तरी थियो, सत्तरी–केहि प्रतिशत, लगभग पचास प्रतिशत पुरुष थिए। पुरुषको तुलनामा बढि महिलाहरुले धुम्रपान र मद्यपान गर्नेहरु थिए। सत्तरी प्रतिशत, सत्तरी–केहि प्रतिशत, पुरुष भन्दा बढि महिलाहरु थिए।

382 अब के हुन्छ यदि हामी कट्टु लगाउने, र कपाल काट्ने, र त्यस्तै कुराको लागि तल बाईबलको सिद्धान्तमा जान्छौ भने, हेर्नुहोस्, जहाँ ईश्वरभक्ति, महिलाहरु ईश्वरभक्ति र पवित्रताको दावी गर्छन्? कार्ड पार्टीहरु र सबैकुराहरु, वकवासहरु, बोल्ने, आफ्नै जिब्रोहरु सम्हाल्न नसक्ने। आफ्नै जिब्रो बोल्ने र बर्बराउने, र चारैतिर जाने। पुरुषको बारेमा के छ? कार्ड पार्टीहरु, गल्फ खेलहरु, बाहिर त्यहाँ आधा लुगा लगाएर, सानो पुरानो फोहोर–देखिने लुगा लगाएर, ती महिलाहरुसंग त्यहाँ घुमिरहेका छन्। कुनै आश्चर्य छैन!

383 आज बिहान त्यो प्रचारक, झ्यालखानाको प्रचारकलाई खिचेको त्यो फोहोरी योजना हेर्नुहोस्? हो, श्रीमान। म विश्वास गर्दिन कि त्यो मानिस त्यस कुराको लागि दोषी छ। यसले के गर्यो? त्यो भाई...म उहाँको बारेमा सोच्न सक्दिन...[कसैले भन्छ, "ड्यान गिल्बर्ट।"—सम्पा।] हो। ड्यान गिल्बर्ट, झ्यालखानाको प्रचारक। जब त्यो मानिस दौडियो र ड्यानको हत्या गर्यो, यहाँ केहि महिना अगाडि, र अहिले उहाँको श्रीमतीले एउटा बच्चा जन्माउनेवाला छिन्। अवश्य पनि, ड्यान मरिसकेको छ, तिनीहरुले बच्चामा अब रक्तक्षेपण गर्न सक्दैनन्। उनी भन्छन् कि ड्यानले उनलाई बलात्कार गरे, र त्यो उनको..."त्यो ड्यानको बच्चा हो।" यस्तो एउटा...म त्यो कत्ति पनि विश्वास गर्दिन कि त्यो एउटा—कि एउटा—एउटा कागमा परेवाको प्वाँख हुन्छ भनि। होइन, श्रीमान। म विश्वास गर्छु कि यो एउटा झुट हो। म विश्वास गर्छु कि ड्यान गिल्बर्ट परमेश्वरको मानिस थिए। र म विश्वास गर्छु कि त्यो शैतानको एउटा योजना हो।

384 जस्तो कि त्यो कुरा थियो जुन तिनीहरुले प्रार्थनामा राख्ने कोशिष गरे। त्यो बुढो मेथोडिष्ट—मेथोडिष्ट विशप त्यो कुरा बुझ्नको लागि काफि बुद्धिमान थियो। यदि उसले उहाँ हुनुहुन्थ्यो भने, यदि त्यो भएको थियो भने, त्यो केवल केहि अर्कै कुराले प्रेरित हुन्थ्यो। त्यो सहि हो।

385 दक्षिणमा भएको पृथकतावाद समस्या जस्तै, उस्तै कुरा हो। म विश्वास गर्छु कि पुरुषहरु स्वतन्त्र हुनुपर्दछ। म विश्वास गर्छु कि यो राष्ट्र स्वतन्त्रताको लागि खडा हुन्छ। म सेनाहरुलाई तल पठाएकोमा श्री. केनेडीलाई दोष दिन्न। यद्धपि, म एउटा––एउटा "नयाँ व्यापारी" होइन, र म एउटा डेमोक्र्याट होइन। म एउटा रिपब्लिकन होइन। म एउटा इसाई हुँ। त्यसैले म...तर म त्यसमा विश्वास गर्दिन। मलाई विश्वास लाग्दैन कि अश्वेत मानिसहरुले आफ्नो जन्म अधिकार त्यसका कुराहरुमा बेच्नुपर्छ, मलाई लाग्दैन। यो––यो रिपब्लिकन दल हो। अब्राहाम लिंकनको रगतले ती मानिसहरुलाई मुक्त गर्यो किनकि उनी एउटा परमेश्वरको मानिस थिए। मलाई लाग्छ तिनीहरु कमसेकम आफ्नो दलमा अडिक रहनुपर्छ यदि तिनीहरु भोट हाल्न जाँदैछन् भने।

386 तर म तपाईहरुलाई एउटा कुरा भन्छु, त्यो केटा यत्तिकै तिनीहरुको विद्यालय, त्यहाँ तल भएकै कारणले मात्रै त्यहाँ थिएन। त्यो केटा एउटा नागरिक हो। उनी अमेरिकी हुन्। यो सबैको लागि स्वतन्त्रता हो। एउटा मान्छेको रंगले उसको भिन्नता बदल्नु हुदैन। हामी सबै..."परमेश्वर," भन्नुभयो, "एउटा मानिसबाट, सबै रगत बन्यो, सबै राष्ट्रहरु।" हामीहरु सबै एक हौँ। तर, त्यो केटा, ऊ एक सिपाहि थियो। उहाँ एउटा अनुभवी हुनुहुन्छ। उहाँ जे सहि थियो त्यसको लागि लड्नुभयो। उसंग विद्यालय जाने अधिकार छ। त्यो सहि हो। तर उसंग ऊ जान सक्ने पर्याप्त विद्यालयहरु छन्।

387 यो नै कुरा हो। यदि तपाई यसको पछि लाग्नुभयो भने, यो वर्तमान–दिनको संगठित मण्डलीका कुराहरु त्यहाँ छन्, जसले त्यो प्रेरित गर्दैछ। किन? तिनीहरुले ती रंगीन मतहरु रिपब्लिकनबाट डेमोक्र्याटमा घुमाउदैछन्, र त्यसद्वारा तिनीहरुले आफ्नो जन्माधिकार बेचिरहेका छन्। साचै नै सत्य हो। पवित्र आत्मा यहाँ हुनुहुन्न...

388 "जसको बुद्धि छ।" "जसको ज्ञान छ।" ठ्याक्कै। यो मण्डली जस्तै, यो वर्तमान युग, आफैलाई बेच्दै छ। के तपाई देख्न सक्नुहुन्न के हुन जाँदैछ भनि?

389 मलाई मतलब छैन चाहे यो टेप गरिएको होस्। यहाँ यो आउछ। अ–ह। हो। के भयो? मेरी बुढी आमाले भन्ने गर्नुहुन्थ्यो, "शैतानलाई त्यसको बक्यौता देऊ।"

390 त्यहाँ एउटा मान्छे छ जसले एउटै मात्रै काम गर्यो जुन समझदार थियो, त्यो तल त्यहाँ क्यास्ट्रो थियो। हो, श्रीमान। ऊ त्यहाँ तल गयो। र पुँजीपतिहरुसंग सबै छडी र सबैथोक थियो...यो संयुक्त राज्य जस्तै, सुनको मापदण्डमा थियो। उसले के गर्नेथियो? उसले ती सबै बोन्डहरु ल्यायो। उसले सक्ने सबै तरिकाबाट पैसा लियो। त्यसपछि उसले के गर्यो? उसले नक्कली मुद्रा बनायो, र यसलाई परिवर्तन गरिदियो। त्यसलाई सिधा फिर्ता राख्यो। त्यो मात्रै एउटा काम हो जुन यो राष्ट्रले गर्न सक्छ।

391 के तपाईले अर्को बिहान *जीवन रेखा* सुन्नुभयो? किन, तपाईलाई थाहा छ, यो तपाईले सुनमा बोन्डहरु बेचेको जस्तो हो। बोन्डहरु पहिले नै लिईसकेको छ। र यो वर्तमान सरकारले पैसा के को लागि खर्च गर्दैछ? करको पैसाको लागि जुन उनीहरुले अबको चालिस वर्षसम्म जम्मा गर्नेछन्। उनीले गरिन्। त्यो ठिक त्यहाँ वाशिंगटन, डिसीमा, देशभरी बाहिर *जीवन रेखा* हो। करहरु, तिनीहरुले खर्च गरिरहेका छन्, र विदेशी किन्न खोज्दैछन्...ठिक छ, तिनीहरु जसरी नि यसलाई बाहिर दिनेवाला छन्। के तपाईले देख्नुहुन्न? त्यो वास्तवमा तिनीहरु जे—जे गर्न जानेवाला छन्। बुझ्नुभयो? यो के हो? अब, यदि यो देश ध्वस्त भयो भने, यसले गर्न सक्ने एउटा मात्रै कुरा ध्वस्त हुनु हो। यसले गर्न सक्ने एक मात्र काम टाँट पल्टिनु हो।

392 यो एक मात्र समझदार कुरा हो, मुद्रा परिवर्तन गर्ने। तर यो वर्तमान प्रशासन अन्तर्गत, तिनीहरुले यो गर्दैनन्। संसारको सुनको स्वामित्व रोमन क्याथोलिक मण्डलीसंग छ। र तिनीहरुले के गर्छन् भने यसलाई बेच्छन्, "यी धनी मानिसहरुलाई," र यस्तै नै, "संसारको धनी," जसरी बाईबलले भनेको छ। तिनीहरुले के गर्नेछन्, तिनीहरुले हार्न अगाडि, द ब्राउन एण्ड विलियमसन टोब्याको कम्पनी, त्यसको अधिकांश क्याथोलिक हुन्, जसरी नि, र यी सबै अन्य कुराहरु, तिनीहरुले के गर्नेछन्? तिनीहरुले त्यो स्वीकार्छन्, र तिनीहरुले रोमबाट पैसा लिन्छन्, र उनले आफ्नो जन्म सिद्ध अधिकार बेचे। रोमले उसको समर्थन गर्छ। हो, श्रीमान। उसले यसको साथ दिन्छ। र उनीहरुले अहिले पर्याप्त नीति पाईरहेका छन्, तिनीहरुको चारैतिर पर्याप्त पाईरहेका छन्, उसको कक्षमा ल्याएर। हेर्नुहोस् श्री.केनेडीले के को लागि मागिरहेको छ।

393 र जब तपाईले यो देख्नुभयो, अर्को दिन, त्यहाँ भोट दिनको लागि कुनै

जरूरी छैन। मत दिनुको के फाईदा? जब, तिनीहरुले यसलाई पत्रिकामा राख्छन्, र सर्वसाधारणको अगाडि यसलाई प्रमाणित गर्छन्, र तिनीहरुले यसको बारेमा केहि पनि गर्नलाई इन्कार गर्छन्। जब, तिनीहरुले साबित गरे कि देशभरका मेसिनहरु तयार गरियो, कि तिनीहरुले श्री. केनेडीलाई भ्रुटो मतले चुनेका थिए। के बाईबलले भन्दैन कि त्यो छल गरेर भित्र आउनेछ? निश्चय नै, एउटा भ्रुटो मतले। अब, रिपब्लिकन दलभन्दा बढि डेमोक्र्याटिक दलको विरुद्धमा म छैन, तर म केवल बाईबलबाट तथ्य बताईरहेको छु। मत दिनुको के फाईदा? तिनीहरु थाहा छ कि को त्यहाँ गईरहेको छ भनि।

394 दुईजना महिला उभिएको उक्त टेलीकास्ट तपाई मध्ये कतिलाई थाहा छ? र एउटाले भन्यो, "म फलानालाई मत दिन जान्छु..." वा, एउटा प्रोटेस्टेन्ट महिलाले भनिन्, "म श्री. केनेडीलाई मत दिन जाँदैछु।"

तिनीहरुले भने, "किन?"

395 भनिन्, "किनभने मलाई लाग्छ कि ऊ श्री. निक्सनभन्दा होसियार मानिस हो। ऊ एउटा राम्रो राष्ट्रपति बन्नेछ।"

396 त्यसपछि उसले भन्यो, "यो एउटा क्याथोलिक महिला हो। 'तपाईले कसलाई मत दिन जाँदैहुनुहुन्छ?'"

397 उनले भनिन्, "म एउटा क्याथोलिक हुँ, एउटा रोमन क्याथोलिक, एउटा बफादार क्याथोलिक।" उनले भनिन्, "र म श्री. निक्सनलाई मत दिन जाँदैछु।"

"किन?"

398 भनिन्, "किनभने, मलाई लाग्छ कि श्री. निक्सन राम्रो राष्ट्रपति बन्नेछन् किनभने उहाँ यी चिजहरुमा बढि अभ्यस्त हुनुहुन्छ। उहाँ साम्यवादसंग बढि परिचित हुनुहुन्छ।" त्यो महिलाले एउटा भ्रुट बोलिन्।

399 मैले पाएको *छु*...जसलाई तिनीहरुले के भन्छ, *हाम्रो विश्वासको तथ्यहरु,* सर्वोच्च क्याथोलिक पुस्तक किन्न सकिन्छ। र यसले त्यहाँ भित्र भन्छ, "यदि त्यहाँ टिकटमा एउटा क्याथोलिक छ भने, जो एउटा प्रोटेस्टेन्टको विरुद्धमा चलिरहेको छ; यदि एउटा क्याथोलिकले प्रोटेस्टेन्टको लागि भोट दिन्छ भने, तिनीहरु क्याथोलिक मण्डलीको संगतिबाट बहिष्कृत गरिन्छ।" ठिक हो। "र यदि त्यहाँ उही कार्यलयको लागि दुईटा क्याथोलिक भिडिरहेका छन् भने, तिनीहरुले त्यो

क्याथोलिकलाई चुन्नु पर्छ जो 'आमा मण्डली' प्रति बढि बफादार छ र तिनीहरुलाई भोट दिनुपर्दछ।"

400 हेर्नुहोस् कसरी, त्यसले छल गर्यो, तिनीहरुले के गर्न खोज्दैछन्? किन्नको लागि, पैसा दिन्छन्। किन? तिनीहरुले यो टुटाउन खोज्दैछन्। र तिनीहरुले यो गर्दैछन्, र उनी गरिब छ। र यो के हो? यो सुनको मापदण्डमा छ। र क्याथोलिक मण्डली, पदानुक्रम, संसारको सुनको मालिक हो। [कसैले भन्छ, "एक सय अडसट्ठी बिलियन डलर।"—सम्पा।] एक सय अडसट्ठी बिलियन। त्यहाँ तपाई हुनुहुन्छ। उसलाई ठिक सुनको मापदण्डमा फ्याँक्छ, र तपाई मानिसहरु केवल आफ्नो घरहरु र चिजहरु राख्नुहुन्छ, तर तपाई क्याथोलिक मण्डलीको हुनुहुन्छ। राष्ट्र क्याथोलिक मण्डलीको हो। सबै कुरा ठिक त्यहाँ भित्र त्यसरी कैद गरिएको छ, तिनीहरुको मुद्रा मार्फत। के बाईबलले त्यसको बारेमा बोल्दैन र? बाईबलले हामीलाई खिच्ने चित्र यहि हो।

401 म के भन्न खोजिरहेको छु, भाई आज। तिनीहरुले भन्छन्, "त्यसले यसलाई एउटा राम्रो मण्डली बनाउनेछ। यसले प्रोटेस्टेन्टवादलाई एकताबद्ध गर्नेछ।" यो प्राकृतिक आँखालाई राम्रो देखिन्छ, तर यस संसारको ज्ञान परमेश्वरको निम्ति मूर्खता हो।

402 "र यसले परमेश्वरलाई प्रसन्न बनायो, प्रचारको—मूर्खताबाट, ती हराएकाहरुलाई बचाउनको निम्ति," दिव्य कार्यलयबाट, जुन उहाँले आफ्नो मण्डलीमा नियुक्त गर्नुभयो, मण्डलीलाई पृथ्वीको कुरासंग सम्बन्धित कुनै कुरामा नभएर यी आत्मिक गुणहरुमा निर्माण गर्नको निमित्त।

403 पत्रुसले भने, "पैसाको अभिलाषाबाट तिमीहरु संसारको भ्रष्टताबाट उम्केका छौ, र ठूला समयका अभिलाषा, र आनन्द, खुवाई, पियाई, र हामीमा भएका अभिलाषाबाट। तपाई त्यसबाट उम्किनुभएको छ। र अब तपाई आजीविकामा निर्मित हुनुहुन्छ। म त्यो मण्डलीलाई सम्बोधन गर्दैछु," उसले भन्यो। त्यहाँ तपाई हुनुहुन्छ। के तपाईले यो पढ्नुभयो? के तपाईले यो बुझ्नुभयो? केहामीले पछाडि दोस्रो पत्रुसमा पढ्दा तपाईले यो सुन्नुभयो? केवल उसले यहाँ के भन्छ सुन्नुहोस्, कति सुन्दर त्यहाँ लेखिएको छ, कसरी उसले—उसले यो सम्बोधन गर्छ। ठिक छ। उसले बोल्दै गर्दा उसलाई सुन्नुहोस्। ठिक छ।

पत्रुस, *येशू ख्रीष्टको दास र प्रेरित सिमोन पत्रुसबाट,*

*तिनीहरुको लागि जो…र हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकतामा हाम्रो जस्तै अनमोल विश्वास प्राप्त गर्नेहरूलाई:*

*…परमेश्वरको,* र *येशू ख्रीष्ट हाम्रा प्रभुको ज्ञानमा अनुग्रह र शान्ति—तिमीहरूमा प्रशस्त हुँदैजाओस्,*

*हामी सबैलाई—उहाँको दिव्य शक्ति बमोजिम* यी *कुराहरु दिनुभयो…*

404 पृथ्वी र सबै कुराको उत्तराधिकारी कसले पाउनेछ? [कसैले भन्छ, "सन्तहरु।"—सम्पा।] पक्कै पनि। "सम्बन्धित छ…" हो। ठिक छ।

*…जुन जीवन र भक्तिसँग* सम्बन्धित *छ, उहाँको ज्ञानद्वारा* जसले *हामीलाई महिमाको* लागि महिमा *गर्न बोलाउनुभएको छ:*

*यसैद्वारा उहाँले* हामीलाई *उहाँको अनमोल र…महान्* प्रतिज्ञाहरू: *दिनुभएको छ, ताकी यी कुराहरुद्वारा तिमीहरु ईश्वरीय स्वभावका सहभागी होओ, यस संसारका कुइच्छाबाट* (त्यसलाई सुन्नुहोस्।) *आउने भ्रष्टताबाट उम्केर गएका छौ।*

405 पैसाको लालसा, ठूला कुराहरुको अभिलाषा, लोकप्रियताको अभिलाषा, यी कुराहरु विश्वासीको लागि मरेको छ। हामीलाई वास्ता छैन। एउटा पाल वा एउटा झुपडी, मैले किन वास्ता गर्नुपर्यो; बाच्नु वा मर्नु, डुब्नु वा तैरनु? यो कुरा हो जुनमा मलाई चासो छ, परमेश्वरको राज्य। चाहे म मेरो घर मिलाउ, चाहे मैले मेरो परिवार मिलाउ, चाहे मैले मिलाउ जे केहि होस्, मलाई ख्रीष्टलाई कायम राख्न दिनुहोस्, हाम्रो महिमाको आशा।

406 मलाई निर्माण गर्नुहोस्, ओ प्रभु, *यसमा।* ख्रीष्ट मेरो शिर हुनुहोस्, जो मद्वारा काम गर्दै। मेरो जगमा, मेरो विश्वास जुन उहाँमा छ, सद्गुण, ज्ञान, संयम, धैर्यता, ईश्वरभक्ति, र भातृ स्नेह, ममा काम गर्न दिनुहोस्, ओ प्रभु, यो मेरो प्रार्थना हो। मलाई वास्ता छैन; बाँच्नु वा मर्नु, डुब्नु वा डुब्नु; संगठन होस्, वा संगठन नहोस्; साथी होस् वा साथी नहोस्। त्यो ममा काम गर्न दिनुहोस्, ख्रीष्टको सद्गुण, उहाँको ज्ञान, बग्न दिनुहोस्, ताकी म ती कुराहरु सिकाउन सक्षम हुन सकूँ।

407 "किनकि परमेश्वरले मण्डलीमा, प्रेरितहरु, अगमवक्ताहरु, शिक्षकहरु, पाष्टरहरु, र प्रचारकहरु स्थापना गर्नुभएको छ, सबै पूर्णताको लागि र यसमा

यी सबै सद्गुणहरु ल्याउन, परमेश्वरको पुत्रको आगमनको पूर्णताको लागि।" *यी* प्रत्येक ढुङ्गा त्यसको एक सामग्री हो। *यो* यसको सामग्री हो। यी प्रत्येक सद्गुणहरु उहाँका हुन्, र ती उहाँबाट खन्याईरहेका छन्, तल तिनीहरुबाट। आमेन।

408 यो बाह्र बजेको छ। यो सबै कहाँ गयो? आमेन। के तपाईले उहाँलाई प्रेम गर्नुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] के तपाईले त्यो विश्वास गर्नुहुन्छ? ["आमेन।"] सुन्नुहोस्, साना नानीहरु।

409 बहिनी किडले भन्नुभयो, यस बिहान, "भाई बिल, मलाई थाहा छैन कतै मैले तपाईलाई देख्न पाउछु या पाउदिन।" त्यसले मलाई मार्न खोज्छ। बुझ्नुभयो? उहाँ सोच्नुहुन्छ कि उहाँ वृद्ध हुँदै हुनुहुन्छ, र उहाँ हुनुहुन्छ। मैले परमेश्वरलाई प्रार्थना गरे कि उहाँ र भाई किडलाई, लामो समय दिनुभएको होस्।

410 म तपाईलाई भन्छु, हामीलाई थाहा छैन कि कति लामो समयसम्म हामी एकअर्कासंग हुन्छौ। कति लामो समयसम्म म तपाईहरुसंग रहन्छु मलाई थाहा छैन। परमेश्वरले मलाई संसारबाट बाहिर बोलाउन सक्नुहुन्छ। उहाँले मलाई अर्को क्षेत्रको सेवामा बोलाउन सक्नुहुन्छ। उहाँले तपाईलाई कतै बोलाउन सक्नुहुन्छ। हामीलाई थाहा छैन। तर, आउनुहोस्—आउनुहोस् प्राप्त गरौ। यसलाई हामीबाट नाघेर जान नदिऔ। त्यसलाई लिऔ।

411 त्यहाँ यो छ, बाईबलमा। यहाँ यो छ, सबैकुरा ढाँचामा छ। र यदि म संग यो गर्नको लागि समय मात्रै हुन्थ्यो भने! तपाईले यो एक दिनमा गर्न सक्नुहुन्न। तपाईलाई त्यो थाहा छ। तर, सबैकुरा एकसाथ बाँध्न सक्छ!

412 हेर्नुहोस्, जब हामीले त्यो सन्देश सहित गयौ, तपाईले देख्नुभयो पवित्र आत्माले त्यो पर्खालमा के गर्नुभयो, के होइन र? त्यसोभए कति जना यहाँ हुनुहुन्थ्यो? [मण्डली भन्छ, "आमेन।"—सम्पा।] बुझ्नुभयो? निश्चय नै! ठिक तल आउनुहोस्, उही कुरा निकाल्यो, कि प्रभुको दूतले।

413 हेर्नुहोस्, यो सत्य हो। यसलाई तपाईबाट उम्कन नदिनुहोस्। यसमा थामीराख्नुहोस्, छोराछोरीहरु। त्यसमा थामीराख्नुहोस्। याद गर्नुहोस्, तपाईको विश्वास, सद्गुण, ज्ञान, धैर्यतामा निमार्ण गर्नुहोस्!

414 अब, यहाँ, मलाई लाग्छ मसंग यहाँ कागजको एउटा टुक्रा छ, यदि मैले प्रचार गरिरहेको बेलामा मैले कतै यो खसाएको छैन भने। यो यहाँ रहेछ। धन्यवाद तपाईलाई, भाई। तपाईलाई धेरै धेरै, धन्यवाद। यदि तपाई—

तपाई यसमा हेर्न चाहनुहुन्छ भने, र हेर्नुहोस् यदि यहाँ केहि त्यस्तो कुरा छ जुन तपाईले सक्षम हुनसक्नुहुन्छ...शायद यो त्यहाँ भएको भन्दा अलिकति उचित ढाँचा होला, ताकी तपाईले यस मध्ये केहि प्रतिलिपि बनाउन सक्नुहुन्छ। म केवल यसलाई यहाँ टाँसिदिनेछु, र तपाईले साच्चै नै यसमा हेर्न सक्नुहुन्छ र—र टाईप गर्न सक्नुहुन्छ।

415 र तपाईले यो लिएर अध्ययन गरी, यसलाई तुलना गर्नुहोस्, र यो अनुसार जिउनुहोस् भन्ने मेरो चाहना छ। यसलाई केवल अध्ययन, तुलना मात्रै नगर्नुहोस्, तर जब तपाई गर्नुहुन्छ यसमा जिउनुहोस्। यसलाई आफैमा इमानदारीपूर्वक लिनुहोस्। यो नभन्नुहोस् कि, “ठिक छ, यो सुनेर मैले आनन्द लिए।” मैले पनि, गरे। तर यो सुन्नको लागि, र त्यसपछि यसलाई प्राप्त गर्नु, फरक कुरा हो। बुझ्नुभयो? बुझ्नुभयो? यो फरक कुरा हो। बुझ्नुभयो?

416 त्यहाँ परमेश्वरको कद बनाउनको लागि सात योग्यताहरु छन्। त्यहाँ सात मण्डलीका युगहरु छन्, जहाँ परमेश्वरले मण्डलीलाई यो योग्यतामा ल्याउनुभएको छ। र यो गर्नको लागि उहाँसंग सातवटा सन्देशवाहकहरु छन्। त्यहाँ सात, सात, सात छन्। बुझ्नुभयो? सात—सात परमेश्वरको पूर्णताको संख्या हो, र तिन परमेश्वरको सिद्ध संख्या हो। त्यसैले, त्यहाँ तिन छ, त्यहाँ सातवटा तिनहरु छन्। त्यसैले, गणितीय रूपमा, आत्मिक रूपमा, वचनद्वारा, पवित्र आत्माको साक्षीद्वारा, यी सबै मिलेर कुरा पूरा गरेको छ। आउनुहोस् यसलाई अध्ययन गरौं।

417 हाम्रा विश्वासहरुमा यी कुराहरु थपौ, त्यसपछि, ताकी हामी ख्रीष्टको पूर्ण कदसम्म आउन सकौं; ईश्वरीय प्रेम, परमेश्वरको भय, एकअर्का प्रति हाम्रो हृदयमा श्रद्धासहित संगै जोडिएर, एक अर्कामा गहिरो सम्मान, दाजुभाई तथा दिदीबहिनीको स्नेह सहित, कहिल्यै पनि अश्लीलता बिना, अरु केहि नभएर पवित्र आत्माको जीवित शुद्धता सहित। बुझ्नुभयो? संगै जिएर, इसाई बन्नुहोस्। विश्वासका साथ हिड्नुहोस्। परमेश्वरको पुण्य तपाईको मार्फतबाट बग्न दिनुहोस्; परमेश्वरको ज्ञान हुन दिनुहोस्, जब कुरा सहि र गलतको आउँदछ। जब शैतानले केहि कुरा प्रस्तुत गर्दछ जुन ठ्याक्कै धर्मशास्त्रीय छैन, त्यसबाट दूर जानुहोस्। त्यो सहि हो।

418 म कल्पना गर्न सक्छु कि ती प्रेरितहरुले कहिल्यै पनि हामीले जस्तो व्यवहार गरेनन्। तिनीहरु वरिपरी गए, शायद थोरै शब्द बोल्ने मानिसहरु,

जबसम्म तिनीहरु पुल्पिटमा पुगे। तिनीहरु भित्र गए र तिनीहरुले गर्न पर्ने काम तिनीहरुले गरे, अनि बाहिर आए। हो, श्रीमान। तिनीहरुमा शक्ति थियो। तिनीहरुमा सद्गुण थियो। तिनीहरुको मानिसहरुसंग कुनै विवाद थिएन। तिनीहरु कहाँ खडा छन् भनि तिनीहरु जान्दथे। त्यो नै हो। तिनीहरुले कसमा विश्वास गरेका छन् भने तिनीहरु जान्दथे। तिनीहरु आत्मामा हिडिरहे। मात्र गर्दै...

419 अर्को रात मैले भनेको जस्तै। एउटा सानो टाउको हल्लाउनु, परमेश्वरले गर्न पर्ने केवल त्यति मात्रै थियो, त्यसपछि तिनीहरुलाई केहिले पनि रोक्न सक्दैन थियो। तिनीहरुले प्रश्न गर्ने र अध्ययन गर्ने, र संका गर्ने र हामी जसरी फिक्री गर्ने गरेनन्, चाहे तिनीहरुले *यो* वा *त्यो* गर्न पर्ने हो वा होइन। तिनीहरु अगाडि बढेर यसलाई गरे, जसरी पनि। परमेश्वरबाट केवल एउटा हुन्छ हुनुपर्थ्यो, त्यसले यो गर्थ्यो, जति सक्दो चाडो। किन? यो परमेश्वरबाट हुन्छ हो भनि तिनीहरुले कसरी जान्न सक्थे? तिनीहरुसंग यी सबै यहाँ भएका सद्गुणहरु थिए, यी सबै योग्यताहरु। र परमेश्वरको पहिलो सानो हुन्छ *यो* हरेक अंश, र उहाँको वचनसंग तुलना हुन्थ्यो। यो परमेश्वरको वचन थियो भनि तिनीहरुले जानेका थिए, र तिनीहरु टाढासम्म गए। कुनै कुराको लागि पनि फिक्री गर्न पर्दैन थियो। जब परमेश्वर बोल्नुभयो, तिनीहरु गए। हामी बोल्छौ...

420 परमेश्वर हामीसंग बोल्नुहुन्छ, र हामीले भन्नेछौ, "ठिक छ, हामीले शुरू गर्नेछौ। हामीले यो जीवन जिउन सक्छौ या सक्दैनौ हामी हेर्नेछौ।" पहिलो कुरा तपाईलाई थाहा छ, कसैले तपाईलाई निराश बनायो। ठिक छ, पक्कै पनि, त्यो शैतान हो।

421 तपाईले त्यसलाई यस बिहानमा मलाई सभाबाट टाढा राख्न कोशिष गरेको देख्नुपर्छ। तपाईमा यो एकपटक हुनुपर्छ। ओ, दया! मैले एउटा सभाको उल्लेख गर्दा हरेक पटक लड्नुपर्छ। र यदि म बिरामीहरुको लागि प्रार्थना गर्न जाँदैछु भने, र कोहि मर्दै गरेको र नबचाईएको, त्यहाँ दस मिनेटमा तिसवटा कलहरु आउनेछ, यदि तिनीहरु त्यति छिटो हुनसक्छन्, यसबाट टाढा राख्नको लागि। "ओ, भाई ब्रन्हाम, तपाईले *यो* गर्नुपर्छ।" तर त्यहाँ दाऊमा एउटा प्राण छ। पक्कै पनि। हो।

422 अर्को रात, मलाई एउटा ठाउँमा बोलाईयो। एउटा जवान मानिस, मैले उहाँसंग यहाँ तल कुरा गरे जसलाई–तपाईले–के–भन्नुहुन्छ, सुपरमार्केट,

केहि वर्ष अगाडि। ऊ एउटा जडिया बन्यो। मैले केटालाई चिनेको थिए, एउटा राम्रो केटा, तर ऊ एउटा पापी थियो। र त्यसैले उसको आमाले बोलाउनुभयो। मलाई लाग्छ उनले डाक्टरलाई केहि पटक बोलाईन्। मलाई...बोलाईयो, र तिनीहरुले बिल्लीलाई बोलाए, र—र अन्ततः मैले सन्देश पाए। र जब मैले सन्देश पाए, भलाईको लागि इमानदार, मेरो जीवनमा त्यति धेरै लडाई कहिल्यै पनि भएन, त्यो केटाकोमा पुग्नको लागि।

423 र जब त्यहाँ पुगे, गरिब साथीले मलाई चिनेको थियो। त्यहाँ ऊ, त्यहाँ पल्टिरहेको थियो, अचेत, र त्यस्तै अवस्थामा थियो। उसको पिताले उसलाई थपथपाउन खोज्दै थियो, यो भन्दै, "प्रिय।" र त्यो मानिस पचास वर्ष, करिब एकाउन्न वर्षको छ। र भन्दै, "प्रिय," *यो*, र "स्थिर बस।" र ऊ माथि उठ्न खोज्दै थियो। उसको सानो पुरानो हातहरु लगभग *त्यति* ठूलो वरिपरी थियो। केटामा यतिसम्म धेरै क्यान्सर थियो कि ऊ ठोस क्यान्सर बाहेक अरु केहि थिएन। उसको शरीरको सबै अंगमा क्यान्सर थियो। उसको रगत प्रवाह पनि क्यान्सर थियो, सबैकुरा। र त्यहाँ ऊ थियो, उठ्ने कोशिषमा, र त्यस्तै स्थितिमा थियो।

424 मैले उसको हात समातेर भने, मैले भने, "वूड्रो, वूड्रो, म भाई ब्रन्हाम हुँ।"

425 उसको बुवाले भन्यो, "के तिमीलाई थाहा छैन? यो भाई बिल हुनुहुन्छ। वूड्रो, म भाई बिल हुँ।"

उसले भन्यो, "अँ। ह। अँ–अँ–अँ।" *त्यस्तै।*

426 र उसको बुवाले हेर्नुभयो र भन्नुभयो, "बिल्ली, तिमी अलिकति ढिलो आयौ।"

मैले भने, "कहिल्यै पनि धेरै ढिलो हुँदैन। उहाँ यहाँ हुनुहुन्छ।" मसंग लडाई थियो।

427 र त्यसपछि अरु केटाहरु, केहि अरु केटाहरु, पापीहरु, त्यहाँ उभिरहेको थियो, उसको केहि नातेदारहरु। मैले भने, "तपाई देख्नुहुन्छ, केटाहरु, तयार हुनुहोस्, किनभने तिमीहरु त्यो ठाउँमा आउनेछौ। तिमीहरु ठिक यहाँ तल आउनुपर्नेछ। बुझ्नुभयो? शायद यो—यो क्यान्सरसंग नहोला। तपाई अरु केहिबाट आउनुहोला, बाहिर त्यहाँ राजमार्गमा, मर्ने गरि रक्तस्राव भएर, वा केहि त्यस्तै। तपाई यसमा आउनुपर्छ।" हामीले तिनीहरुसंग कुरा गर्यौं।

428 म आत्माले के गर्नलाई भन्नुहुन्छ भनि हेर्नलाई पर्खिरहेको थिए। पर्खिंदै। पहिलो कुरा तपाईलाई थाहा छ, मैले त्यो सानो हुन्छ महसूस गरे। "ऊ माथि आफ्नो हात राख्।"

429 म चारैतिर हिडे, भने, "तपाईहरु सबैले आफ्नो शिरहरु झुकाउनुहोस्।" तिनीहरु सबैले आफ्नो शिरहरु झुकाए, दुई वा तिनजना युवा साथी त्यहाँ थिए।

430 मेरो हात उसमाथि राखे। मैले भने, "प्रभु परमेश्वर, केटाले यी कुराहरु भेट्नुभन्दा पहिले, उसले के गर्न जाँदैछ भनि उसलाई थाहा गर्न दिनुहोस्। ऊ मर्दैछ। शैतानले उसलाई घायल पारेको छ, र ऊ जाँदैछ। र त्यसले उसलाई मृत्युसम्मै पिएको छ, र यहाँ ऊ यस्तो अवस्थामा छ। म प्रार्थना गर्छु कि तपाई ऊ प्रति दयालु हुनुहोस्।" र जब मैले उसको निम्ति प्रार्थना गरे, अर्को बिहान ऊ उभिरहेको थियो, उसको बुवासंगै बोलिरहेको थियो।

431 बस्टि रोजर्स, जो...तिनीहरुले मलाई यहाँ तल अस्पतालमा बोलाए, धेरै भएको छैन। म त्यस दिन त्यहाँ बाहिर थिए, त्यहाँ तल मिलटाउनमा प्रचार गरिसकेपछि जहाँ सानो जोर्जी कार्टर निको पारिएका थिए। तपाईहरु सबैलाई यो याद छ। र त्यहाँ जब भाई स्मिथ, एक मेथोडिष्ट प्रचारकले, भने, "यदि कोहि कहिल्यै बप्तिष्मा लिनुभएको छ, येशू ख्रीष्टको नाउँमा, मेरो पालबाट निस्कि जानुहोस्," त्यस्तै। माथि त्यहाँ टोटन फोर्डमा, माथि त्यहाँ त्यो सभा राख्दै। र, ओ, तपाईले सोच्न सक्ने सबैकुराले मलाई निन्दा गर्नुभयो। मैले कहिल्यै एउटा शब्द पनि भनिन; लगातार गईरहे। मसंग एउटा आज्ञा थियो। प्रभुले मलाई एउटा दर्शन देखाउनुभयो। त्यहाँ तल एउटा थूमा थियो, जंगलमा कतै अड्किएको थियो। तपाई सबैलाई दर्शन याद छ, तपाईहरु सबैलाई। मलाई लाग्छ तपाईलाई याद छ। के तपाईलाई यो याद छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] निश्चय नै। ठिक छ। र म त्यहाँको जंगलबाट भएर तल जाँदै थिएँ, यसको लागि सिकार गर्नलाई।

432 म टोटन फोर्डमा पुगे। त्यहाँ भाई राईटलाई थाहा छ। हामीहरु माथि गयौ, के गर्ने त्यो थाहा थिएन। मैले एउटा सानो साबुनको बक्सा ल्याएको थिए, एउटा सिक्काको लागि। म त्यहाँ बाहिर जानेवाला थिए, त्यहाँ उभिएर पाईलामा प्रचार गर्न। उहाँले भन्नुभयो कि उहाँ माथि, डाँडाको टुप्पोमा, केहि व्यापार गर्नको लागि जाँदै हुनुहुन्छ। म उहाँसंगै गए। त्यहाँ एउटा ठूलो

पुरानो ब्याप्टिष्ट मण्डली माथि थियो, खाली थियो। प्रभुले मलाई भन्नुभयो, “त्यहाँ रोकि।”

433 मैले भने, “मलाई ठिक यहाँ निस्कन दिनुहोस्, भाई राईट।” म रोकिए। म माथि गए र फर्केर आए।

434 म त्यहाँ गए, र ढोका खोल्न सकिन। मैले भने, “प्रभु, यदि तपाई यसमा हुनुहुन्छ भने, तपाईले मलाई मण्डलीमा जाओस् भन्ने चाहनुहुन्छ भने, मेरो लागि ढोका खोलिदिनुहोस्।” म त्यहाँ तल बसे र सोचिरहेको थिए।

435 कोहि आईरहेको सुने; माथि हिड्यो, र उहाँले भन्नुभयो, “तपाई कस्तो हुनुहुन्छ? म तपाईलाई भन्नेछु,” भन्नुभयो, “तपाई मण्डली भित्र जान चाहनुहुन्छ?”

मैले भने, “हो, श्रीमान।”

उहाँले भन्नुभयो, “मसंग यहाँ चाबी छ।”

436 एउटा सभा शुरू गर्यो। पहिलो हप्ता, केहि थिएन। पहिलो रात, मसंग एउटा मण्डली थियो, भाई राईट र उहाँको परिवार। पहिलो कुरा तपाईलाई थाहा छ, हप्ताको अन्त्य तिर, तिनीहरुले तिनीहरुलाई त्यहाँ आँगनमा उभाउन समेत सकेनन्, गाह्रोसंग गर्दै थिए। अझै पनि त्यो थूमा माथि आएको थिएन। भाई हल त्यो दौरानमा बचाईनुभयो, अहिले त्यहाँको पाष्टर, तिनीहरु सबै। मैले यो थूमा कहाँ छ भनेर भेट्टाउनै सकिन। केहि समय पछि, ख्रीष्टको मण्डलीबाट, डाँडाको तलबाट, त्यो सानी केटि नौ वर्ष आठ महिनाको सरेको थिएन, त्यहाँ पल्टिरहेको थियो। त्यहाँ उनी थिईन्। तपाई सबैलाई कथा थाहा छ। हो, श्रीमान।

437 र त्यस दिउँसोमा जब बस्टि रोजर्स, महान ठूलो हस्की दिग्गज त्यहाँ उभिरहनुभएको थियो...म त्यहाँ बाहिर हिडेर गए। र त्यहाँ भाई स्मिथको मण्डली म माथि हास्न, मेरो ठट्टा गर्न, येशू ख्रीष्टको नाउँमा बप्तिष्मा गर्न उभिरहेका थिए। म टोटन फोर्डको हिलाम्मे पानीमा गए, जहाँ तिनीहरुसंग एउटा थियो...[टेपमा रिक्त स्थान—सम्पा।]...त्यहाँको खाडीमा, र जति सक्दो कडा गर्जदै। केहि डिकनहरु मसंगै आउनुभयो।

438 मैले भने, “म यहाँ यस दिउँसो परमेश्वरको पवित्र धर्मशास्त्रको प्रतिनिधित्वको रूपमा खडा हुँदछु।” मैले भने, “म यहाँ बाईबलमा पढ्दछु जहाँ पत्रुसले भनेका छन्, ‘पश्चाताप गर, तिमीहरु प्रत्येकले आफ्नो पापको

क्षमाको निम्ति येशू ख्रीष्टको नाममा बप्तिष्मा लेओ।'" म पछाडि फर्किए, डिकनहरु मध्ये एकजनालाई पुस्तक दिए।

439 त्यहाँ बाहिर गए, र मैले भने, "जो कोहिले इच्छा गर्छ, जसले पापको पश्चाताप गर्छ, त्यो आओस्।" त्यहाँ बाहिर पानीमा हिडे। मैले भने, "मलाई लाग्छ कि स्वर्गदूतहरु अब हरेक अंगमा हेर्दै, बसिरहेका छन्।" ओ, प्रभु! मैले दुई वा तिनजनालाई बप्तिष्मा दिएको समयमा, उहाँको पुरै मण्डली, ती महिलाहरु जो राम्रा रेशमी लुगा पहिरिएका थिए, त्यस पानीमा आएर, तिनीहरुको ठूलो आवाजले चिच्याउदै। मैले उहाँको पूरै मण्डलीलाई येशू ख्रीष्टको नाममा बप्तिष्मा दिए। तपाईलाई यो थाहा छ। मसंग यसको तस्बिर छ। त्यहाँ यो थियो।

440 यो के थियो? तपाईको सद्गुणमा थपेको। बुभ्नुभयो? यसलाई एक्कै छोडिदिनुहोस्। यो कसरी गर्ने परमेश्वरलाई थाहा छ। यी कुराहरु कसरी पूरा गर्ने त्यो परमेश्वरलाई थाहा छ। तिनीहरुले जे चाहन्छन् भन्न दिनुहोस्। त्यसले केहि फरक पार्दैन। केवल निरन्तर अघि बढ्नुहोस्।

441 बस्टि रोजर्स त्यहाँ उभिदै हुनुहुन्थ्यो, जब उहाँले त्यो देख्नुभयो, उहाँले भन्नुभयो, "त्यसो भए म यो मेरो सम्पूर्ण हृदयले विश्वास गर्छु।" र पानीमा उहाँ आउनुभयो, उहाँको राम्रो पोशाक नै लगाएर, र येशू ख्रीष्टको नाममा बप्तिष्मा लिनुभयो।

442 लगभग तिन वा चार वर्ष पहिले, तिनीहरुले मलाई यहाँ तल न्यू अल्बानीमा बोलाए। त्यहाँ ऊ थियो, मर्दै गरेको, क्यान्सरले, केवल उसलाई खाँदै थियो। चिकित्सकले उसलाई भोली बिहानको समयसम्म मात्रै दिएको थियो, जिउने। भन्यो, "ऊ अब मर्दैछ।" भन्यो, "चाडो आउनुहोस्।"

443 म तल कोठामा पुगे, जब म पुगे, त्यहाँ उभिएर प्रार्थना गर्नको लागि। उसले भन्यो, "बिल्ली, त्यो कुनाको वरिपरी एउटा इन्द्रेणी घुमिरहेको छ।"

444 र म फर्किए, हेर्नको लागि। मैले भने, "बस्टि, यो एउटा करार हो। तपाई मर्न जाँदै हुनुहुन्न। रगतको करारले तपाईलाई बचाउदछ।"

445 मैले मेरो हात उसमाथि राखे, भने, "प्रभु परमेश्वर, कसरी तपाईको त्यो पारीको दर्शनले तपाई यहाँ हुनुहुन्छ भनि प्रमाणित गर्दछ। तपाईको करार त्यो हो, यो, 'उहाँको कोर्राले हामी निको भयौ।'" उस माथि हात राखे, र त्यहाँ ऊ निको भयो। उसलाई घर पठायो।

446 र लगभग चार या पाँच वर्ष, लगभग चार वर्ष, खोलाको माथि–र–तल माछा मार्दै र सबै गर्दै, त्यस्तै चलिरहेको छ। र जहाँ क्यान्सर पेटको अन्ननलीको वरिपरी भएको थियो, यसलाई समातेको थियो, त्यहाँ एउटा ठूलो कडा गाँठो छ। चिकित्सकहरु, अस्पतालको दिग्गजहरुले, उसलाई भनेको थियो कि तिनीहरुसंग एउटा कोबाल्ट उपचार छ जसले त्यो तन्काउन सक्छ, जसले अझै धेरै खाना त्यहाँ तल जान दिन्छ। उसलाई धेरै खान एकदम गाह्रो हुन्थ्यो, उसले यति सुस्तरी खानुपर्थ्यो। ऊ त्यो गर्नको लागि त्यहाँ गयो। मलाई थाहा छैन ऊ त्यहाँ थियो या थिएन।

447 त्यसपछि जब तिनीहरुले उसलाई शल्यक्रिया गरे, यसले उसलाई आघातमा फ्याँकेको छ, र उसलाई एउटा स्ट्रोक भयो। उसको एक तर्फी तल त्यसरी कुजो बनायो। र उसले गर्न सक्ने एउटा मात्रै कुरा आधा–बाटो रुने थियो। र उसले एउटा कलम पायो, *त्यसरी,* र जान्छ, "उ, उ, उ।" र उसले लेख्ने कोशिष गर्यो, *त्यसरी* काँप्दै, उसको राम्रो हातले। उसको देब्रे पट्टि, स्ट्रोक भएको थियो। र उसले लेख्यो, उसको हात: "येशूले बचाउनुभयो, १९०० र केहि कुरा।" तिनीहरुले यो बुझेनन्।

448 त्यसैले अब जब उसको श्रीमतीले भन्यो, "भाई ब्रन्हाम, मलाई थाहा छैन त्यो बाट उसको अर्थ के हो।"

449 मैले भने, "श्रीमती. रोजर्स, उसको अर्थ के हो, यो १९०० र केहि, कि उसले मुक्ति पाएको थियो र तल त्यहाँ येशूको नाममा बप्तिष्मा लिएको थियो। अहिले त्यसैले तिर्दै छ। ऊ मर्नबाट डराउदैनन्।"

450 मैले भने, "प्रभु परमेश्वर, उसको जीवनलाई बचाउनुहोस्। मैले यो प्रार्थना गर्छु, येशूको नाउँमा, कि तपाईले उसको जीवन बचाउनुहुनेछ।" ऊ माथि हात राखे। स्ट्रोकले उसलाई छोड्यो। आघात बन्द भयो। र ऊ ओछ्यानबाट उठ्यो। र ऊ अहिले उठिरहेको छ, गवाहि दिँदै।

451 तपाईको विश्वासमा थप्नुहोस्, सद्गुण; तपाईको सद्गुणमा, ज्ञान थप्नुहोस्; तपाईको ज्ञानमा, संयम थप्नुहोस्; तपाईको संयममा, धैर्यता; तपाईको धैर्यतामा, ईश्वरभक्ति; तपाईको ईश्वरभक्तिमा, भातृ प्रेम; तपाईको भातृ प्रेममा, पवित्र आत्मा, र ख्रीष्ट आउनुहुनेछ। किनकि, ठिक उहाँको तल...पवित्र आत्मा मण्डलीमा येशू ख्रीष्टको आत्मा हो, ती सद्गुणहरु प्रकट गर्नको निम्ति। ओ, प्रभु!

यहाँ यो छ, पौने एक।

म प्रेम गर्छु...म उहाँलाई प्रेम गर्छु
किनभने उहाँले पहिले मलाई प्रेम गर्नुभयो

*यहाँ* धेरै पहिले, तपाई केहि हुनुभन्दा अगाडि।

र किन्नुभयो...(उहाँले के गर्नुभयो?)...मेरो मुक्ति
कलवरीको रुखमा।

म *यो* कसरी भए? किनभने उहाँले मलाई पहिले, प्रेम गर्नुभयो।

म उहाँलाई प्रेम गर्छु, म उहाँलाई प्रेम गर्छु
किनभने उहाँले मलाई पहिले प्रेम गर्नुभयो (त्यहाँ कारण छ।)
र मेरो मुक्ति किन्नुभयो
कलवरीको रुखमा।

452 यस बिहान, म उहाँलाई, वाचा गर्छु, मेरो सम्पूर्ण हृदयले, कि, उहाँको सहायता र उहाँको अनुग्रहले, म प्रार्थना गर्छु कि म दिनहु खोज्छु, निरन्तर, जबसम्म म मेरो यो सानो पुरानो कदमा यी प्रत्येक आवश्यकताहरुलाई बगिरहेको महसूस गर्दिन, जबसम्म म जीवित ख्रीष्टको प्रकटीकरण हुन सक्दिन। किनकि, उहाँ म जस्तै पापी बन्नुभयो, ताकी म बन्न सकूँ...परमेश्वरको धार्मिकता आउदछ, उहाँ जस्तै गरी। “उहाँले मेरो ठाउँ लिनुभयो; प्रभु, उहाँको मलाई लिन दिनुहोस्।” किनभने, त्यहि उदेश्यको लागि उहाँ मर्नुभयो। कति जनाले त्यो उही कुरा वाचा गर्नुहुन्छ, परमेश्वरको अनुग्रहद्वारा? [मण्डलीले भन्छ, “आमेन।”—सम्पा।] हाम्रो शिरहरु अहिले झुकाएर, र हाम्रा हातहरु उचालेर।

म...

453 म यो प्रतिज्ञा गर्छु, प्रभु, यो मण्डलीले यो प्रतिज्ञा गर्छ, “येशू ख्रीष्टको पूर्ण कद!”

किनभने उहाँले मलाई पहिले प्रेम गर्नुभयो
र मेरो मुक्ति किन्नुभयो
कलवरीको रुखमा।

62-1014M एक सिद्ध मानिसको कद
ब्रन्हाम टेबरनेकल
जेफेर्सनविल, इन्डियाना यु.एस.ए

NEPALI

©2024 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org